परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**म हुँ औला नकाटिएको एकलव्य'** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन राखिएको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसको नेपाली विषको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

निबन्धकार तथा समालोचक राजेन्द्र सुवेदी (वि. सं. २००२) नेपाली साहित्यका एक विशिष्ट प्रतिभा हुन् । बनारसबाट प्रकाशित हुने **समर्पण** (वि. सं. २०२६) पत्रिकामा **युवकको उद्देश्य** निबन्ध प्रकाशित गरेर साहित्य लेखनमा औपचारिक रूपमा प्रवेश गरेका सुवेदीका (मधुपर्क २०६६, पुस,पृ. २२ ) पाँचवटा निबन्ध सङ्ग्रह र झण्डै एक दर्जन जति समालोचना विधाका कृतिहरू प्रकाशित छन् । प्रकाशित निबन्ध सङ्ग्रहहरूले उनलाई विशिष्ट निबन्धकारका रूपमा उभ्याएको छ ।

सुवेदीका निबन्धहरूमा समाज, राजनीति, धर्म, संस्कृति, परम्परा, सामाजिक विकृति, विसङ्गति, गुरू र शैक्षिक परम्परा, सूचना प्रविधि र त्यसले मानव जीवनमा पारेको प्रभाव आदिका बारेमा सजीव चित्रण गरेको पाइन्छ । सुवेदीका निबन्धहरूको छिटफुट रूपमा चर्चा-परिचर्चा विभिन्न पत्र-पत्रिकाहरूमा भए पनि **म हुँ औंला नकाटिएको एकलव्य** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन हुन सकेको छैन । प्रस्तुत सङ्ग्रह भित्रका निबन्धहरू विषयवस्तु, भाषा-शैली, विचार, उद्देश्य लगायत विविध नौला तत्त्वहरूको संयोजनले विशिष्ट बन्न पुगेका छन् । प्रस्तुत शोधपत्र यही कृतिको विविध कोणबाट गहन अध्ययन र विश्लेषण गर्न केन्द्रित छ ।

## १.४ समस्याकथन

निबन्ध सर्जक तथा समालोचक राजेन्द्र सुवेदीले विविध सिर्जना र समालोचनाद्वारा नेपाली साहित्यको विकासमा ठूलो टेवा पुऱ्याएका छन् । उनका कृतिहरूका बारेमा अध्ययन हुँदैनभएको होइन तर म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहका बारेमा अध्ययन भएको देखिदैन । प्रस्तुत निबन्ध सङ्ग्रहका बारेमा गहन अध्ययन तथा विश्लेषण हुनु आवश्यक छ । त्यसैले प्रस्तुत शोधपत्र निम्न शोधसमस्याहरूमा केन्द्रित छ :

(क) निबन्धकार राजेन्द्र सुवेदीको साहित्यिक रचना धर्मिता के-कस्तो रहेको छ ?

(ख) 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रका आधारमा राजेन्द्र सुवेदीका नैबन्धिक प्रवृत्तिहरू के-के हुन् ?

(ग) नैबन्धिक तत्त्वका आधारमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

(घ) नेपाली निबन्धका क्षेत्रमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध निबन्ध सङ्ग्रहको स्थान निर्धारण कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य राजेन्द्र सुवेदीको म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गर्नु हो । यही मूल उद्देश्यसँग निम्न उद्देश्यहरू प्राप्त गर्न प्रस्तुत शोधपत्र केन्द्रित छ :-

(क) निबन्धकार राजेन्द्र सुवेदीको साहित्यिक रचना धर्मिताको निरूपण गर्नु,

(ख) 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहका आधारमा राजेन्द्र सुवेदीका नैबन्धिक प्रवृत्तिहरूको निरुपण गर्नु ,

(ग) नैबन्धिक तत्त्वका आधारमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहलाई विश्लेषण र मूल्याङ्कन गर्नु ,

(घ) नेपाली निबन्धका क्षेत्रमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहको स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

राजेन्द्र सुवेदीको म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहका बारेमा हालसम्म कुनै अध्ययन, विश्लेषण र चर्चा-परिचर्चा भएको देखिंदैन । उनको यस निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन वा विविध पत्रपत्रिकाहरूमा समीक्षा वा टिप्पणी नभए पनि यसभन्दा अघिका निबन्ध सङ्ग्रहहरूका बारेमा चर्चा-परिचर्चा भएको पाइन्छ तिनै पुस्तक तथा पत्र-पत्रिकामा प्रकाशित सुवेदीका बारेमा उल्लेख गरिएका टिप्पणी मूलक सूचनाहरूलाई यहा पूर्वकार्यका रूपमा उल्लेख गरिएको छ :

पाठ्यसामग्री पसल घण्टाघरले प्रस्तुत निबन्ध सङ्ग्रहको **प्रकाशकीय** लेखनमा 'राजेन्द्र सुवेदीको लेखनमा शङ्करपछिको प्रयोग चेत र भैरवपछिको व्याङ्ग्यचेत यथार्थवादी ढङ्गले प्रस्तुत भएको छ । यात्रा निबन्ध र वैचारिक निबन्ध दुवैलाई आत्मसात् गर्दै यस विधामा लागेका सुवेदीका हरेक निबन्धहरूले समकालीन राजनीतिक विद्रुपता र सांस्कृतिक स्खलनयुक्त पात्र र परिवेशप्रति विद्रोह बोलेका छन् । आफ्ना दाजु पुस्ताहरूको पद चिन्ह पहिल्याएर मात्र

होइन त्यो पदलाई अरू फराकिलो र विचारले सुसज्जित पार्ने काम गर्नुका साथै सुवेदीले निबन्धमा एउटा फरक शैलीगत प्रस्तुतिको उठान गरेका छन्'(सुवेदी,२०६५:प्रकाशकीय) भनी टिप्पणी गरेका छन् ।

लक्ष्मण प्रसाद गौतमले **ज्योति** पत्रिकाको **विधामिश्रण र स्मृतिबिम्बको नैबन्धिक कृति : गुडवाइ ! छोडिजानेहरूलाई !** शीर्षकको लेखमा 'आत्म प्रकटीकरण यिनका निबन्धमा पाइने प्रमुख विशेषता हो भने सस्मरणात्मक अनुभूतिको अभिव्यक्ति पनि उनका निबन्धमा देखिने थप वैशिष्ट्य हुन् । उनका निबन्धहरू आत्मागततताको गहिराइतिर अभिमुख हुँदै विचार, चिन्तन र चेतनाको समन्वयबाट अगाडि बढेको देखिन्छ । नजानिदो हास्य मिश्रित सूक्ष्म व्यङ्ग्य र कतिपय निबन्धमा प्रगतिवादी चेतना पनि उनका निबन्धमा पाइने प्रवृत्ति हुन्' (गौतम,२०६६:८७)भनी उल्लेख गरेका छन् ।

प्रमोद प्रधानले **नेपाली निबन्धको इतिहास** नामक पुस्तकमा तेस्रो चरणका प्रमुख निबन्धकार अन्तर्गत विभिन्न निबन्धकारहरूको चर्चा गर्ने क्रममा सुवेदीका बारेमा पनि चर्चा गरेका छन् । उनले 'सुवेदीका निबन्ध आत्मपरक शैलीमा लेखिएपनि तिनको प्रस्तुति शैली भने विवरणात्मक र व्याख्यात्मक रहेको छ । निबन्धलाई बौद्धिकताको भारी बोकाउनुभन्दा आफूले देखेका, भोगेका र सुनेका घटनाक्रहरूलाई सरल र सहजतापूर्वक विचार सहित प्रतुत गर्नु उनको वैशिष्ठच देखिन्छ । उनी प्रगतिवादी चेतनाबाट आप्लावित व्यक्ति भएकाले उनका निबन्धमा त्यसको छाप देखिनु स्वभाविकै हो । विषयगत विविधता, विचारमा स्पष्टता र दृढता एवम् प्रस्तुतिका हिसावले सरलता उनका निबन्धमा पाइन्छन् । समसामयिक विकृतिप्रति चोटिलो व्यङ्ग्य गर्ने क्रममा व्यङ्ग्यात्मक भाषाको प्रयोग गर्न सिपालु निबन्धकार सुवेदीलाई गम्भीर निबन्धकार मान्न सकिन्छ'(प्रधान,२०६६:८७) भनेर चिनाएका छन् ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने प्रस्तुत निबन्ध सङ्ग्रहका बारेमा हालसम्म गहन अध्ययन र विश्लेषण हुन सकेको देखिदैन । त्यसैले प्रस्तुत निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन हुनु जरूरी छ । यही नै यसको औचित्य पनि हो । म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गर्दा शोधको उद्देश्य अनुरूप विविध कोणबाट सो कृतिमा सङ्ग्रहीत निबन्धहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ । त्यसैले प्रस्तुत निबन्ध सङ्ग्रह भित्र सङ्ग्रहीत निबन्धहरूका बारेमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरू यसबाट लाभान्वित हुनेछन् । विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएकाले प्रस्तुत शोधपत्र भावि शोधकर्ताहरूलाई समेत उपयोगी हुन सक्छ ।

## १.८ अध्ययनको सीमाङ्कन

राजेन्द्र सुवेदी निबन्ध, नियात्रा, उपन्यास, समालोचना आदि विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभा सम्पन्न सर्जक हुन् । यस शोधपत्रमा उनको नैबन्धिक व्यक्तित्व र त्यसमा पनि बिभिन्न सान्दर्भिक कोणबाट म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ । म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रह बाहेक सुवेदीका अन्य कृतिको चर्चा नगरिने भएकाले यी नै यस शोधपत्रका सीमा हुन् ।

## १.९ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्रको सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि प्रयोग गरिएको छ । सम्बन्धित विषयका पुस्तक तथा पत्र-पत्रिकाहरूबाट आवश्क सामाग्री लिइएको छ । यसका साथै कृतिपरक विश्लेषणका आधारहरूलाई ग्रहण गर्दै शोध निर्देशक र अन्य सम्बन्धित विषयका विज्ञहरूको परामर्श लिदै आगमनात्मक, निगमनात्मक, तुलनात्मक, विश्लेषणात्मक, वर्णनात्मक जस्ता शोधविधि पनि आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुगठित रूप दिनका लागि देहाय अनुसारको परिच्छेद भित्र विविध मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकता अनुसार उपशीर्षक समेत राखेर मूर्त रूप प्रदान गरिएको छ :

परिच्छेद एक :- शोधपरिचय

परिच्छेद दुई :- रचनाधर्मिता

परिच्छेद तिन :- निबन्ध सिद्धान्त र नेपाली निबन्ध परम्परा

परिच्छेद चार :- राजेन्द्र सुवेदीको निबन्धकारिता र म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन

परिच्छेद पाँच :- उपसंहार

परिच्छेद - दुई

# निबन्धकार राजेन्द्र सुवेदीको रचनाधर्मिता

## २.१ जन्म र जन्मस्थान

साहित्यसाधक राजेन्द्र सुवेदीको जन्म मिति उनका प्रकाशित कृति र शैक्षिक प्रमाण - पत्रमा वि.सं. २००२ साल उल्लेख भए पनि उनको जन्म पञ्जिका अनुसारको सही जन्म मिति भने वि. सं. २००० श्रावण १९ गते भएको हो (सुवेदी २०५५:५) । नेपाली साहित्यमा राजेन्द्र सुवेदी नामले परिचित उनको न्वारानको नाम रामप्रसाद सुवेदी हो । राजेन्द्र सुवेदीको जन्म मेची अञ्चलको पाँचथर जिल्ला अमरपुर गाविस वार्ड नं. ६ को चापाबोटे भन्ने ठाउँमा भएको हो (पूर्ववत्) । पिता पद्मप्रसाद सुवेदी र माता राधिका देवी सुवेदीका प्रथम सन्तानका रूपमा उनको जन्म भएको हो । राजेन्द्र सुवेदीको पुर्ख्यौली थलो धनकुटा हो । उनका हजुरबुबा धनकुटाबाट पाँचथर बसाइँ सरेका हुन् । सुवेदीका हजुरबुबा अनन्त नारायण र बुबा पद्मप्रसादले पाँचथरमै जीवन व्यतीत गरे पनि राजेन्द्र सुवेदी भने काठमाडौं कोटेश्वरमा बसोबास गरिरहेका छन्(पूर्ववत्) ।

## २.२. शिक्षा-दीक्षा

निबन्ध सर्जक राजेन्द्र सुवेदीले शिक्षा दीक्षाका क्रममा प्रारम्भिक शिक्षा गाउँकै पशुपति प्राइमरी स्कुलबाट, निम्न माध्यमिक तहको शिक्षा पाँचथरकै अमरपुर जुनियर हाइस्कुलबाट र माध्यमिक तहको शिक्षा कालिङ्पोङको कुमुदिनी होम्सबाट आर्जन गरेका हुन् (पूर्ववत्) । सुवेदीले उच्च शिक्षा आर्जन गर्ने क्रममा पश्चिम बङ्गालबाट मध्यमा वनारसबाट शास्त्री र त्रिभुवन विश्व विद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । उनले त्रिभुवन विश्व विद्यालयमै 'भैरव अर्यालको व्यङ्ग्यकारिता' शीर्षकमा विद्यावारिधि तहको समेत अध्ययन गरे पनि उपाधि प्राप्त गर्न सकेनन् (सुवेदी, २०५५:६,७) ।

## २.३. साहित्य लेखन प्रारम्भ र प्रेरणा

बाल्यावस्थादेखि नै साहित्यिक गतिविधिमा चाख राख्ने सुवेदीका पिता पद्मप्रसाद धार्मिक र सामाजिक किसिमका कविताहरू लेख्ने गर्थे । त्यसैले राजेन्द्रमा धार्मिक र साहित्यिक पिताको प्रभाव बाल्यकालदेखि नै पर्दै गयो । उनी पञ्चमी स्कुलका गुरू माधव प्रसाद

भण्डारीसँग 'लघु' र 'सिद्धान्त कौमुदी', 'रघुवंश', 'किरातार्जुनीय', 'हितोपदेश', 'अमरकोश' प्रवृत्तिका आदि संस्कृत साहित्यबाट पनि प्रभावित भएका छन् । उनले हिन्दीका द्विवेन्द्रनाथ निर्गुणका कथा र कविताबाट र नेपाली साहित्यका मूर्धन्य सर्जक युद्धप्रसाद मिश्रको प्रेरणाबाट साहित्य सिर्जना गर्न थालेका हुन् (सुवेदी,२०५५:१०,११)

राजेन्द्र सुवेदीको साहित्यमा प्रवेश वि. सं. २०२५ सालमा बनारसबाट प्रकाशित 'मञ्जरी'(वर्ष १, अङ्क १) मा 'शरीर के हो र' शीर्षकको कविता प्रकाशित गरेर भएको हो । उनको पहिलो निबन्ध 'युवक' पत्रिकामा 'युवकको उद्देश्य' शीर्षकमा प्रकाशित भएको थियो । अहिले यो निबन्ध उपलब्ध छैन ।

## २.४. प्रकाशित कृतिहरू

राजेन्द्र सुवेदीले साहित्यका महाकाव्य, कथा र नाटक बाहेक अरु सबै विधामा कलम चलाएका छन् । उनको कलम मूल रूपमा निबन्ध र समालोचना विधामा उर्वर छ । फुटकर रचनाका अतिरिक्त उनका प्रकाशित पुस्तकाकार कृतिको सूची प्रकाशन वर्षका आधारमा तल उल्लेख गरिएको छ :

१. सुद्युम्न (२०३०) उपन्यास

२. स्वप्नसंसार (२०३३) उपन्यास

३. विषय गहन सतह चिन्तन (२०३८) समालोचना

४. स्रष्टा-सृष्टि द्रष्टा-दृष्टि (२०४३) समालोचना

५. समवर्ती साहित्यकारहरू र झपटबहादुर राणा (२०४८) समालोचना

६. केही समीक्षण केही विश्लेषण (२०४९) समालोचना

७. खाली शिशी पुराना कागज (२०४६) निबन्ध सङ्ग्रह

८. सृजन विधाका परिधिमा पारिजात (२०५३) समालोचना

९. नेपाली उपन्यास परम्परा र प्रवृत्ति (२०५३) समालोचना

१०. सृजन विधाका परिधि भित्र ध्रुवचन्द्र गौतम (२०५३) समालोचना

११. मेरो यात्रा : मेरो परिवेश भित्र (२०५४) निबन्ध सङ्ग्रह

१२. अब मेरो क्यासेट बन्द हुन्छ (२०५७) निबन्ध सङ्ग्रह

१३. सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण (२०५०) समालोचना

१४. नेपाली समालोचना : परम्परा र प्रवृत्ति (२०६१) समालोचना

१५. गुडबाइ ! छोडिजानेहरूलाई ! (२०६५) निबन्ध सङ्ग्रह

१६. म हुँ औंला नकाटिएको एकलव्य (२०६५) निबन्ध सङ्ग्रह

१७. काव्य निबन्ध केन्द्रका देवकोटा (२०६६) समालोचना

## २.५. कृतिलेखनका विविध आयाम वा पक्ष

राजेन्द्र सुवेदीको साहित्यिक सिर्जनाको थालनी 'शरीर के हो र'(मञ्जरी, वर्ष १, अङ्क १,बनारस) शीर्षक कविताबाट भएको हो । उनले निबन्धका अतिरिक्त साहित्यका विविध विधाहरूमा कलम चलाएका छन् । तिनीहरूलाई छोटकरीमा निम्न अनुसार चिनाउन सकिन्छ :

### २.५.१. कवि व्यक्तित्व

राजेन्द्र सुवेदीको साहित्यिक यात्राको औपचारिक थालनी कविता विधाबाट भएको हो । राजेन्द्र सुवेदीले कविता क्षेत्रमा त्यति ठूलो ख्याति नकमाए पनि यस विधामा पनि उनको स्पर्श रहेको छ । उनको वि. सं. २०२५ मा बनारसबाट प्रकाशित 'मञ्जरी ' पत्रिकामा 'शरीर के हो र शीर्षकको पहिलो औपचारिक कविता हो (सुवेदी, २०५५:१६) । सुवेदी साहित्यको पाद्यिक विधा भन्दा गाद्यिक विधामा बढी रमाएकाले उनको कविताको छुट्टै पुस्तकाकार कृति छैन । यदाकदा फाटफुट रूपमा उनका कविताहरू प्रकाशित भएको देखिन्छ । उनका कविताहरू 'शरीर के हो र' (मञ्जरी, २०२६), 'मेरो राजधानी' (ज्ञानयुग, २०३१), 'मेरो गाउँ '(ज्ञानयुग, २०३१), 'श्री ५ को स्वागत प्राकृत पोखरामा' (ज्ञानयुग, २०३१), 'नेपाल आमा प्रवासी युवकप्रति' (ज्ञानयुग, २०३१), 'हामी र हाम्रो देश' (ज्ञानयुग, २०३१), 'रात बिताएको सडक' (प्रस्तुति, २०३९), 'अन्तिम प्रहार गर्न बाँकी छ'(आन्दोलन कविता सङ्ग्रह, २०४७ मा सङग्रहीत) 'अपसकुन' (कविता क्यालेण्डर,२०५४), 'प्रतिबद्धता'(नेपाली गद्य प्रवाह, २०५४ मा सङग्रहीत) प्रकाशित छन् (सुवेदी,२०५५:८०,८१) ।

उनको पहिलो कविता 'शरीर के हो र' ले मानव शरीर केही पनि होइन र यो एक दिन माटो भएर विलाउँछ भन्दै आफ्नो शरीर पनि ईश्वरको कृपामा अडेको भाव व्यक्त गरेको छ (सुवेदी, २०५५:१६) । उनको दोस्रो कविता 'युवकको उद्देश्य' भने रागात्मक किसिमको छ । त्यसपछि उनका कविताहरूले सामाजिक विकृति र विसङ्गति प्रति विद्रोह गरेको देखिन्छ । सुवेदीको 'अन्तिम प्रहार गर्न बाँकी छ' कविताले प्रजातन्त्रको पुनः प्राप्तिले मात्र नेपाली जनताको मुक्ति नहुने र त्यसका लागि अर्को प्रहार गर्नु पर्ने सङ्केत गरेको छ । 'अपसकुन'ले जनताका प्रतिनिधिहरू भ्रष्टाचार र घुसखोरीमा तल्लिन भएको कुरा प्रति व्यङ्ग्य प्रहार गरेको छ (पूर्ववत्) । यसरी सुवेदीको कवि व्यक्तित्व अन्य विधाका तुलनामा फाटफुट फुटकर रचनामै सीमित छ ।

### २.५.२ निबन्धकार व्यक्तित्व

राजेन्द्र सुवेदी तुलनात्मक रुपमा कविता विधामा भन्दा परिमाणात्मक र गुणत्मक दुवै दृष्टिले निबन्ध विधामा जमेका छन् । उनले वि. सं. २०२६ मा बनारसबाट प्रकाशित हुने 'मञ्जरी' पत्रिकामा 'युवकको उद्देश्य' शीर्षकको निबन्ध प्रकाशित गरी निबन्ध विधामा प्रवेश

गरेका हुन् (प्रधान,२०६६:१२४) । सुवेदीका त्यसपछि थुप्रै निबन्धहरू फुटकर रूपमा 'अनुभूति', 'रुपरेखा', 'गोरखापत्र', 'मधुपर्क', 'साङ्ग्रिला', 'इन्दु', 'मकवानपुरे कोसेली', 'गरिमा' आदि पत्र-पत्रिकाहरूमा प्रकाशित छन्  भने 'खालिसिसी पुराना कागज' (२०४६), 'मेरो यात्रा : मेरो परिवेश भित्र'(२०५४), 'अब मेरो क्यासेट बन्द हुन्छ' (२०५७), 'गुडबाइ ! छोडिजानेहरूलाई !' (२०६५), 'म हुँ औंला नकाटिएको एकलव्य' (२०६५) निबन्ध सङ्ग्रहरू प्रकाशित  छन् ।

सुवेदीका यी निबन्ध रचना कृतिहरू आत्मपरक, वर्णनात्मक र हस्यव्यङ्ग्यात्मक पाराका छन् (सुवेदी, २०५५:१७) । सुवेदीको निबन्धात्मक व्यक्तित्वलाई चिनाउने उनका पुस्तकाकार निबन्ध कृतिका अतिरिक्त फुटकर रचनाहरूले पनि महत्त्व राखेकाछन् । उनका यी निबन्ध रचनाका विविध आकार प्रकारबाट रोचक र मोहक भावमा सम्पेषणीय ढङ्गले मानवीय उचता-निचता र कमजोरीहरूलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्ति दिन सक्षम गद्यकार तथा निबन्धकारका व्यक्तित्वको रूपमा उनी देखा परेका छन् । सुवेदी अत्यन्तै छोटा देखि मध्यम आकार सम्मका निबन्धात्मक लेख र संस्मरणहरू किसिम किसिमका रचनाको सृजना गर्ने सृजनशील व्यक्तित्व हुन् । उनको 'गुडवाइ ! छोडिजानेहरूलाई !'(२०६५) उत्कृष्ट संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह हो । यसमा उनले परलोक भइसकेका साहित्यिक स्रष्टाहरू बारे संस्मरणात्मक निबन्धहरूको सङ्ग्रह हो । यसमा उनले परलोक भइसकेका साहित्यिक स्रष्टाहरूबारे संस्मरणात्मक शैलीमा उल्लेख गरेका छन् । उनका निबन्धमा एकातिर यथार्थताको सीमा भित्र सामाजिक पर्यावरणका कलुषित पक्षलाई हास्यव्यङ्ग्यात्मक शैलीबाट उदाङ्ग पार्नेकाम भएको छ भने अर्कातिर राजनैतिक तथा राष्ट्रिय स्तरमा भइरहेका कमीकमजोरी माथि व्यङ्ग्य प्रहार भएको पाइन्छ । उनका निबन्धहरूमा विचारको एकता नभई विचारको विविधता पाइन्छ । उनको निबन्धकार व्यक्तित्वको प्रमुख उपलब्धी पनि यही हो ।

## २.२.३. समालोचक व्यक्तित्व

राजेन्द्र सुवेदीको निबन्धपछिको प्रमुख साधना क्षेत्र समालोचना हो । समालोचनालाई साहित्यको अति गहन विषय मानिन्छ । उनले समालोचना क्षेत्रमा कलम चलाएर नेपाली साहित्यमा थप उर्जा दिने काम गरेका छन् । उनको पहिलो समीक्षात्मक लेख 'कथाकार भिक्षुको धरातल' हो (सुवेदी, २०५५:१७) । त्यसपछि  उनका प्रशस्त समालोचनात्मक लेखहरू फुटकर रूपमा 'गरिमा', 'मधुपर्क', 'प्रज्ञा', 'समकालीन साहित्य', 'साँग्रिला' आदि पत्र- पत्रिकाहरूमा छरिएर रहेका छन् । सुवदीको पहिलो पुस्तकाकार  समालोचनात्मक कृति 'विषय गहन सतह चिन्तन' (२०३८), हो (पूर्ववत्) । सुवेदीका अन्य समालोचनात्मक कृतिहरूमा 'स्रष्टा सृष्टि : द्रष्टा दृष्टि' (२०३४), 'समवर्ती साहित्यकारहरू र झपटबहादुर राणा'(२०४८), 'केही समीक्षण : केही विश्लेषण' (२०४९), 'नेपाली उपन्यास परम्परा र प्रवृत्ति' (२०५३), 'सृजन

विधाका परिधिमा पारिजात' (२०५३) ,'सृजन विधाका परिधि भित्र ध्रुवचन्द्र गौतम' (२०५३), 'सिर्जनात्मक लेखन : सिद्धन्त र विश्लेषण' (२०५७) , 'नेपाली समालोचना : परम्परा र प्रवृत्ति' (२०६१) हुन् । सुवेदीको 'विषय गहन : सतह चिन्तन'(२०५०) नामक कृति 'विषय गहन : सतह चिन्तन'(२०३८) कै दोस्रो संस्करण भए पनि त्यसका १-२ पाठ बाहेक अरु सबै पाठ परिवर्तन भएका छन् (पूर्ववत्, पृ १८) ।

राजेन्द्र सुवेदीका समालोचनात्मक कृतिहरूमा प्रगतिशील चिन्तनको ऐतिहासिक धरातलीय पृष्ठभूमिमा उभिएर कृतिको वस्तुगत विश्लेषण र यथार्थ मूल्याङ्कन भएको छ (पूर्ववत्) । उनका समालोचनाहरूले यथार्थता, निर्णायात्मकता र विवेचनात्मक सूचनालाई प्रमुखता दिएका छन् । यिनै कुराले सुवेदीको समालोचनात्मक व्यक्तित्व स्थापित भएको छ । यसरी हेर्दा उनको समालोचक व्यक्तित्व अन्य विधामा भन्दा तिक्खर र उर्वर भएको देखिन्छ । यो उनका अन्य विधाभन्दा समालोचना विधाका कृतिहरू तुलनात्मक रूपमा संख्यात्मक दृष्टिले बढी प्रकाशित हुनु र गुणात्मक दृष्टिले तिनका नयाँ संस्करणहरू प्रकाशित हुनुले पनि पुष्टि गर्दछन् । उनका नयाँ सस्करणमा प्रकाशित हुने कृतिहरू 'स्रष्टा सृष्टि : द्रष्टा दृष्टि' (२०४३, २०४९, २०५८) अगाडि छ । त्यसैको फलस्वरूप उनी राष्ट्रिय स्तरका नेपाली समालोचकका रूपमा दरिन पुगिसकेका छन् ।

### २.५.४. सम्पादक तथा सङ्कलक व्यक्तित्व

राजेन्द्र सुवेदी साहित्य सर्जक मात्र नभएर साहित्य सम्बर्द्धक व्यक्तित्व पनि हुन् । उनले 'दाडिमको रुखनेर'(२०३९) लगायत अन्य महत्त्वपूर्ण कृतिहरू सम्पादन गरिसकेकाले यो कुरा पुष्टि हुन्छ । उनले सुरुसुरुमा पत्र- पत्रिकाको सम्पादन गरिसकेकाले यो कुरा पुष्टि हुन्छ । उनले सुरुसुरुमा पत्रपत्रिकाको सम्पादन गरी पछि गएर पुस्तकाकार कृतिहरूको समेत सम्पादन गरेका छन् । सुवेदीले बनारसमा 'मञ्जरी' (२०२५), 'समर्पण'(२०२६) पत्रिकाहरूको सम्पादन गरेका थिए (सुवेदी,२०५५:१८) । उनले सम्पादन गरेको पहिलो पुस्तकाकार कृति 'दाडिमको रुखनेर' (२०३९) निबन्ध सङ्ग्रह हो (पूर्ववत्) । नेपाली भाषा साहित्यको सेवा गर्ने क्रममा राजेन्द्र सुवेदीले साहित्यिक सिर्जना र प्रकाशन मात्र नगरी खोज, अनुसन्धान, सम्पादन तथा सङ्कलन समेत गरेका छन् । सुवेदीद्वारा सम्पादित तथा सङ्कलित कृतिहरू र पत्र- पत्रिकाहरू निम्न छन् :

**पत्र-पत्रिकाहरूको सम्पादन**

'मञ्जरी' (२०२५) बनारस

'समर्पण' (२०२६) बनारस

**पाठ्यपुस्तकहरूको सम्पादन**

स्नातकोत्तर नेपाली निबन्ध (२०५१)

स्नातकोत्तर नेपाली कथा (२०५१)

सूक्तिसिन्धु पुनः सम्पादन(२०५५)

### साहित्यिक कृतिहरूको संकलन तथा सम्पादन

दाडिमको रुखनेर(२०३९) निबन्ध

स्रष्टा देवकोटा द्रष्टा परिवेशमा(२०३९) समालोचना

समसामयिक साझा कथा(२०४१) कथा सङ्ग्रह

श्रीकृष्णअष्टमी व्रतकथा(२०४२) खण्डकाव्य

गौतमका केही प्रतिनिधि कथाहरू(२०४४) कथासङ्ग्रह

नेपाली हास्यव्यङ्ग्य निबन्ध(सह २०४७) हास्यव्यङ्ग्य

शव्दकोश सम्पादन

### सहसम्पादन गरिएका कृतिहरू

प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा(२०५१)

ऐच्छिक नेपालीको पाठ्यपुस्तक(२०५१)

मेची अञ्चलका लोककथाहरूको सङ्कलन(२०३६) लोककथा

वृहत नेपाली शब्दकोश(२०५७)

यसरी राजेन्द्र सुवेदीको साहित्यिक व्यक्तित्व केवल लेखन पक्षमा मात्र सीमित नरही नेपाली साहित्यका महत्त्वपूर्ण साहित्यकारहरूका साहित्यिक सामग्रीहरूको अनुसन्धान गरी तिनीहरूको सम्पादन गर्नमा पनि त्यत्तिकै सक्रिय देखिन्छ । त्यसैले उनको सम्पादक तथा सङ्कलक व्यक्तित्व पनि प्रबल बन्न पुगेको छ ।

### २.५.५ शिक्षक तथा प्राध्यापक व्यक्तित्व

राजेन्द्र सुवेदीले १९ वर्षको उमेर देखिनै शिक्षण पेसा अंगालेर जागिरे जीवन सुरुवात गरेका हुन् । उनले वि.सं. २०१९ देखि वि.सं. २०२१ सम्म पाँचथरको पञ्चमी प्राथमिक विद्यालयमा सहायक शिक्षकको रूपमा शिक्षण पेसा सुरु गरेका थिए (सुवेदी,२०५५:९) । उनले वि.सं. २०२६ देखि वि.सं. २०२९ सम्म ताप्लेजुङ्गको सिनाम हाइस्कुलमा साधारण शिक्षक र प्रधानाध्यापक, वि.सं. २०३० वैशाखदेखि वि. सं. २०३१ असारसम्म बनेपा आजाद मा. वि.मा सहायक शिक्षक भएर पनि काम गरे (पूर्ववत्) ।

सुवेदीले वि.सं. २०३१ असोजदेखि इलाम क्याम्पसको सहायक प्राध्यापक, वि.सं. २०३५ देखि सोही पदमा त्रि- चन्द्र क्याम्पसमा र वि.सं. २०३६ देखि वि.सं. २०३९ सम्म नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा उपप्राध्यापक भई प्राध्यापन कार्य गरे । सुवेदीले २०३९ जेठ देखि इलाम

क्याम्पसको क्याम्पस प्रमुख भएर वि.सं. २०४५ असारसम्म कार्य गरेपछि पुन : कीर्तिपुरमा उपप्राध्यापक पदमै फिर्ता भए । कीर्तिपुरमा वि.सं. २०५४ बाट प्राध्यापक पदमा रही कार्य गरे । सुवेदीले वि.सं. २०६४ मंसिर २६ देखि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा विभागीय प्रमुखको रूपमा वि.सं. २०६८ असार १३ सम्म प्राध्यापन गरे र त्यहाँबाट सेवा निवृत्त भए । उनी वि.सं. २०५४ देखि रत्न राज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्गमा प्राध्यापकका रूपमा कार्यरत छन् ।

### २.५.६. समाजसेवी तथा साङ्गठनिक व्यक्तित्व

राजेन्द्र सुवेदीमा समाजसेवा प्रतिको निष्ठा विद्यार्थी अवस्था देखि नै रहेको थियो । राजेन्द्र सुवेदी विद्यार्थी अवस्थादेखि नै विभिन्न सङ्घ संस्थाहरूमा समेत संलग्न हुँदै आएका छन् । उनले निम्न सङ्गगठनहरूको विविध पदमा रही आफ्नो भूमिका निर्वाह गरेकाले उनको साङ्गठनिक व्यक्तित्व पनि सफल देखिन्छ ।

१. कालिम्पोङ छात्रावासको प्रिफेक्ट (वि.सं. २०२२/२३)

२.बनारसमा मेची अञ्चल छात्र समुदायको सहसचिव (वि.सं. २०२५) र कोषाध्यक्ष(वि.सं. २०२६) ।

३.नेपाल शिक्षक सङ्गठनको केन्द्रीय पदाधिकारीको निर्वाचन प्रमुख (वि.सं.२०४५ र वि.सं.२०४८) ।

४.नेपाल प्राध्यापक सङ्घको केन्द्रीय कार्य समितिको निर्वाचन समितिको सदस्य (वि.सं.२०४५)।

५. नेपाल प्राध्यापक सङ्घको केन्द्रीय पदाधिकारीको निर्वाचन प्रमुख (वि.सं.२०४७) ।

६. ने.क.पा. (एमाले) पाँचथर काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष (वि.सं. २०५०-२०५४)।

७. प्रगतिशील लेखक सङ्घको केन्द्रीय सचिव (वि.सं.२०४८-२०५० सम्म)।

८. भारद्वाज संस्कृति सम्वर्द्धन केन्द्रको महासचिव (वि.सं. २०६२-२०६६सम्म), उपाध्यक्ष (वि.सं.२०६६) ।

राजेन्द्र सुवेदीले निम्न सङ्घ संस्थाहरूमा रहेर समाज सेवा गरेका छन् :

१. इलाम क्षयरोग निवारण संस्थाको संस्थापक अध्यक्ष (वि.सं.२०३९),

२. पाँचथर जनमैत्री समाजको अध्यक्ष (वि.सं. २०४२ देखि २०४७ सम्म)

३. गोरखापत्र संस्थानको अध्यक्ष तथा महाप्रवन्धक (वि.सं. २०५३ चैत्र देखि वि.सं. २०५४ मंसिर सम्म)

४. ताप्लेजुङ सिनाम हाइस्कुलमा प्रधानाध्यापक (वि.सं. २०२७ - २०२८ सम्म)

५. इलाम क्याम्पसको क्याम्पस प्रमुख (वि.सं. २०३९ - २०४५ सम्म)

६. कोटेश्वर क्याम्पसको सञ्चालक समितिको सचिव र क्याम्पस प्रमुख ।

यसरी हेर्दा समाज सेवाका विभिन्न संस्थाहरू मध्ये शैक्षिक संस्था महत्त्वपूर्ण मानिन्छ । शैक्षिक संस्थाहरूको प्रमुख भई कार्य गरेकाले उनी प्रशासनिक व्यक्तित्व पनि हुन् । शिक्षण संस्थाहरूको सञ्चालन र सम्बर्द्धनमा समेत सुवेदीको व्यक्तित्व समर्पित रहेकाले उनी एक समाजसेवी तथा साङ्गठनिक व्यक्तित्व पनि हुन् ।

परिच्छेद-तीन

# निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

## ३.१. निबन्धको व्युत्पत्ति र अर्थ

प्राचीन समयमा साहित्यलाई श्रव्य काव्य र दृश्य काव्य गरी दुई भागमा विभाजित गरिन्थ्यो । दृश्य काव्य अन्तर्गत नटक र श्रव्य काव्य अन्तर्गतका दुई हाँगा गद्य र पद्यमध्ये पद्यमा कविता र गद्यमा कथा, उपन्यास र निबन्ध पर्दछन् ।

साहित्यका प्रमुख विधा मध्ये निबन्ध छोटो र छरितो एक गद्य विधा हो (शर्मा,२०६३:३) । आकारका दृष्टिले एक बसाइँमा पढिसकिने लेखकको विचार उन्मुक्त रूपले अभिव्यक्त भएको शृङ्खलित रूपमा बाँधिएको गद्यात्मक प्रस्तुति निबन्धको विशेषता हो । अन्य साहित्यिक विधाका गुणहरू थोर वहुत समाहित हुने निबन्ध साहित्यिक र साहित्येतर दुबै हुन्छ । साहित्यिक निबन्ध ललित र सौन्दर्य परक हुन्छ । यो रागात्मक र अनुभूतिमा आधारित कल्पना प्रधान , निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येतर निबन्ध ज्ञान विज्ञानका क्षेत्रमा आधारित हुन्छ र प्रविधिपरक हुन्छ । यो वस्तुगत, ज्ञानमा आधारित, न्यूनकलात्मक, परात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ (सुवेदी,२०५५:२४) । निबन्ध लेख रचनामा साधना र अभ्यासले प्रौढता प्राप्त गरेपछि मात्र सशक्त सिर्जना हुन सक्दछ ।

निबन्ध नेपाली भाषाको तत्सम शब्द हो । संस्कृत भाषाको मूल शब्द 'बन्ध' धातुमा 'नि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । वाचस्पतिका अनुसार नि+बन्ध+घञ् को अर्थ बाँध्नु, रोक्नु अथवा सङ्ग्रह गर्नु हुन्छ (द्विवेदी,१९७१:१) । प्राचीन कालमा लेखिएका ताल -पत्र, भोज-पत्र, कार्पास-पत्र(रुवाको कपडा), कौशेय(रेशमी कपडा), छाला आदि बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो, त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो (पूर्ववत् : १,२) । श्रीमद्भगवद् गीतामा श्रीकृष्णले निबन्ध शब्दको प्रयोग आसुरी सम्पदालाई बाँध्ने अर्थमा गरेका छन् (अध्याय १६:५) । 'वासवदत्ता' र 'न्यायमञ्जरी' ग्रन्थमा ग्रन्थ रचनाको अर्थमा 'कादम्बरी' मा शाब्दिक कलाको चमत्कृत अर्थमा 'शिशुपालबध'मा अनेक तत्त्वहरूले सङ्ग्रहीत सानो साहित्यिक रचना विशेषका अर्थमा निबन्ध शब्दको प्रयोग भएको देखिन्छ (अर्याल,२०६४:९) । यी मौलिक ग्रन्थका अतिरिक्त 'वेदान्तकल्पतरु' को भूमिका, 'न्यायवार्तिक' को तात्पर्य टीका आदिमा निबन्ध शब्दको अर्थ भाष्य ग्रन्थकै अर्थमा आएको छ । केवल

'याज्ञवल्क्यस्मृति' मा द्रव्यको रूपमा आएको छ (द्विवेदी,१९७१:२) । यति भएर पनि आधुनिक निबन्ध शब्दको अर्थलाई पूर्वीय सन्दर्भहरूले स्पष्ट रूपमा प्रयोग गर्न सकेको पाइँदैन । विश्व साहित्यमा आधुनिक कालको सुरुवात भएपछि निबन्ध साहित्यिक विधाका रूपमा स्थापित भएको हो । तसर्थ निबन्धको स्वरूपलाई बुझ्न निबन्ध सम्वन्धी पाश्चात्य चिन्तन प्रक्रियाको अध्ययन गर्नुपर्ने हुन्छ ।

### ३.१.१ निबन्धको पाश्चात्य दृष्टिकोण

अङ्ग्रेजीमा निबन्धलाई एस्से (Essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ (Essai) बाट अङ्ग्रेजीमा आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (शर्मा,२०६३:१०) । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेन (१५३३-१५९३) हुन् । उनले आफ्ना रचनाहरूलाई एसाइ (Esai) भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ (शर्मा, २०६५:५) ।

निबन्धकार मोन्तेनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । वैयक्तिक भाव, सरल भाषा, अनौपचारिक अभिव्यक्ति र आत्मानुभूतिको प्रकाशन गर्ने साहित्यिक रचनाका अर्थमा मोन्तेनले निबन्ध शब्दको प्रयोग गरेका थिए । उनका ती रचनाहरू बौद्धिकताको अभिव्यक्ति नभएर हार्दिकताको अभिव्यक्ति थिए (लुइँटेल र गौतम, २०५४:२) । 'म नै मेरा निबन्धहरूको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ' भन्ने निबन्धगत मान्यता भएका मोन्तन आफ्ना निबन्धहरूमा अहम्वादी देखिए पनि उत्तिकै नम्र र विनीत पनि देखिन्छन्(अधिकारी,१९७५:१९) । उनका निबन्ध रचनाहरूमा निजात्मक धर्म र वैयक्तिकता राम्ररी प्रस्तुत भएका छन् (सुवेदी,२०५८:१०) । उनले आफ्ना निबन्धमा व्यक्तिगत अनुभव, अनुभूति र भावनाहरू प्रस्तुत गरेका छन् । यिनका निबन्धमा बौद्धिकताको विचारभन्दा भावनाको, चिन्तन भन्दा अनुभूतिको, वस्तुसत्यभन्दा कल्पनाको प्रबलता पाइन्छ (शर्मा,२०६५:६) । उनका निबन्धहरू उनी स्वयम्का व्यक्तिगत जीवनका सही तस्बिर हुन् (सुवेदी,२०५८:१०) । त्यसैले निबन्ध विधालाई सर्वप्रथम साहित्यिक गद्यका रूपमा स्थापित गराएकाले मोन्तेनलाई पश्चिमी साहित्यमा निबन्धका जनक भनेर पनि मानिन्छ ।

मोन्तेन र बेकन समकालीन निबन्धकार भए पनि  यिनीहरूका निबन्धमा पर्याप्त भिन्नता पाइन्छ । मोन्तेन आत्मपरक निबन्धकारका रूपमा देखिए भने बेकन बस्तुपरक निबन्धकारका रूपमा । सोह्रौं शताब्दी पछिका निबन्धकारहरूले यिनै दुई मान्यताहरूलाई स्वीकार गरी निबन्धको सिर्जना गरेको पाइन्छ । मोन्तेनबाट थालिएको आत्मपरक धारालाई अब्राहम काउली, प्रिस्टली, चार्ल्स ल्याम्ब, स्विट्स स्टिल, गोल्ड स्मिथ आदिले अघि बढाए भने

बेकनबाट प्रारम्भ भएको वस्तुपरक धारालाई बेनजोनसन, डिन क्विन्सकी, मेकाले, वाल्टपिटर आदिले अगाडि वढाए (शर्मा,२०६५:६) ।

सत्रौं शताब्दीमा जोसेफ एडिसन (१६७२-१७१९), अब्राहम काउले(१६१८-१६६७), विलियम टेम्पल(१६२८-१६९९) हरूले निबन्ध विधालाई मोन्तेनले प्रारम्भ गरेको आत्मपरक शैलीबाट अगाडि बढाए । अङ्ग्रेजीमा काउले आधुनिक शैलीको निबन्ध लेख्ने प्रथम निबन्धकार हुन् (द्विवेदी,१९७१:१३) । त्यसैले अंग्रजी निबन्ध साहित्यको इतिहासमा सत्रौं शताब्दीको विशेष महत्त्व छ ।

अठारौं शताब्दीमा वेलायतमा पत्रपत्रिकाको प्रकाशनले अङ्ग्रेजी निबन्ध साहित्यलाई धेरै बल मिल्यो । त्यस युगमा पत्र-पत्रिकामा रिचार्ड स्टील(१६७२-१७२९), जोसेफ एडिसन(१६७२-१७१९), सेमुअल जन्सन(१७१९-१७८४), डनियल डिफो, हेनरी फिल्डिङ्ग, ओलिभर गोल्डस्मिथ जस्ता निबन्धकारहरूले तत्कालीन समाजको मानसिक स्तर उकास्नकालागि निबन्ध रचना गरे (द्विवेदी,१९७१:१३) ।

यसरी फ्रान्सबाट सुरु भएको निबन्धले बेलायत हुँदै विस्तारै विश्वमा आफ्नो प्रभाव कायम गरेको छ । यसको विकास तथा विस्तारका क्रममा विभिन्न क्षेत्रमा देखा परेका निबन्धकारहरू निबन्धात्मक मान्यता र प्रयोगका आधारमा आधुनिक निबन्धको बिस्तारित रूप ठम्याउन सकिन्छ ।

### ३.१.२ निबन्धको परिभाषा

निबन्धलाई प्रचीन काल देखिनै पूर्व र पश्चिम दुबैतिरका विभिन्न साहित्यकारहरूले आ-आफ्नै ढङ्गले परिभाषा गरेका छन् । यी परिभाषाहरूमा विषयवस्तु, आयाम र शैली मध्ये कुनै एक पक्षलाई जोड दिइएको देखिन्छ । साहित्यका अन्य विधाहरूको परिभाषामा मतैक्य नभए झैं यस विधाको परिभाषामा पनि मतैक्य पाइँदैन । निबन्ध विधाको जन्म फ्रान्सबाट भए पनि यसको विकास र विस्तार बेलायतमा भयो । पाश्चात्य विद्वान्हरूले निबन्धलाई चिनाउने क्रममा विभिन्न परिभाषाहरू गरेका छन् ।

निबन्धका जन्मदाता मोन्तेनले “म नै मेरा निबन्धको विषयवस्तु हुँ ; किनभने मलाई बढ्ता चिन्ने व्यक्ति स्वयम् म मात्र हुँ”(सुवेदी,२०५८:१७) भनेका छन् । उनले निबन्धलाई आत्माको अभिव्यक्ति मानेका छन् (द्विवेदी,१९७१:२७) । मोन्तेन भन्दछन्-“म कागजसँग त्यसरी नै कुराकानी गर्छु, जसरी कुनै कुराकानी गर्छु , जसरी कुनै व्यक्तिसँग त्यसरी नै कुराकानी गरिन्छ”(पूर्ववत्) । त्यपछि फ्रान्सिस बेकनले निबन्धबारे टिप्पणी गर्दै आफ्नै मान्यता अनुकूल निबन्धको रचना गरेका छन् । यिनले निबन्धलाई ‘छरिएको चिन्तन’ (The essay is a dispersed meditation) भनेका छन् (शर्मा,२०६३:१६) । बेकन विषय केन्द्रित, परात्मक र

पाण्डित्यपूर्ण निबन्धका पक्षपाति छन् । यिनका सत्य, प्रतिशोध जस्ता गम्भीर विषयका लघु निवन्ध प्रकाशित छन् ।

पाश्चात्य विद्वान्का निबन्ध सम्बन्धी केही धारणाहरू :-

**द कन्साइन्स आक्सफोर्ड इङ्गिलस लिट्रेचर** :-"निबन्ध भनेको साधरणतया एउटा छोटो गद्य रचना हो ; जस्मा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ" (सुवेदी, २०६३:७) ।

**मोन्तेन** :- "निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो" (शर्मा,२०६३:१४) ।

**बेकन** :- "निबन्ध विकीर्ण चिन्तन (The Essay is Dispersed meditation) हो" (उपाध्याय,२०५९:१६३) ।

**डा. जोन्सन** :- "निबन्ध भनेको मनको उन्मुक्त विचरण हो । यो यस्तो अनियमित, अपरिपक्व, रचना हो, जसमा कुनै नियम वा क्रम रहँदैन" (शर्मा,२०६३:१४) ।

**जोहन मरे** :- "कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो" (सुवेदी, २०६३:५) ।

**जे. बि. प्रिस्टली** :- "निबन्धकारलाई विषय वस्तुको अभाव हुँदैन । जुनसुकै विषयवस्तुलाई पनि सरक्क विषयवस्तुका रूपमा उतार्न सक्छ । आफ्नो वा कसैको विषयलाई केन्द्र बनाएर कुरा गर्नु निबन्ध हो । यसरी निजात्मक विषयमा बहकिनु अथवा वस्तु र आफू बिचका सम्बन्धहरूलाई व्यक्त गर्नु निबन्ध हो"(पूर्ववत्) ।

**ह्यू वांकर** :- "हलका पारा तथा अलस ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहने निबन्ध आदर्श निबन्ध हो" (शर्मा, २०६३:१५) ।

**डब्लु. एच. हड्सन** :- "मोटामोटी रूपमा कुनै पनि लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनको अभाव" (उपाध्याय,२०५९:१६४) ।

नेपाली निबन्धकारहरूको निबन्ध सम्बन्धी केही परिभाषाहरू :

**लक्ष्मीप्रसाद देवकोटा** :- "यो (निबन्ध) टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमनवेदान्त । यसमा ठर्रोपन हुँदैन यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ" (शर्मा,२०६०:१७)।

**डा. ईश्वर बराल** :- "निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका रूपमा उद्धरित गराउने विधा विशेष" (सयपत्री,२०३०:७) ।

**रामलाल अधिकारी** :- "निबन्ध त्यो काव्य विधा हो जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपादेष्टा नभई आत्मप्रकाशन नै लक्ष्य केन्द्रित हुनुपर्छ" (सुवेदी, २०५८:२१) ।

**बालकृष्ण पोखरेल** :- "सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकको आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो" (शर्मा,२०६३:१७) ।

भारतीय विद्वान्हरूको निबन्ध सम्बन्धी केही सम्बन्धी धारणा :

**आचार्य रामचन्द्र शुक्ल** :- "निबन्धमा वैयक्तिक विशेषताका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञान वा अज्ञान रूपले होस विशृङ्खलित भने हुन दिनु हुन्न, भाव प्रवाहको विचित्रता देखाउनका निमित्त अनुभूतिका स्वाभाविक वा लोक सामान्य रूपसँग कुनै सम्बन्ध राख्नु वा भाषासित प्रश्नहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैं आसन साधन गराईरहनु हुँदैन" (सुवेदी,२०६३:८) ।

**बाबुगुलाब राय** :- "निबन्ध त्यस प्रकारको रचना हो, जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, त्यस्तै सङ्गति र सुसम्बद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुन्छ" (पूर्ववत्) ।

यसरी पाश्चात्य तथा पूर्वीय निबन्धकारहरूका निबन्धात्मक मान्यता र प्रयोगलाई नियाल्दा निबन्धको यस्तो पहिचान तयार हुन्छ ।

(क) मनको कुरा पोख्ने माध्यम,

(ख) संक्षिप्त आयतन भएको गद्य विधा,

(ग) कुनै विषय वस्तुमा लेखक तटस्थ भएर गरिने वर्णन,

(घ) परमाणुदेखि वृहत्पिण्डसम्म सबै विषयमा लेखिन सक्ने निजात्मक गद्य,

(ङ) निरन्तर साधनाबाट सुन्दर र सुललित बन्न सक्ने गद्य रचना,

(च) प्रस्तुतिमा स्रष्टाको संवेदना वा अनुभूति मात्र अन्वितीकरण गर्न सक्ने गद्य रचना,

(छ) विषयवस्तुको जुनसुकै कोण वा विन्दुबाट आरम्भ भएर जुनसुकै कोण वा विन्दुमा पुगेर अन्त हुने, आदि, मध्य र अन्त्यमा सुगठित हुने गद्य रचना ।

यसरी हेर्दा "निबन्ध गद्यमा लेखिएको, आत्मप्रतिपादन गरिएको, काव्यत्मक गुणले भरिएको, सङ्क्षिप्त आकारमा सुगठित भएको, शृङ्खलित तथा सरल र सम्यक चिन्तनलाई हृदय र बुद्धि पक्षले सन्तुलन मिलाएर प्रस्तुत गरिएको रचना हो" भन्न सकिन्छ ।

## ३.२ निबन्ध र प्रबन्ध

कुनै विषयका बारेमा सिलसिला मिलेका तिन वा सो भन्दा बढी अनुच्छेदमा लेखिएको लेखलाई प्रबन्ध भनिन्छ । प्रबन्धलाई वस्तुपरक निबन्ध मान्ने चलन पनि छ । प्रबन्धमा कुनै विषयको जस्ताको तस्तै सहीसही वर्णन गरिएको हुन्छ  तर कुनै विषयका बारेमा लेख्ता आफ्ना मनका  भवना, कल्पना आदि समेतलाई मिसाई सुन्दर भाषामा रचिएको रचनालाई भने निबन्ध

भनिन्छ । यस्ता निबन्धमा कुनै विषयको जस्ताको तस्तै वर्णन गर्नुको सट्टा त्यसमा विषयको बारेमा आफ्नो मनमा उठेका भावना, कल्पना आदिको रोचक चित्रण बढी गरिएको हुन्छ ।

पाश्चात्य साहित्यमा सोह्रौ शताब्दीमा एस्सेका रूपमा बिस्तारै विकसित भएको निबन्ध आज विश्वभरि परिचित छ । नेपाली, भारतीय र वंगला साहित्यको क्षितिजमा निबन्ध र प्रबन्ध बिच मतभिन्नता पाइन्छ । सुरुमा निबन्धको पर्यायको रूपमा 'प्रबन्ध' शब्द पनि संस्कृत भाषामा प्रचलित थियो (पोखरेल,२०२७:३) । त्यसैले निबन्ध र प्रबन्धलाई नेपालीमा पनि समान अर्थमा प्रयोग गरेको पाईन्छ । नेपाली निबन्ध साहित्यका उच्च प्रतिभा लक्ष्मीप्रसाद देवकोटाले आफ्नो निबन्ध सङ्ग्रह'लक्ष्मी निबन्ध सङ्ग्रह'को भूमिकामा प्रबन्ध शब्दको प्रयोग प्रशस्त गरेका छन् (सुवेदी, २०५८:२६) । त्यसैगरी बंगला साहित्यकार रवीन्द्रनाथ ठाकुरले आफ्नो निबन्ध सङ्ग्रहको नाम 'विचित्र प्रबन्ध', लक्ष्मीप्रसाद देवकोटाले उत्कृष्ठ निबन्धका अनूदित सङ्ग्रहलाई 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' भीमनिधि तिवारीले 'पन्ध्र प्रबन्ध' भन्ने राखेका छन् । यसबाट पनि निबन्ध र प्रबन्धलाई पर्यायवाची शब्दका रूपमा लिइएको पुष्टि हुन्छ ।

"विशृङ्खलित विचार र भावको मनचिन्ते उडनखटोला हाँक्दै स्वच्छन्दतापूर्वक बुर्कुसी मारिएको व्यक्तिपरक गद्य रचना विशेष निबन्ध हो । वस्तुपरक गुम्फन निबन्ध होइन प्रबन्ध हो । संस्कृत साहित्यको हवाला दिएर 'निबन्ध्नातीति' अथवा 'निबन्धीति निबन्ध' आदि उक्तिलाई मानदण्ड बनाई व्याख्या, शास्त्रार्थ, भाष्य र टीकाहरूलाई जबर्जस्ती निबन्धको दर्जा दिनु दुराग्रह मात्र हो" (पोखरेल, २०५७:५६) । संस्कृत साहित्यमा निबन्ध विषयक चर्चा हुँदैनभएको होइन तर त्यति खँदिलो रूपमा भएको छैन । आधुनिक युगको मान्यता प्राप्त साँचो निबन्ध 'एस्से' आदि पश्चिमी साहित्यका प्रबन्ध मीमांसा, व्याख्यान र भाष्यहरू निबन्धको समकक्ष झैं देखिए पनि ती निबन्ध होइनन् । तिनमा भावगाम्भीर्य, पण्डित्याइँ र तर्क सम्मत वक्तृता भए पनि निबन्धमा नभई नहुँने व्यक्ति चेतना या व्यक्ति निष्ठाको मुहुनी छैन" (पोखरेल, २०५७:५७) । पश्चिमी विद्वान्हरूले 'विकीर्ण चिन्तन', 'बकवासको मधुर कृति' आदि जे भने पनि निबन्ध एक प्रकारको लेखनको कलात्मक वसिवियाँलो निबन्धको निमित्त गाँठी कुरो विषयवस्तु नभएर व्यक्तिसत्तात्मकता हो, व्यक्तित्वको झल्का हो (पूर्ववत्) ।

सुनियोजित निजी भाव र विचारद्वारा अनुप्रमाणित क्रमवद्ध र सङ्गतिपूर्ण वस्तुनिष्ठ गद्य रचना विशेष प्रबन्ध हो । निबन्ध र प्रबन्धका सम्बन्धमा भानुभक्त पोखरेलले 'साहित्यिक अनुशीलन' नामक कृतिमा 'नेपाली गद्य निबन्ध र देवकोटा' लेख शीर्षकमा वस्तुपरक रचनालाई प्रबन्ध र आत्मपरक रचनालाई निबन्ध मानेका छन् । प्रबन्ध मस्तिष्कको कृति हो, विद्वताको निचोड हो । विशेष श्रम, यत्न सिलसिला र क्रमबद्धता प्रबन्धमा रहन्छन् । यसमा लेखकले प्रकरण सितको सङ्गति, निश्चित तथ्यानुधावन र अविच्छिन्न सन्दर्भद्वारा

विषयलाई परिपुष्ट गर्ने जागरुकता बढी अपनाएको हुन्छ । खोजीनीति र अनुसन्धानको विषय भएकाले प्रबन्धमा मूल्य वोधको दृष्टिले वस्तुगत व्याख्यालाई बढी प्रश्रय दिइएको हुन्छ । प्रबन्ध वस्तु प्रकाशन हो भने निबन्ध व्यक्ति प्रकाशन हो । निबन्धकार तन्मय याने विषयमय र तटस्थ हुन सक्तैन बरु स्वमय र परिलिप्त हुन्छ । निबन्धमा अन्तरमञ्न, आत्मप्रकाशन र भावुकता प्रशस्त हुन्छ । निबन्धकार वस्तुनिष्ठ नभएर आत्मनिष्ठ हुन्छ । निबन्धकार आत्मज्ञाता हुन्छ र यसमा उसको अहम्‌को प्रकाशन बढी हुन्छ । निबन्धकारलाई आफ्नो ध्यान विषयमा केन्द्रित गर्ने पर्छ भन्ने वाध्यताले त्यतिसारो सताउँदैन । ऊ आत्मचेतनाको प्रकाशनका निमित्त स्वतन्त्रमात्र होइन स्वच्छन्द पनि हुन्छ ।

प्रबन्धको विकसित रूप नै निबन्ध हो (पूर्ववत् : ६० ) । यी दुई एकअर्काका परिपूरक जस्ता छन् । फेरि निबन्धका प्रथम अधिष्ठातादेखि लिएर पछि सम्म पनि तद् विषयक वरिष्ठ विद्वान्हरूले समेत निबन्ध र प्रबन्धलाई सँगसँगै मुछेर ल्याएको देखिन्छ । सम्भवत : प्रबन्ध भन्नुपर्ने रचनालाई वस्तुपरक निबन्ध भन्नुको अर्थ पनि यही हो । त्यसैले निबन्ध र प्रबन्धमा कता हो कता ठूलो अन्तर देख्नु हुँदैन ।

### ३.२.१. निबन्ध र प्रबन्ध बिच भिन्नता

निबन्ध र प्रबन्ध बिच केही भिन्नता र केही समानता पाइन्छ । तिनलाई तलका बुँदागतरूपमा प्रस्तुत गरिएको छ :

(क) निबन्धको आयतन सर्जकको मुड र सिर्जनात्मक क्षमतामा निर्भर गर्छ भने प्रबन्धको आयतन विषयवस्तुको सीमाबाट प्राप्त हुन्छ ।

(ख) निबन्धमा विषयवस्तुको प्रतिपादन नभएर भावनाको स्वाभाविक प्रतिपादन हुन्छ । प्रबन्धमा भने वस्तुपक्षको बौद्धिक र तार्किक प्रतिपादन भएको हुन्छ (सुवेदी, २०५८:२५) ।

(ग) निबन्धमा रागात्मक भावुकता हुन्छ भने प्रबन्धमा वस्तुनिष्ठ बौद्धिकताको प्रभाव हुन्छ । यसकारण निबन्ध वैयक्तिक रागको सहज अभिव्यक्ति हो भने प्रबन्ध तर्क तथा बहिर्जगतको प्रस्तुतीकरण मात्र हो ।

(घ) निबन्ध श्रम साध्य र सहज साध्य दुबै हुन सक्छ । हार्दिक तर्क र भावनात्मक संवेगको उत्पादन पनि हुन सक्छ । तर प्रबन्धमा श्रम साध्यता प्रबल हुन्छ । संवेगका ठाउँमा वस्तुगत तथ्यको स्थापना र लेखकको मस्तिष्कगत व्यायामको प्रबल भूमिका रहन्छ ।

(ङ) निबन्ध भावनाको सहज स्थितिमा उत्पन्न हुन्छ र भावनाको सहज समापनमा सकिन्छ । प्रबन्ध भने कुनै विषयको प्रवेशबाट लेखिन आरम्भ हुन्छ । त्यसका पक्ष-पक्षान्तर मूल्य र प्रसङ्गको निरूपण गर्दै निष्कर्षमा पुगेर मात्र थान्को लाग्दछ ।

(च) निबन्धमा भावनात्मक संवेगको पोषणका निमित्त यदाकदा सानातिना टिप्पणी, पात्र र घटनाहरू, व्यङ्ग्यात्मक प्रहारहरू, सहजात आलोचनाहरू आउन सक्छन् । प्रबन्ध विशुद्ध वस्तुनिष्ठ, शिल्प र संरचनाको मूर्तरूप हो भने निबन्ध आत्मनिष्ठ शिल्प संरचनाको मूर्त रूप हो ।

(छ) भाषाको उन्मुक्त स्वरूप निबन्धमा अवतरित हुन्छ भने प्रबन्धमा भाषाले औपचारिक र ससन्दर्भ अर्थोत्पादन गर्ने काम गर्दछ ।

(ज) लेखक र पाठकका बिचमा आन्तरिक तादात्म्य हुनु निबन्धको अनिवार्य गुण हो । पाठकको पठन आकाङ्क्षाले परिसीमन प्राप्त गर्नु वा पठन भोगको परितृप्ति प्राप्त गर्नु निबन्धको मौलिक धर्म हो ।

(झ) रागात्मक तादात्म्यका दृष्टिले निबन्ध, कविता र गीतिरचना नजिक हुन्छ भने प्रबन्ध रागात्मक तादात्म्यका दृष्टिले निबन्ध, कविता र गीतिरचना नजिक हुँदैन ।

(ञ) निबन्धमा वैयक्तिक दृष्टिकोण, निजात्मक प्रस्तुति, सङ्क्षिप्तता र व्यक्ति चेतना हुन्छ भने प्रबन्धमा वैयक्तिक दृष्टिकोण र चेतना पाइँदैन ।

## ३.३ निबन्धका तत्त्वहरू

निबन्धको आफ्नै संरचना हुन्छ । संरचनाको निर्माण त्यसको अवयव र तत्त्वहरूले गर्दछन् । कुनै पनि वस्तुलाई अस्तित्व प्रदान गर्ने आवश्यक अङ्गलाई तत्त्व भनिन्छ (लुइँटेल र गौतम, २०५४:५) ।

निबन्धलाई संरचना प्रदान गर्ने आवश्यक अङ्ग नै निबन्धका तत्त्व हुन् । निबन्धका तत्त्वका बारेमा साहित्यका अन्य विधाका तत्त्वमा झैं मतभिन्नता पाइन्छ । निबन्ध गतिशील विधा भएकाले हिजोको निबन्ध र आजको निबन्धमा स्वरूपगत भिन्नता देखिएको छ । यद्यपि विषयवस्तु, ठमिन सक्ने शैली, निजी दृष्टिकोण, भाव र विचारको प्रतिपादनमा कला प्रबल भएको स्वतन्त्र लेखन एवम् छोटोछरितो गद्यात्मक रचनाका (दाहाल,२०६०:३०) आधारमा निबन्धका निम्न लिखित विशेष तत्त्वहरू पहिल्याउन सकिन्छ :

### ३.३.१.विषयवस्तु

कुनैपनि सिर्जना निर्माणका लागि विषयवस्तुको आवश्कता पर्छ । विषय निबन्धको मेरुदण्ड हो । यसकै आधारशिलामा निबन्धको जग उभिएको हुन्छ (शर्मा,२०६३:२५) । ह्वूवाकरले तारादेखि धुलोसम्म र अमिवादेखि लिएर मानिससम्म निबन्धको विषय बन्न सक्ने तथ्य स्पष्ट पारेका छन् । मानव हृदय र मानव मस्तिष्कले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु हुनसक्छन् (लुइँटेल र गौतम, २०५४:६) निबन्ध विषयवस्तु विना सिर्जना गर्न नसकिने विधा भएकाले निबन्धकारले निबन्ध लेखनपूर्वनै निबन्धको विषयवस्तु चयन गरिसकेको हुनुपर्छ ।

विषयवस्तुका बारेमा पर्याप्त जानकारी हुनु निबन्ध लेखनका लागि आवश्यक हुन्छ । निबन्धको विषयवस्तु सर्वव्यापि हुने भएकाले विषयवस्तुलाई स्वतन्त्र ढङ्गले प्रस्तुत गर्दछ ।

### ३.३.२. हार्दिकता र बौद्धिकता

हार्दिकता मान्छेको हृदयपक्षसँग सम्बद्ध हुन्छ भने बौद्धिकता मस्तिष्क पक्षसंग सम्बद्ध हुन्छ । हार्दिकता व्यक्तिको आन्तरिक व्यक्तित्व हो भने बौद्धिकता वाह्य व्यक्तित्व हो । आन्तरिक पक्षले मूलत : प्रतिभालाई र वाह्य पक्षले अभ्यास, अध्ययन, चिन्तन मनन आदिलाई बुझाउँछ । निबन्धमा प्रयुक्त हार्दिकताले पाठकको हृदयलाई साक्षातकार गरी लेखक र पाठकबिच तादत्म्य कायम गर्दछ भने बौद्धिकताले वस्तुलाई जटिल बनाउँछ (अर्याल, २०६४:१३) । निबन्धमा हार्द्धिकताको पक्ष बढी हुने भएपनि त्यस निबन्धकारको बौद्धिकताको प्रभाव अवश्यै रहन्छ । त्यसैले स्रष्टाको वाह्य तथा आन्तरिक पक्षसँग सम्बद्ध बौद्धिकता र हार्दिकता निबन्धका आवश्यक तत्त्व हुन् ।

### ३.३.३. वैयक्तिकता

व्यक्तिनिष्ठता वा व्यक्तित्वको अभिव्यक्ति नै वैयक्तिकता हो (लुइँटेल र गौतम,२०५४:६) । निबन्धकारका विचार, भाव र रुचिहरूको प्रकटीकरणलाई वैयक्ति अभिव्यक्ति भनिन्छ । कुनै एक विषयमा केन्द्रित भई निबन्धकारले आफ्ना आस्था, विश्वास र जीवन भोगाइका विविध वैयक्तिक अनुभूतिलाई कतिपनि नढाँटीकन पाठक सामु प्रस्तुत गर्दछ । वैयक्तिकताले निबन्धकार र पाठकका बिचमा सोझो सम्बन्ध सिर्जना गर्दछ । आत्मपरक  र वस्तुपरक दुवै खाले निबन्धमा निबन्धकारको निजी दृष्टिकोण अभिव्यक्त हुन्छ । आत्मपरक निबन्धमा वैयक्तिक अनुभूति  बढी र वस्तुतत्त्वको प्रस्तुति कम हुन्छ भने  वस्तुपरक  निबन्धमा वस्तुतत्त्वको प्रस्तुति बढी र वैयक्तिकता कम हुन्छ । निबन्धको निमित्त गाँठी कुरो विषयवस्तु नभएर व्यक्ति सत्तात्मकता हो, व्यक्तित्वको झल्का हो (पोखरेल, २०५७:५७) । अत : वैयक्तिकता निबन्धको अनिवार्य तत्त्व हो ।

### ३.३.४. सङ्क्षिप्तता

संङ्क्षिप्तता  निबन्धको वाह्यपक्षसँग सम्बन्धित हुन्छ । निबन्धको आयाम निर्धारण गर्न गाह्रो भएपनि सङ्क्षिप्त हुनुपर्छ । विषयवस्तुगत व्यापकताभित्रै सङ्क्षिप्तता सीमा निर्धारण गर्नुपर्छ । विषयवस्तुलाई सङ्क्षिप्तता भित्र पनि सम्पूर्णता दिनु अनिवार्य हुन्छ । अध्ययनको गहिराई, विचारको गाम्भीर्य र आयामगत लघुता, निबन्धमा आवश्यक हुन्छ (द्विवेदी, १९७१:१२) । सङ्क्षिप्त आयाम भित्र सम्पूर्णता वा स्वयम्मा पूर्ण गद्य विधा निबन्ध भएकाले सङक्षिप्तता वाह्य पक्षसँग सम्बन्धित भएपनि यो निबन्धको महत्त्वपूर्ण तत्त्व हो (लुईटेल र गौतम, २०५४ :७) ।

### ३.३.५. उद्देश्य वा प्रयोजन

विना उद्देश्य साहित्य सिर्जना हुँदैन । जुन उद्देश्य पूर्तिका लागि निबन्ध रचना गरिएको छ, त्यसलाई निबन्धको उद्देश्य वा प्रयोजन भनिन्छ । निबन्ध साहित्यिक विधा भएकाले यसको सिर्जना पनि निश्चित उद्देश्यद्वारा अभिप्रेरित हुन्छ । विना उद्देश्य निबन्ध सिर्जना गरिएमा निरर्थक हुन्छ (लुइँटेल र गौतम, २०५४:७) । थोरै समयमा पढ्न सक्ने गरी लघु आयाममा आफ्ना भावना, विचार, अनुभव र अनुभूतिहरूलाई पाठक समक्ष प्रस्तुत गर्नु नै निबन्धकारको प्रमुख उद्देश्य हुन्छ ।  कथ्यसँग सकेसम्म सान्दर्भिक प्रसङ्ग जोडेर निबन्ध रचना गर्नु राम्रो हुन्छ । निबन्धकारले पाठकलाई सूचना प्रदान गर्ने, पाठकसँग सहमतीकरण गर्ने र घटनाको क्रमवद्ध प्रस्तुति गर्ने जस्ता चार उद्देश्य मध्ये कुनै न कुनै एउटा उद्देश्य पूर्तिका लागि निबन्ध लेखिएको हुन्छ (शर्मा,२०६५:११) । मूलत : स्वान्त : सुख नै साहित्य सिर्जनाको प्रमुख उद्देश्य वा प्रयोजन रही आएको छ । यश, अर्थ आदि यसका गौण उद्देश्य हुन् । निबन्ध रचना पनि साहित्यकै एक विधा भएकाले निबन्ध रचनाको मूल उद्देश्य आत्मप्रकाशन र सूचनात्मकता हो (शर्मा,२०६३:२५) । यसरी निबन्धको रचना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा उद्देश्य पनि निबन्धको सिर्जनाका लागि एउटा महत्त्वपूर्ण तत्त्व हो ।

### ३.३.६. विचार

निबन्धका भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठक समक्ष प्रस्तुतगर्ने माध्यम वा पद्धतिलाई विचार भनिन्छ । आफ्ना अनुभूति र चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया नै निबन्धको विचार हो । निबन्धमा विचारको गाम्भीर्य हुनु आवश्यक छ (द्विवेदी,१९७१:१२) । निबन्धकारले आफ्ना रचनाका माध्यमबाट आफ्ना मान्यता धारणा वा जीवन दर्शनलाई पाठक सामु प्रस्तुत गर्दछ । विचार निबन्धमा स्वाभाविक रूपमा अभिव्यक्त हुनुपर्छ । भौतिक, अध्यात्मिक सामाजिक तथा वैज्ञानिक जस्ता विचारहरू मध्ये कुनै न कुनै विचार वा दर्शनमा निबन्धकार केन्द्रित हुन्छ । निबन्धकारको अध्ययन क्षेत्र, चिन्तनजगत, दार्शनिक पृष्ठभूमि, बौद्धिकता आदिको पहिचान पनि वैचारिकताबाट गर्न सकिन्छ । अत : निबन्धमा विचार एउटा सशर्त स्वीकार्य उपकरण हो ।

### ३.३.७. भाषाशैली

निबन्ध गद्य विधा भएकोले यसमा गद्यत्मक शैलीको प्रयोग गरिन्छ (लुइँटेल र गौतम, २०५४:८) ।  अन्य विधाका तुलनामा निबन्धको भाव रागत्मक हुन्छ । भाषाशैली रचनाशिल्प भएकाले हरेक निबन्धकारको आ-आफ्नै भाषाशैलीगत विशष्टता हुन्छ । शैली अभिव्यक्तिको प्रकार हो । यसले निबन्धलाई रोचक र आकर्षक रूप प्रदान गर्छ । सङ्क्षिप्तता, सुगठिता र

कसिला वाक्यहरूको प्रयोग निबन्धका भावशैलीगत वैशिष्ट्य हुन् । निबन्धको भाषा सरल, सहज, कोमल, हार्दिक, सम्प्रेषणीय, रागात्मक र हृदयस्पर्शी हुनुपर्छ ।


निबन्धमा बौद्धिक भाषा पनि प्रयोग गर्न सकिन्छ । यस्तो भाषा परात्मक निबन्धमा बढी प्रयोग हुन्छ । निबन्धको भाषा पाठकको मनलाई छुन सक्ने, पाठकको भावलाई झकझक्याउन सक्ने हुनुपर्छ (पूर्ववत्) । शैलीको वर्णनात्मक, आलङ्कारिक, तार्किक, व्याख्यात्मक, विवेचनात्मक, चित्रात्मक, हास्यव्यङ्ग्यात्मक चेतनप्रवाह आदि विभिन्न भेद छन् । निबन्धमा यी मध्ये जुनसुकै शैली अपनाएको भए तापनि त्यसलाई सरल, स्पष्ट, प्रभावकारी, हृदयस्पर्शी, पाठ्य, सुवोध्य रोचक र मनोरञ्जनात्मक ढङ्गले प्रयोग गर्नु पर्छ । आफ्नो विचार र अनुभूतिलाई पाठक समक्ष पुऱ्याउने निबन्धको भाषाशैली सङ्क्षिप्ततामा विस्तृतालाई समेट्न सक्ने खाल्को हुनुपर्छ । भाषाशैली निबन्धको वाह्य पक्षसँग सम्बन्धित भए तापनि महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो ।

### ३.३.८. दृष्टिविन्दु


स्रष्टाका भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठक समक्ष प्रस्तुत गर्नका लागि स्रष्टाले आफू उभिन वा वस्नलाई रोजेको ठाउँलाई नै दृष्टिविन्दु भनिन्छ । निबन्ध भन्ने समाख्याता को हो भन्ने कुरा दृष्टिविन्दु हो । निबन्ध प्रथम(आन्तरिक) र तृतीय(वाह्य) दृष्टिविन्दुमा रचना गर्न सकिन्छ । “पाठकसामु विचारको सम्वाहक कै रूपमा प्रस्तुत हुँदा निबन्धकार सोझै आफू पनि समाहित भएर वैयक्तिक भाव, मानसिकता वा स्व को अभिव्यक्ति गरिएमा प्रथमपुरुष दृष्टिविष्दु हुन्छ । निबन्धकार आफू प्रस्तुत नभई विषयवस्तुको वर्णनका माध्यमबाट भावाभिव्यक्त गरिएमा तृतीय पुरुष दृष्टिविन्दु हुन्छ” (अर्याल, २०६४:१४) । एउटै निबन्धमा दुबै दृष्टिविन्दुको प्रयोग गरेर पनि निबन्धको रचना गर्न सकिन्छ (लुइँटेल र गौतम, २०५४:८) ।

## ३.४. निबन्धको वर्गीकरण


निबन्धको आद्यरूप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् र यसपछि बेलायतका फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । मोन्तेनको धारणा अनुकूल निजात्मक वा व्यक्तिनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा सुरुदेखि नै चल्दै आएको हो (शर्मा,२०६३:२६) । निबन्ध रचनाका क्रममा निबन्धकारले जुनसुकै विषयवस्तुलाई पनि ग्रहण गर्न सक्ने र प्रत्येक निबन्धकारको प्रस्तुति बेग्लाबेग्लै हुने हुनाले यसको वर्गीकरणको ठोस आधार भेट्टाउन निक्कै कठिन पर्छ । विषयको विविधताका आधारमा निबन्धको वर्गीकरण गर्दा जीवनजगत्, साहित्य, इतिहास, कला, शैली, राजनीति, सङ्गीत, विज्ञान, प्रकृति आदि विविध आधार अवलम्बन गर्न सकिन्छ । विषयवस्तु, शैली र व्यक्तिनिष्ठा वा वैयक्तिकता, चिन्तन, अनुभूति, व्यक्तित्व जस्ता आधारमा पनि निबन्धको वर्गीकरण गरेको देखिन्छ । राजेन्द्र सुवेदीले निबन्धको वर्गीकरण निम्न अनुसार गरेका छन् (सुवेदी,२०६३:९) ।


निबन्ध
आत्मपरक
वस्तुपरक
विचारात्मक
भावात्मक
वैयक्तिक
निबन्ध
प्रबन्ध
वर्णनात्मक
विवरणात्मक
शोधप्रबन्ध
Disseration
प्रलेख
Monograph
लेख
Article
जीवनी
Biography
यात्राविवरण
Travel Account
शोधलेख
Thesis
भूमिका
Preface
प्रतिवेदन
Report
सन्धिपत्र
Treaties
आत्मजीवनी
Auto Biography
सम्पादकीय
Editorial
टिप्पणी
Commentry

मोहनराज शर्मा र डा. दयाराम श्रेष्ठले 'नेपाली साहित्यको संक्षिप्त इतिहास' नामक पुस्तकमा निम्न अनुसार वर्गीकरण गरेका छन् (शर्मा र श्रेष्ठ,२०४६:१२९) ।




यसरी हेर्दा विद्वान्हरूबिच निबन्धको वर्गीकरण गर्ने कुनै ठोस आधार भेटिदैन र मतक्यैता पनि पाइदैन । त्यसकारण निबन्धको सम्पूर्ण स्वरुपलाई स्थुल रूपमा दुई वर्गमा र सूक्ष्म रूपमा पाँच उपवर्गमा विभाजन गर्नु उपयुक्त देखिन्छ । जसलाई रेखाचित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ :-



### ३.४.१. निजात्मक निबन्ध

निजात्मक निबन्धलाई  आत्मपरक, विषयीनिष्ठ वा व्यक्तिनिष्ठ पनि भनिन्छ । व्यक्ति स्वयम् रङ्गिएको निबन्ध विषयीनिष्ठ वा व्याक्तिनिष्ठ निबन्ध हो (शर्मा,२०६३:२७) । निबन्धकारको आत्मप्रकाशन वा स्वको अभिव्यक्ति निजात्मक निबन्धको मुख्य विशेषता हो । यो हृदय, भावना र बुद्धि पक्षसँग सम्बद्ध हुन्छ (लुइँटेल र गौतम, २०५४:९) । यस्तो निबन्धका लागि बाह्य विषयहरू व्यक्ति प्रदर्शनका माध्यम मात्र हुन् (शर्मा, २०६३:२७) । निजात्मक निबन्धको भाव, व्यक्तित्व र अभिव्यक्तिगत प्रधानताका आधारमा निम्नलिखित तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

### ३.४.१.१. भावात्मक निबन्ध

भावात्मक निबन्धमा वस्तुलाई छोएर त्यसको माध्यमबाट अनुभूतिको कोमल स्पर्श गर्दै हृदय विछ्याउने काम हुन्छ (शर्मा, २०६३:२९) । भाव र अनुभूतिहरू हृदयसित सम्बद्ध रहन्छन् । हार्द्धिकता, संवेदनशीलता र सौकुमार्य यस्ता निबन्धमा प्रयुक्त हुन्छन् । स्वतः स्फूर्त रूपमा आएका भावहरूलाई संङ्गतिमूलक बनाई निबन्धात्मक स्वरूप प्रदान गरिएका निबन्ध नै भावात्मक निबन्ध हुन् (लुइँटेल र गौतम,२०५४:१०) । यसमा प्राय : लक्षणा र व्याञ्जनाशक्तिको पनि प्रयोग हुने हुनाले पढ्दै जाँदा काव्यको आस्वाद पनि पाउन सकिन्छ ।

भावात्मक निबन्धमा अनुभूतिको स्वतः स्फुर्त प्रवाह हुनुपर्छ । यस्ता निबन्धमा कल्पनाको पनि विशेष भूमिका हुन्छ । लेखकले आफ्नो विषयलाई बढी संवेद्य र कोमल बनाउँन कल्पनाको मद्दत लिन्छन् । निबन्धलाई सरल र सुमधुर बनाउनका लागि कल्पनाको आश्रय अपेक्षित रहन्छ । यस्ता निबन्धमा रागात्मकता बढी हुन्छ । विषयलाई भावना र कल्पनाले रङ्गयाएर विशिष्ट बनाएको हुन्छ । समग्रमा भन्दा भावात्मक निबन्धमा निबन्धकारले वस्तुको वर्णन, भावना र कल्पनाको सहारामा अत्यन्त रागात्मकता र कलात्मकताका साथ प्रस्तुत गरेको हुन्छ ।

### ३.४.१.२. वैयक्तिक निबन्ध

मूलतः व्यक्तित्वको प्रकटीकरण भएको निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ (पूर्ववत् १५) । यस्ता निबन्धमा निबन्धकार आफै अत्यन्त निजात्मकताका साथ व्यक्त गरेको हुन्छ । निबन्धकारद्वारा आफ्नो जीवनको भौतिक परिस्थिति, भाव-अभाव, विवशता, वेचैनि, शोक-ग्लानी, आलोक-अन्धकार, भूल- अपराध, सफलता-असफलताहरू व्यक्त गरेका हुन्छन् (शर्मा, २०६५:१५) । अफ्ना निजी भावनाहरू व्यक्त गर्दा गर्दै पनि निबन्धकार त्यस्ता निबन्धको सिर्जना बढी मात्रामा भौतिक अभावका कारण भएको हुन्छ (पूर्ववत्) । निजी व्यक्तित्व प्रखर रूपमा प्रकटीत हुने वैक्तिक निबन्धका अन्तर्मुखी प्रवृति, अनौपचारिकता, आत्मभिव्याञ्जना वैयित्तक निबन्धका आफ्ना निजी विशेषता हुन् ।

### ३.४.१.३. विचारात्मक निबन्ध

खास चिन्तन, विचार वा दृष्टिकोणको प्रधानता भएका निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यसमा भावात्मक निबन्धमा पाइने हृदय पक्षको प्रबलताभन्दा विपरीत बुद्धिपक्षको प्रबलता रहन्छ (लुइँटेल र गौतम, २०५४:१०) । "विचारात्मक निबन्धमा विचार वा तर्कहरू दिइएका हुन्छन् । यसको सम्बन्ध बुद्धिसित हुन्छ । बुद्धि र हृदय दुबै आन्तरिक पक्ष हुन् । अनुभूति वा संवेदनाको स्रोत बुद्धि हो । त्यसो हुनाले विचारात्मक निबन्धमा बुद्धिको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्ता निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ" (शर्मा, २०६३:२९) । यस्ता निबन्धमा राजनीति, कला, दर्शन, साहित्य, संस्कृति जस्ता गहन विषयमा मौलिक विचारको प्रस्तुती हुन्छ । शैलीको चमत्कारमा मात्रै नअल्झिने विचारात्मक निबन्धमा भाषा साङ्केतिक, श्लेषात्मक र सङ्क्षिप्त हुनुका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ । खँदिला वाक्यले एउटा न एउटा विचारहरू व्यक्त गरिरहेको हुन्छ । खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्त हुने विचारात्मक निबन्धको भाषाशैली कसिलो, सुगठित र आलङ्कारिक हुन्छ (लुइँटेल र गौतम,२०५४:११) ।

### ३.४.२. परात्मक निबन्ध (वस्तुपरक निबन्ध)

परात्मक निबन्धलाई वस्तुपरक वा विषयनिष्ठ निबन्ध पनि भनिन्छ । निबन्धकारका निजी भावना, उल्लास तथा अनुभवहरू निबन्धमा रुपायित नहुने, निबन्धको प्रमुख लक्ष्य सूचनात्मकता भएको, लेखक नचिनिएर विषयवस्तुको अवगत गराउने र पाठकलाई वाक्छल वा पाण्डित्य प्रदर्शनमा नअल्झाएर वस्तुवोध तर्फ बढी उन्मुख गराउने खालका निबन्ध नै परात्मक निबन्ध हुन् (शर्मा,२०६३:२७) । वस्तुपरक निबन्धका गुण वा विशेषता पनि यिनै हुन् । वस्तुपरक निबन्धहरु विषयकै सेरोफेरोमा घुम्छन् । 'यसमा निबन्धकारको 'स्व' को टड्कारो रुपमा प्रकट हुँदैन । निजानुभूतिको वास्ता नगरेर 'पर' वा वस्तु सत्यको यथार्थ चित्र प्रस्तुत गर्नु उसको मूल लक्ष्य हुन्छ'(पूर्ववत्) । विषयवस्तुको वर्णन र विवरणको प्रधानताका आधारमा वर्णनात्मक र विवरणात्मक गरी यसलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ

### ३.४.२.१. वर्णनात्मक निबन्ध

वर्णनप्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ (शर्मा, २०६५:१६) । वर्णन या व्याख्या गर्नु, कुनै विषयका बारेमा नालीबेली छुट्ट्याएर त्यसको वास्तविक रूप अगाडि राखिदिनु, अनि कुनै वस्तुतथ्य बारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठक सामु हस्तान्तरक गरिदिनु वर्णनात्मक निबन्धका गुण हुन् (शर्मा,२०६३:२८) । कुनै पनि विषयलाई जीवन्त तुल्याएर कुनै पनि विषयलाई लिएर स्रष्टाले आफ्नो निजात्मक अनुभव, चिन्तन, अनुभूति र कल्पनाले वर्णित

विषयलाई जीवन्त तुल्याएर प्रस्तुत गरिएका निबन्धहरू यस अन्तर्गत पर्दछन् । वर्णित विषयको प्रधानता रहे पनि यी निबन्धहरूमा स्रष्टाको कल्पना तत्त्वको भने महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्रष्टाकै प्रतिभा र कल्पना शक्तिका कारणले विषयको वर्णनमा सजीवता, कलात्मकता र प्रभावकारिता आउँछ । कल्पना शक्तिका माध्यमले नै वर्णित विषय जीवन्त र सशक्त बन्न पुग्दछ । वर्णनात्मक निबन्ध वस्तुपरक हुँदाहुँदै पनि स्रष्टाको प्रतिभाका कारण अत्यन्त रोचक बन्दछ । खासमा विषय वस्तु मै केन्द्रित भई कल्पना र भावनाको यथोचित प्रयोग गर्दै संङ्क्षिप्तता भित्रै सम्पूर्णताको अभिव्यक्ति हुन्छ (लुइँटेल र गौतम, २०५४:११) । यस्ता निबन्धमा कुनै वस्तुलाई प्रभावोत्पादक ढङ्गले गहिराइमा पुगी यससँग सम्वद्ध सबै पक्षको सूक्ष्म रूपमा अवलोकन गरिन्छ । विषयवस्तुको वर्णनमा क्रमवद्धता, व्यवस्थितता, सङ्क्षिप्तता र मौलिकता वर्णनात्मक निबन्धका प्रमुख विषय हुन् (पूर्ववत्) । यसमा सरल, सुवोध, प्राञ्जल र आलङ्कारिक भाषाशैली अपेक्षित हुन्छ ।

## ३.४.२.२. विवरणात्मक निबन्ध

कुनै वृत्तान्त वा घटनाको बेलीबिस्तार गरिएका निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । विवरण भन्नु नै एक किसिमको वयान वा वृत्तान्त हो । तथ्यहरूलाई भावनामा मुछेर रागात्मक ढङ्गले प्रस्तुत गरिएका निबन्ध नै विवरणात्मक निबन्ध हुन् । कथात्मकता, ऐतिहासिकता, विवरणात्मक निबन्धको निजी विशेषता नै हो । विवरणात्मक निबन्धको कुनै पनि साहसिक कार्य, घटना तथा अविस्मरणीय यात्रा हुन सक्छ । सामान्य रूपमा हेर्दा विवरणात्मक र वर्णनात्मक निबन्ध बिच खासै भिन्नता नदेखिए तापनि गम्भीर रूपमा हेर्दा वर्णनात्मक भन्दा छुट्टै विशेषता लिएर आएको हुन्छ । कथात्मकता र ऐतिहासिकता वर्णनात्मकताको अपेक्षामा विवरणात्मक निबन्धको विशेष पहिचान विवरण प्रस्तुत गर्नु हो । विवरणात्मक निबन्धमा घटना र विषयको कालक्रमिक र शृङ्खलित विवरण प्रस्तुत गरिए पनि यो इतिहासभन्दा फरक हुन्छ । निबन्धकारले ग्रहण गरेका वृत्तान्तलाई निजी व्यक्तित्वले रङ्ग्याउन सक्यो भने मात्रै निबन्ध बढी जीवन्त र सशक्त बन्न पुग्दछ, अन्यथा यथातथ्यकै केवल विवरणका रूपमा निबन्ध सीमित हुन पुग्दछ । घटनाहरूको क्रमिक वर्णन, कार्यकाल शृङ्खला मिलेको र पूर्वाक्रम नछुटेको हुनुपर्ने र विषयवस्तु कै प्रधान्यता रहेका निबन्धहरू यस अन्तर्गत पर्दछन् । विवरणात्मक निबन्धले काल्पनिक र रागात्मक रूपमा विषयवस्तुलाई प्रस्तुत गर्नुका साथै गतिशील विषय प्रस्तुत गर्दछ । यस्ता निबन्धहरूलाई कथात्मक निबन्धका रूपमा पनि लिइन्छ (लुइँटेल र गौतम, २०५४:११ ) । विवरणात्मक निबन्धको आधारभूमि घटना वृत्तान्त हो । यसमा निबन्धकारको चासो, घटनाको पूर्वापर सम्बन्ध परिमाणात : जन्मेका उतरोत्तर

घटना र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा सङ्क्षिप्त चर्चा रहन्छ (शर्मा, २०६३:२९) ।

वस्तुत : निबन्धको वर्गीकरण गर्नु ज्यादै कठिन कुरा हो । निबन्ध गद्य लेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ नयाँ प्रयोग पनि भइरहेका हुन्छन् । त्यसो हुनाले वर्गीकरण गर्ने प्रयास, निबन्धको रूप पहिचान्ने र निबन्धका फाँटमा प्रवेश गर्ने द्वार मात्र हो । निबन्धको प्रकृतिभित्र पसेर अरु विभाजन गर्ने सम्भावना सधैं रहेकै हुन्छ (पूर्ववत्) ।

## ३.५ निबन्धको विकासक्रम

नेपाली गद्य साहित्यको प्रमुख विधा निबन्धको ऐतिहासिक आधार खाज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्याउनु पर्ने हुन्छ (शर्मा र श्रेष्ठ, २०४६:१३१) । कुनै भाषामा सशक्त गद्यको विकास बिना सफल निबन्धको जन्म हुन सक्दैन । त्यसकारण सशक्त गद्यको विकास हुनका लागि पृष्ठभूमिको काम गर्ने नेपाली भाषाको गद्य रूप अभिलेख काल हुँदै विभिन्न विषयमा लेखिएका गद्यात्मक कृतिहरू हुन् । “आधुनिक नेपालको जन्म हुनुभन्दा अघिका अभिलेख तथा ज्योतिष, औषधिमुलो र नीति विषयक ग्रन्थ आदिलाई निबन्ध मान्न सकिदैन । यी सामग्रीहरू नेपाली निबन्धका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन् । ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ विन्दु पृथ्वीनारायण शाहको ‘दिव्योपदेश’ (१८३१) मा फेला पर्दछ , किनभने साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन यसै गद्य कृतिमा भएको छ” (शर्मा र श्रेष्ठ, २०४६:१३६) ।

नेपाली साहित्यको अन्य विधाहरूको काल विभाजनमा मतमतान्तर देखिए झैं निबन्ध विधाको काल विभाजनमा पनि विद्वान्हरू बिच मतैक्यता छैन । तापनि नेपाली निबन्धको विकास प्रक्रियालाई निम्न लिखित चरणहरूमा छुट्टयाएर हेर्नु उपयुक्त देखिन्छ (लुइँटेल र गौतम, २०५४: १४) :

(क) प्राथमिक काल/पृष्ठभूमिकाल (सुरुदेखि वि.सं. १९५७ सम्म)

(ख) माध्यमिक काल/प्रारूप निर्माणकाल (वि.सं. १९५८-१९९१ सम्म )

(ग) आधुनिक काल/विकासकाल (वि.सं. १९९२ देखि हालसम्म)

### ३.५.१ प्राथमिक काल/पृष्ठभूमिकाल (सुरुदेखि वि.सं. १९५७ सम्म)

गोरखा-पत्रको प्रकाशन पूर्वको समयलाई नेपाली निबन्धको प्रथामिक काल वा पृष्ठभूमिकाल भनेर अध्ययन गर्न सकिन्छ । यो काल अभिलेख, ताम्रपत्र, ज्योतिषशास्त्र, नीतिविषयक ग्रन्थ, ओखतीमूलो सम्बन्धी कृतिहरूमा केन्द्रित रहेको देखिन्छ । यस्ता आख्यानात्मक र प्रबन्धात्मक कृतिहरूमा साहित्यिक लेखनको पृष्ठभूमिका साथै आख्यानात्मक र प्रबन्धात्मक विशेषता पाइन्छ । पृथ्वीनारायण शाहको एकीकरण सँगै नेपाली भाषाले स्थिरता

प्रप्त गऱ्यो र क्रमश : विकसित र विस्तारित हुन थाल्यो (लुइँटेलर गौतम, २०५४:१६) । यस क्रममा शक्तिबल्लभ अर्यालको 'महाभारत विराटपर्व' (१८२७) बाट साहित्यिक लेखनको विस्तार भयो भने पृथ्वीनारायण शाहको 'दिव्योपदेश'(१८३१) बाट नेपाली आख्यानेतर गद्य साहित्यको पहिलो पाइलो अघि सऱ्यो । वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्याक्ति, सामूहिक विचार र वर्णनात्मक प्रस्तुति जस्ता प्रवृत्तिले गर्दा प्रस्तुत कृतिमा निबन्धात्मक अभिलक्षणहरू देखा पर्दछन् । यही कृतिलाई नेपाली गद्यमा निबन्धगत मर्मको बीजाधान भएको प्रारम्भिक चरण मान्न सकिन्छ (सुवेदी, २०५८:५१) । त्यसपछि भानुदत्तको 'हित्तोपदेश'(१८३३), शक्तिबल्लभको 'हास्यकदम्व'(१८५५), सुन्दरानन्द बाँडाको 'लक्ष्मीधर्म संवाद'(१८५१), ललितत्रिपुरा सुन्दरीको 'राजधर्म'(१८८८पूर्व), यदुनाथ उपाध्यायको 'रतिकोशसार'(१८५५), दैवज्ञ केशरी अर्यालको 'गोरक्षयोग शास्त्र'(१८८७) आदि कृतिहरू पृष्ठभूमिका रूपमा छन् ।

पृष्ठभूमिकालमा आध्यात्मिक विषयवस्तु निक्कै लोकप्रिय रह्यो भन्ने कुराको प्रमाण स्वरूप योगी अम्बर गीरका 'ब्रह्म्यज्ञ उपनिषद्'(१८९१), 'योगवाशिष्ठसार'(१९१२) आदि, भवानीदत्त पाँडेको 'आत्मवोध'(१८९३ पूर्व), शशिधरका 'वैराग्याम्बर'(१९०६पूर्व), र 'जोसमनि जोगशास्त्र'(१९०९पूर्व), रघुवीर सिंहको 'शान्तिशतक'(१९०९) आदिलाई अघि सार्न सकिन्छ (शर्मा र श्रेष्ठ, २०४६:१३७) ।

साहित्यिक गुणका दृष्टिले यसकालमा देखा परेका महत्त्वपूर्ण गद्य कृतिहरू थिए-बेनामी, 'जङ्गबहादुरको बेलायत यात्रा'(१९१०), बेनामी, 'बत्तीस सालको रोजानाम्चा'(१९३२), मोतीराम भट्टको 'कवि भानुभक्त आचार्यको जीवन चरित्र'(१९४८) र चिरञ्जीवी शर्माको 'आफ्नु कथा' (१९९५) । यी कृतिहरूले नेपाली गद्यको फाँटलाई विस्तारित गरेका छन् । यात्रा तथा जीवनी साहित्यसँग सम्बन्धित भएतापनि नेपाली गद्य विकासको प्रवाहमा यी कृतिहरूमा प्रतिविम्बित भएको पाइन्छ । पृष्ठभूमिकालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ, त्यससँग नेपाली निबन्धलाई शृङखलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ (शर्मा र श्रेष्ठ, २०४६:१३७) ।

यसरी 'दिव्योपदेश' देखि आरम्भ भएर 'जङ्गवहादुरको वेलायत यात्रा' सम्म आउँदा नेपाली साहित्यले साहित्यका कविता र आख्यान एवम् नाटकको अतिरिक्त एउटा छुट्टै गद्यात्मक प्रस्तुतिमा आधारित हुने निबन्धात्मक विधाका लक्षणहरू पनि प्राप्त गरेको छ (दाहाल,२०६०:३५) । तर विधा विभाजनगत कठिनाइ देखापर्छ । यो समयमा नेपाली गद्य साहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको सिथिलता र आख्यान तत्त्वको अङ्गत अनियन्त्रित प्रयोगले दुर्बल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ (शर्मा,२०६३:३३) ।

### ३.५.२ माध्यमिककाल/प्रारूपनिर्माणकाल (१९५८-१९९१ सम्म)

गोरखापत्र(१९५८) को प्रकाशन आरम्भ भएपछि र 'शारदा'(१९९१) को प्रकाशन पूर्वको समयलाई नेपाली निबन्ध साहित्यको माध्यमिककालीन समय भनिन्छ । गो. प. मा निबन्धात्मक प्रवृत्तिहरू भएका थुप्रै रचनाहरू प्रकाशित भएका छन् । यसमा प्रकाशित भएका रचनाहरू 'अघि मूर्ख पछि वुद्धिमान्'(१९५९), 'मातृभाषाको उन्नति'(१९६६), 'निद्रा'(१९६६), 'व्यापार'(१९६७), 'भलाइ'(१९६८), 'भिक्षुशिक्षा'(१९७०) आदि जस्ता निबन्धात्मक प्रवृत्तिहरू भएका मौलिक रचनाहरू प्रकाशित भएका छन्(लुइँटेल र गौतम, २०५४:१४) । नेपाली निबन्धको इतिहास पनि नेपाली पत्र पत्रिकाको इतिहाससँगै जोडिएर शुरु भएको छ (आर्याल, २०४९: ख) । पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा निमार्णकालको निरूपण भयो । गोरखापत्रबाट नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको छ (शर्मा र श्रेष्ठ, २०४६:१३८) । यस अवधिमा 'गोर्खेखवर कागज'(१९५८ दार्जिलिङ्ग), 'सुन्दरी' (१९६३ बनारस), 'माधवी' (१९६५ बनारस), 'चन्द्रिका'(१९७४ (खरसाङ्), जस्ता साहित्यिक पत्रिकाको प्रकाशनले नेपाली निबन्धको  विकासमा उल्लेखनीय योगदान गरेका छन् । 'सुन्दरी' मा प्रकाशित 'बेसरी'(१९६३-६५) र देवीदत्त शर्माको 'उचित चर्चा'(१९६५) निबन्धलाई हेर्दा सुन्दरीले नेपाली गद्य तर्फ दिएको योगदानलाई बिर्सन सकिदैन (पूर्ववत्) । 'माधवी' मा प्रकाशित राममणिको 'कविता रीति' ले नेपाली निबन्धलाई ऐतिहासिक महत्त्वको योगदान दिएको छ ।

यसैगरी गद्यप्रधान 'चन्द्र'(१९७१) पत्रिकामा पद्मनाथ सापकोटा, सूर्यविक्रम ज्ञवाली, वैजनाथ सेढाई, पारसमणि प्रधान आदिका लेख रचनाहरू प्रकाशित भएका छन् ।  'गोर्खाली' (१९७१) पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पद्मनाथ सापकोटा, देवीप्रसाद सापकोटा, कृष्णप्रसाद कोइराला, मणिसिंह गुरुङ आदिका वस्तुपरक रचना प्रकाशित छन् ।

'चन्द्रिका' (१९७४) लाई निबन्धप्रधान पत्रिका भन्न सकिन्छ । यसमा प्रकाशित निबन्धहरूले इतिहासलाई निक्कै नै विकसित तुल्याएको देखिन्छ (शर्मा र श्रेष्ठ, २०४६:१४०) । 'चन्द्रिका' पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली'(१९७५) (लुइँटेल र गौतम, २०५४: १५), उनकै मानिएको 'जुनकीरी'(१९७५), सूर्यविक्रम ज्ञवाली, पारसमणी प्रधान, नारायण प्रधान आदिका विवरणात्मक निबन्धहरू प्रकशित भएका छन् । विशेष गरेर शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा निक्कै राम्रो गद्य शैलीको प्रयोग भएको पाइन्छ (शर्मा र श्रेष्ठ, २०४६:१४०) । 'जन्मभूमि' (१९७९) मा कृष्णप्रसाद कोइराला, रामप्रसाद अधिकारी आदिका विचारात्मक वा भावात्मक निबन्ध प्रवृतिका रचना प्रकाशित छन् । 'गोरखासंसार'(१८८३) मा वेदनिधि शर्मा, खड्गबहादुर क्षेत्री, विद्यावती आदिका निबन्धात्मक रचनाहरू प्रकाशित छन् । 'नेपाली साहित्य सम्मेलन'(१९८९) मा सूर्यविक्रम ज्ञवाली, धरणिधर कोइराला, पारसमणि प्रधान

र रुपनारायण सिंहका वौद्धिक तथा निजात्मकताले ओतप्रोत निबन्धहरू प्रकाशित भएका छन् । यसले नेपाली निबन्धको गद्य शैलीमा क्रमश : परिमार्जन आउन थालेको तथ्य र संङ्केत त्यसकालका जयपृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरि अधिकारी, हरिहर आचार्य दीक्षित, दुर्गादेवी आचार्य दीक्षित र कुलचन्द्र गौतमले नेपाली गद्यको विकासमा पुऱ्याएको योगदानबाट पुष्टी हुन्छ (पूर्ववत् :१३९) ।

माध्यमिककालीन नैबन्धिक प्रवृत्तिहरू निम्न छन् (बराल, २०३०:३०) :

(क) नवीन शब्दोद्भावन र सुगठित वाक्यावलीको निर्माण भएकाले गद्यशैलीको अपेक्षाकृत मनोरम विकास हुनु,

(ख) नेपाली लेखकमा गम्भीर चिन्तन र निजात्मक तत्त्वको प्रकाशन हुने खुल्दुली हुनु,

(ग) हास्यरस एवम् व्यङ्ग्य र प्रतीकाश्रय शैलीको निर्माण हुनु,

(घ) सूक्ष्म र कलात्मक शैलीतिर क्रमशः लेखकहरू ढल्किनु ,

(ङ) वर्णन, विवरण, आत्मकथा र वैचारिक आग्रहको बाहुल्यता हुनु ।

(च) नेपाली भाषा जाति र समाजको उत्थानमा ज्यादा चासो राख्दै सुधार स्वतन्त्रता प्रतिको भाव प्रबल रूपमा रहनु,

(छ) आत्मपरक निबन्ध लेखनको थालनी हुनु, आदि ।

समग्रमा माध्यमिककालीन नेपाली निबन्धको प्रारूपलाई हेर्दा पत्र-पत्रिकाका माध्यमबाट नेपाली निबन्ध लेखनले गति प्रप्त गरेको देखिन्छ । नेपाली निबन्ध लेखनको थालनी र विस्तार प्रवासबाट भएको छ । यसमा जातीय जागरणको उद्घोष र भाषा, साहित्य एवम् राष्ट्रिय उत्थनाको आकाङ्क्षा लिएको पाइनुका साथै वैचारिक वर्णनात्मक र विवरणात्मक निबन्धको प्रारूप विकसित भएको छ । यस कालका निबन्धहरूमा व्याकरण सम्मत गद्यात्मक भाषा र आयामको निश्चितता जस्ता सकारात्मक पक्ष देखिए पनि परिष्कृत शैली र अनुभूतिको अभाव, चिन्तनको गहिराई नपाइनु, शिथिल संरचना र भाषिक स्थिरताको अभाव हुनु यसकालका नकारात्मक पक्ष हुन् ।

### ३.५.३ आधुनिक काल (वि.सं.१९९२ देखि हालसम्म)

नेपाली निबन्ध साहित्यको आधुनिक काल कहिलेबाट सुरु भयो भन्ने सम्बन्धमा विद्वान्हरू बिच मतक्यैता पाइदैन । प्रा. राजेन्द्र सुवेदीले नेपाली निबन्धको आधुनिक काल वि.सं. १९७३ देखि सुरु भएको उल्लेख गर्दै आधुनिक निबन्धको विकासक्रमलाई पाँचवटा मोडमा विभाजन गरेका छन् । गोपिकृष्ण शर्माले वालकृष्ण समको 'बर्दहामा शिकार' १९९१ 'शारदा' मा प्रकाशित निबन्धबाट आधुनिक निबन्धको उद्घोष भएको उल्लेख गरेका छन् (शर्मा,२०६३:३८) ।

ईश्वर बरालले पनि 'सयपत्री' को भूमिकामा बालकृष्ण समको 'बर्दहामा शिकार'(१९९१) बाटै आधुनिक नेपाली निबन्धको सुरु भएको उल्लेख गरेका छन् (बराल, २०३०:२५) समको 'बर्दहामा शिकार' निबन्ध नभएर कथा हो (शर्मा र श्रेष्ठ, २०४६:१४१) । "बालकृष्ण समद्वारा लिखित 'बर्दहामा शिकार' लाई कथा मान्नका आधार स्वयम् यो कृति शिकार कथा हुनु नै हुँदै हो ; यसका साथै यो कृति कथा नै हो भन्ने स्वीकारोक्ति पनि स्वयम् लेखकद्वारा भएको पाइन्छ । समले 'मेरो कविताको आराधना'(उपसना-२) मा "मैले एउटा वर्णनात्मक कथा प्रारम्भ गरे - बर्दहामा शिकार" । त्यो आफ्नै किसिमको पहिलो छोटो कथा थियो ।"(पृ.६६ मा भनेका छन् । समले आफ्नो डायरी (अप्रकाशित) मा पनि यस कृतिलाई कथा नै भनेका छन् । 'शारदा' पत्रिकाको जुन अङ्कको (अर्थात् वर्ष १। अङ्क १) जुन पृष्ठमा यो कृति छापिएको छ , त्यसको पादटिप्पणी स्वरुप "बीस टुक्रा नामक छोटा कथाहरू मध्येको एक टुक्रा" भनेर लेखिएको पनि छ "(पूर्ववत्) । यतिमात्र होइन प्रथम आधुनिक निबन्धकार र निबन्धका रूपमा लक्ष्मीप्रसाद देवकोटा र उनको 'अषाढको पन्ध्र' नै उल्लेख गरिएको यथेष्ठ प्रमाणहरू पाइन्छन् । यसरी हेर्दा के स्पष्ट हुन्छ भने 'शारदा'(१९९१) मा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' (१९९२) नै पहिलो आधुनिक निबन्ध हो (शर्मा र श्रेष्ठ, २०४६:१४१) । लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक निबन्धकार हुन् । आधुनिकताको प्रवेश सँगै नेपाली निबन्धमा पाश्चात्य प्रभावको प्रवेश हुन्छ र आधुनिकताका नयाँ परिवेश र प्रवृत्तिले खेल्ने मौका पाउँछन् (शर्मा,२०६३:३८) । विभिन्न पत्र-पत्रिका र निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धले फस्टाउने मौका पाउँछ ।

नेपाली निबन्धको आधुनिक कालको विकास यात्रालाई चरण विभाजन गर्ने कुरामा पनि विद्वान्हरू बिच मतक्यैता पाइँदैन । तापनि नेपाली निबन्धको आधुनिककाललाई निम्नलिखित चार चरणमा विभाजन गर्दा उपयुक्त देखिन्छ :-

आधुनिक नेपाली निबन्धको प्रथम चरण (वि.सं.१९९२-२००३सम्म)

आधुनिक नेपाली निबन्धको द्वितीय चरण (वि.सं.२००४-२०१६सम्म)

आधुनिक नेपाली निबन्धको तृतीय चरण (वि.सं.२०१७-२०४५सम्म)

आधुनिक नेपाली निबन्धको चतुर्थ चरण (वि.सं.२०४६ देखि हाल सम्म)

### ३.५.३.१. आधुनिक नेपाली निबन्धको प्रथम चरण (वि.सं.१९९२-२००३सम्म)

आधुनिक नेपाली साहित्यका क्षेत्रमा 'शारदा' (१९९१) पत्रिकाको प्रकाशनले नयाँ मोड ल्याउन सफल भयो । आधुनिक नेपाली निबन्धको सुत्रपात गर्ने श्रेय पनि 'शारदा' पत्रिकाले नै प्रप्त गरेको छ । 'यस चरणको व्याप्ति २००३ सालसम्म रहन्छ र बनारसबाट प्रकाशित हुने 'युगवाणी' (२००४) पत्रिकाको प्रकाशन संगै यस चरणको समाप्ति हुन्छ'(शर्मा,२०६३:३८) ।

लक्ष्मीप्रसाद देवकोटा नै प्रथम आधुनिक निबन्धकार हुन् । 'शारदा'मा प्रकाशित उनको पहिलो निबन्ध 'आषाढको पन्ध्र'(१९९२) नै पहिलो आधुनिक नेपाली निबन्ध हो । नेपाली निबन्धका क्षेत्रमा नीति, शिक्षा तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने माध्यमिककालीन प्रवृत्तिको अन्त्य गर्दै विषयवस्तुमा नवीनता, पाश्चात्य ढङ्गको निजात्मकता र अन्तरहृदयका भावनालाई कलात्मक मूल्यका साथ प्रस्तुत गरेर नेपाली निबन्धमा आधुनिकता भित्र्याउने काम देवकोटाले गरे (शर्मा र श्रेष्ठ, २०४६:१४३) । वि. सं. १९९२ मा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले देवकोटामा रहेको निजात्मक सौन्दर्य चेतनालाई पहिलो पल्ट समुद्घाटन गऱ्यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिष्ठापन गर्न गहन भूमिका खेलेको छ । 'नेपाली निबन्धमा सौन्दर्यमूलक वस्तुपरक एवम् भावात्मक चेतनाको प्रवृष्टि बालकृष्ण सम, भेषराज शर्मा जस्ता स्रष्टाहरूबाट भयो । आधुनिक निबन्धको पहिलो चरणको नेतृत्व देवकोटाले गरेका छन् । यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । यस चरणका निबन्धहरूमा विचारभन्दा बढ्ता भाव र अन्तरमुखी चिन्तनका पक्षहरू स्थापित भएका छन्' (सुवेदी, २०६३:१६) ।

नेपाली निबन्धमा सौन्दर्यमूलक एवम् भावात्मक चेतको प्रविष्टि गराएर लेख्ने देवकोटाले वि. सं. २००२ सम्ममा ३७ वटा विचारभन्दा बढ्ता भाव र अन्तरमुखी चिन्तन अभिव्यक्त भएका निबन्धहरूको सङ्ग्रह प्रकाशन गरे । यसै समयमा 'निद्रा'(१९९५), 'बेलामा'(२०००), 'फर्सीको झोल'(२००१), 'नरनारी' लेखिसकेका र 'नरनारी' बाहेक अरू तीनवटै 'शरदा' मा प्रकाशित भइसकेका थिए । "उस्ताजको रियाजभन्दा चरीको सहज कुजनलाई निबन्धको मूल मर्म ठान्ने देवकोटाका निबन्धमा मस्तिष्कको कसरत होइन, हृदयको पोखाइ छ । देवकोटाको 'लक्ष्मी निबन्ध सङ्ग्रह'(२००२) संगालोले यस चरणलाई नेपाली निबन्धको स्वर्णयुग सिद्ध गरेको छ"(शर्मा, २०६३:३९) ।

यस चरणमा समले वस्तुपरक र देवकोटाले आत्मपरक धाराको सूत्रपात गरे । यसरी नेपाली निबन्धमा निजात्मक र परात्मक धाराको सूत्रपात भएको देखिन्छ (लुइँटेल र गौतम, २०५४:१४) । वस्तुपरक धारामा समले 'त्यो'(१९९२), 'पानी'(१९९१), 'प्राकृतिक जीवन'(१९९१), 'आत्मविश्वास'(१९९१) आदिमा समन्वयात्मक धारा पाइन्छ भने 'देखेको' मा तर्क प्रधान दार्शनिकताको प्रवाह पाइन्छ (अर्याल,२०४९:ग) । समको वस्तुपरक धारालाई अवलम्बन गर्दै नरेन्द्रमणि आ.दी., सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, धरणिधर कोइराला, रूपनारायण सिंह, हरिनाथ खनाल, टुकराज पद्मराज मिश्र, बाबुराम आचार्य आदिले निबन्धमा कलम चलाए । आत्मपरक धारालाई अङ्गाल्दै 'भलाद्मी'(१९९८), 'निद्रा'(१९९५), 'फूल'(१९९५), 'पहाडी जीवन' (१९९७), लगायत तेह्रवटा अनुदित निबन्धहरूको 'संगालो प्रसिद्ध प्रबन्ध सङ्ग्रह'(१९९८),

सैतिसवटा निबन्धहरूको संगालो 'लक्ष्मी निबन्ध सङ्ग्रह'(२००२) र अनेकौ फुटकर निबन्धहरू लिएर लक्ष्मीप्रसाद देवकोटाले नेपाली निबन्ध साहित्यलाई पश्चिमी साहित्यको समकक्षी बनाइदिए । यस चरणमा नेपाली निबन्धलाई विकास र विस्तार गर्ने काममा स्वदेश तथा विदेशबाट निस्कने पत्रपत्रिहरूले ठूलो योगदान पुऱ्याए । 'गोरखापत्र', 'शारदा', 'प्रगति', 'धरती', 'प्रहरी', 'साहित्य सम्मेलन'(१९८९), 'उद्योग'(१९९२), 'उदय'(१९९३), 'नेबुला'(१९९३), 'खोजी' (१९९७), र 'परिवर्तन' आदि पत्र-पत्रिकाहरूले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिए (शर्मा र श्रेष्ठ ) ।

यस अवधिमा मूलत : "तीनवटा प्रवृतिहरू देखा परेका छन् । "तिनमा पहिलो प्रवृत्ति हो- देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावाद र दास्रो प्रवृत्ति हो -समबाट प्रवृत्त भएको शास्त्रीयतावाद । तेस्रो प्रवृत्ति क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिमा कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, खड्गमान मल्ल, यदुनाथ खनाल, भेषराज शर्मा, आदि पर्दछन् । यस प्रवृत्तिमा आलोचनात्मक यथार्थवादको प्रभुत्व रहेको छ । यस प्रवृत्तिको नेतृत्व हृदयचन्द्रसिंह प्रधानले गरे" (सुवेदी,२०६३:१६) ।

समग्रमा हेर्दा यस चरणमा 'शारदा'को प्रकाशनदेखि 'युगवाणी'(२००४) को प्रकाशन पूर्व नेपाल र भारत दुबैतिरबाट नेपाली निबन्धको लेखन एवम् प्रकाशन हुनका साथै आत्मपरक र वस्तुपरक निबन्धको विस्तार भयो । यस बेलाका निबन्धहरूमा विषयवस्तु, संरचना र स्वरुपमा पनि विविधता देखियो । मौलिक तथा अनुदित निबन्धहरू लेखिनुका साथै बौद्धिकता र हार्दिकता जस्ता निबन्धका पक्षहरू प्रष्टरूपमा छुट्टिए । निबन्धमा शैलीगत नवीनता एवम् काव्यात्मकता पाइयो । यसै बेलादेखि हास्यव्यङ्ग्यात्मकताको प्रयोग पनि हुन थाल्यो । परिमाणात्मक र गुणात्मक दृष्टिले अन्तर्राष्ट्रिय स्तर प्राप्त गऱ्यो । त्यसैले यसकालको प्रथम चरणलाई नेपाली निबन्धको स्वर्ण युग मान्नु उपयुक्त देखिन्छ ( लुइँटेल र गौतम, २०५४:२०) । यस चरणका केन्द्रिय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् ।

नेपाली साहित्यमा आधुनिक नेपाली निबन्धको यो ज्यादै उर्वर समय हो । प्रयोग, विविधता र स्वरूप बन्धनका दृष्टिले पनि यस चरणमा नेपाली निबन्धहरूले निश्चित गोरेटो ठम्याइ सकेका छन् । सङ्क्षिप्तता, एकान्विति र शृङ्खलित धारा जस्ता स्वरूपगत विशेषताहरूलाई पक्रन समर्थ भएका यस चरणका निबन्धहरू आधुनिक नेपाली निबन्ध साहित्य कै उज्वल गरिमा हुन् । यिनका आफ्नै विशिष्ट प्रवृत्तिहरू छन् । प्रथम चरणका मूलभूत प्रवृत्तिहरू निम्न देखिन्छन् (शर्मा, २०६३:३९):

– वौद्धिकताको आग्रह,

– हार्दिकताको पोखाई,

– अङ्ग्रेजी साहित्यको प्रभावबाट निबन्ध लेखन,

– निबन्धको अनुहारमा विविधता,

– शिल्पगत नवीनता, आदि ।

### ३.५.३.२ आधुनिक नेपाली निबन्धको द्वितीय चरण (वि.सं.२००४-२०१६)

नेपाली निबन्ध साहित्यको विकासमा पत्र-पत्रिका को ठूलो योगदान रहेको छ । बनारसबाट 'युगवाणी'(२००४) साप्ताहिक पत्रिकाको प्रकाशन सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरण शुरु हुन्छ । यस चरणको व्याप्ति 'रूपरेखा'(२०१७) पत्रिका प्रकाशन पूर्व वि. सं.२०१६ सालसम्म रहन्छ (शर्मा,२०६३:४१) । काठमाडौंबाट पनि वि.सं. २००४ साल मै हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा 'साहित्यस्रोत' पत्रिकाको प्रकाशनले निजात्मक निबन्ध लेखनका प्रतिभालाई जन्माएको छ (पूर्ववत्:४२) । हृदयचन्द्र सिंह प्रधानका नौला वान्की भएका निबन्धहरूबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दास्रो चरणको थालनी भएको हो । यस अवधिमा 'पुरुषार्थ'(२००६), 'भारती'(२००६), 'आँखा'(२००५), 'प्रभात'(२००७), 'प्रगति'(२०१०), 'गोर्खा'(२०११),'नौलो पाइलो'(२०१३), 'इन्द्रेणी'(२०१३), 'प्रहरी'(२०१६), 'नेपाली' (२०१६) जस्ता पत्र-पत्रिकाहरूले स्वतन्त्र लेखनमा विस्तार गरे(लुइँटेल र गौतम, २०५४:२०) र यी पत्र-पत्रिकाहरूमा थुपै निबन्धहरू प्रकाशित भएका छन् ।

यस बेलाका निबन्धहरूमा तत्कालीन राजनैतिक अवस्थाले जन्माएका विकृतिहरू अन्त्य गरी स्वस्थ र सुन्दर समाजको स्थापना गर्ने चाहना अभिव्यक्त भएको पाइन्छ । यस समयका निबन्धकार देवकोटाले विशुद्ध प्रकृतिवादी सौन्दर्यलाई परित्याग गरी क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिको लेखन तर्फ उन्मुख भए ।

यस समयका प्रमुख निबन्ध र निबन्धकारहरूमा हृदयचन्द्र सिंह प्रधानको 'सिरक' रामकृष्ण शर्माको 'आफ्नै लेखनीको परामर्श'(२००६), ईन्द्रबहादुर राईको 'चाखलाग्दो कसरी हुनु' (२००६), शिवकुमार राईको 'बालुवाका कण'(२००७), तारानाथ शर्माको 'अस्पृश्यता'(२०११), ईश्वर बरालको 'म तीन फेरि हाँसे'(२०१४), अच्छा राई 'रसिक'को 'बसुवैध कुटुम्बकम्'(२००४) विशेष उल्लेखनीय छन् (शर्मा, २०६३:४२) । यस चरणका अन्य निबन्धकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, रामकृष्ण शर्मा, भीमनिधि तिवारी, बदरीनाथ भट्टराई, श्यासप्रसाद शर्मा, वासुदेव शर्मा लुइँटेल, चुडानाथ भट्टराई, केशवराज पिंडाली आदि देखिन्छन् ।

निबन्ध सङ्ग्रहका दृष्टिले पनि यो चरण अपेक्षाकृत समृद्ध छ । यस चरणमा हृदयचन्द्रसिंह प्रधानको 'तीस रुपियाँको नोट'(२००४), 'जुँगा'(२००९) र 'कुरा साँचो हो'(२०११) वदरीनाथ भट्टराईको 'पच्चिस प्रबन्ध'(२००८), भीमनिधि तिवारीको 'प्रबन्ध प्रबन्ध'(२००८),

श्यामप्रसाद शर्माको 'तँ- तिमी-तपाई-हजुर'(२०१४), केशवराज पिडालीको 'खै खै'(२०१६), अच्छा राई'रसिक'को 'सप्तकोशी'(२०११), चुडानाथ भट्टरायको 'निबन्ध चूडामणि'(१०१६) आदि देखा पर्दछन् ।

बदरीनाथ भट्टराई र भीमनिधि तिवारीका निबन्धहरू परात्मक तथा वस्तुपरक देखिन्छन् । प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिंडाली, बासुदेव शर्मा लुइँटेल आदिले अगाडि बढाए । खोज अनुसन्धानमा कमल दीक्षितको नाम आउँछ । श्यामप्रसाद शर्मा र हृदयचन्द्र सिंह प्रधानले निजात्मक निबन्धको आलोचनात्मक यथार्थवादी प्रवृत्ति अँगाले । यसै समयका देवकोटाले क्रन्तिकारी -स्वच्छन्दतावादी प्रवृत्तिले पनि चरमोत्कर्ष रूप प्राप्त गरेको छ । यिनमा क्रन्तिकारी -स्वच्छन्दतावादी प्रवृत्तिले चरमोत्कर्ष रूप प्राप्त गरेका निबन्धहरूमा 'साँढे' 'शिशुभक्षकका लागि क्षमा प्रार्थना !', 'म सुवासिनी मान्छे भए के गर्ने थिँए' आदि हुन् , जुन त्यतिबेला प्रकाशित हुन सकेनन् । पछि 'दाडिमको रुखनेर' (२०३९) निबन्ध सङ्ग्रहमा सङ्कलित हुन पुगेका छन् । तैपनि हृदयचन्द्रसिंह प्रधानको आलोचनात्मक यथार्थवादी धाराको तुलनामा देवकोटा पछि परेका देखिन्छन् । यस चरणका निबन्धहरूमा पाइने प्रमुख प्रवृत्तिहरू निम्नलिखित छन् :

- परात्मक निबन्ध लेखन,
- हास्यव्यङ्ग्य निबन्ध लेखन,
- अध्ययन अन्वेषण मूलक निबन्ध लेखन, आदि ।

यस चरणमा यात्रा-संस्मरणप्रधान निबन्धलेखनको प्रारम्भका साथै प्रगतिशिलता, वैचारिकता एवम् बौद्धिकतायुक्त निबन्धहरू लेख्ने कार्य भए । निजात्मक र परात्मक निबन्धको विकास र विस्तारका साथै खोज अनुसन्धनमूलक निबन्ध पनि लेखिए ।

### ३.५.३.३ आधुनिक नेपाली निबन्धको तृतीय चरण (वि.सं. २०१७-२०४५ सम्म)

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको थालनी 'रूपरेखा'(२०१७) पत्रिकाको थालनी सँगै भएको छ । यसै पत्रिका मार्फत शङ्कर लामिछानेबाट प्रयोगशील निबन्ध लेखनको थालनी भई निबन्धको विकासमा नयाँ मोड आएको देखिन्छ (लुइँटेल र गौतम, २०५४:२४) । "नेपाली निबन्धमा विषय र शैली दुबैतिरबाट बिल्कुलै नौलो प्रयोग गर्ने निबन्धकार भनेर शङ्कर लामिछानेको नाम लिइन्छ । थोरै लेखेर पनि नेपाली निबन्धको स्वरुप र शैलीमा शङ्करले नयाँ क्रान्ति ल्याउनु भएको छ, यस क्रन्तिको भाव पक्षमा निस्सारवादको धुलोमैलो पनि पाइन्छ तापनि कलापक्ष वेजोड छ भन्न करै लाग्छ (अर्याल,२०४९:ट) । वि. सं. २०१७ सालपछि नेपाल र भारत दुबैतिर विभिन्न साहित्यिक पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । नेपालबाट 'मधुपर्क',

'नेपाली', 'रचना', 'अभिव्यक्ति' , 'भानु', 'प्रज्ञा', आदि पत्रपत्रिकाहरूले नेपाली निबन्धलाई अगाडि बढाए । भारतबाट 'फूलपातपत्कर', 'तेस्रो आयाम' , 'मालिङ्गो', 'हिमलोक', 'नेबुला', 'दियो', 'सुमन', विन्दु', 'युगान्तर', 'प्रक्रिया' आदि सहित थुप्रै साहित्यक पत्र-पत्रिकाहरूले आधुनिक नेपाली निबन्ध साहित्यिको विकासमा मद्दत पुऱ्याएका छन् ।

तृतीय चरणले जन्माएका निबन्धकारहरू मध्ये शङ्कर लामिछाने(१९९४-२०३२) विशेष उल्लेख्य छन् । यिनका 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' (२०२४), 'गोधुली संसार'(२०२७), 'बिम्ब-प्रतिविम्व'(२०२८) निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई व्यक्त गर्ने निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, चित्रात्मक र काव्यात्मक भाषाको प्रयोग भएको पाइन्छ । बौद्धिकता, चिन्तनशीलता र प्रयोगधर्मिता उनका निबन्धात्मक प्रवृत्तिहरू हुन् (लुइँटेल र गौतम, २०५४:२५) । "शिल्पका दृष्टिले यस चरणलाई नेतृत्व गर्नेहरूमा चेतनप्रवाह पद्धतिका फाँटमा शङ्कर लामिछाने, यात्राका फाँटमा स्वच्छन्दतामूलक अराजक विचार शङ्कर लामिछानेबाट प्रभुत्व भएको छ भने यथार्थमूलक प्रगतिवादी विचार श्यामप्रसाद शर्माबाट समाजका धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गतिका पक्षहरूलाई राजनीति एवम् आर्थिक विसङ्गतिहरूलाई प्रहार गर्दै व्यङ्ग्य गर्ने निबन्धहरू यस युगका उपलब्धीपूर्ण  सामाग्री हुन(सुवेदी, २०६३:१७) ।

यस चरणका प्रमुख निबन्धकार र निबन्ध सङ्ग्रहरूमा वालकृष्ण पोखरेलका 'उकुसमुकुस'(२०२९), 'कलेजस्तरका निबन्धै निबन्ध'(२०२७), 'तेस्रो एकमुखे रुद्राक्षको खोजी' (२०४०), तारानाथ शर्माका 'नमस्ते'(२०१८), 'जमर्काहरू'(२०२५), 'बेलायततिर बरालिदा', (२०२६), 'जीवनका छाल'(२०३०), 'पाताल प्रवास'(२०४२), कृष्णचन्द्रसिंह प्रधानका 'सालिक' (२०२६), 'अनाम सत्य'(२०४५), 'पाइला आगतमा टेकेर '(२०४७) आदि उल्लेखनीय छन् ।

हास्यव्यङ्ग्य निबन्धका फाँटमा हास्यव्यङ्ग्य निबन्धका फाँटमा चर्चित निबन्धकार भैरव अर्यालका 'काउकुती'(२०१९), 'जयभुँडी'(२०२२), 'गलबन्दी'(२०२६), 'प्रवेशिका निबन्ध'(२०२७), 'इतिश्री'(२०२८), र 'दश औतार'(२०३३) निबन्ध सङ्ग्रहहरूले विशिष्ट स्थान राखेका छन् । कृष्णप्रसाद ज्ञवालीको 'पिपलको छाहारी'(२०३२), विष्णु नवीनको 'श्रीमतीसित एकदिन'(२०२९), देवीचन्द्र श्रेष्ठको 'हुम्ला बोल्छ मानसरोवरमा'(२०३७), र 'काठमाडौं बाहिर'(२०३८) उत्तम कुँवरको अनुभव र अनुभूति'(२०३९) प्रमुख छन् । यस चरणका अन्य उल्लेख्य निबन्धकार र निबन्ध सङ्ग्रहहरूमा कमल दीक्षितको 'यस्तो पनि'(२०१४), 'कालो अक्षर'(२०१७), 'उखान मिलेन'(२०३७), रामकृष्ण शर्माको 'टेबुल गफ : नौ बैठक'(२०२८) पारसमणि प्रधानको 'टिपन टापन'(२०२७), रामलाल अधिकारीको 'भोकाएको कुकुरले के भन्छ?'(२०१९), कुमार बहादुर जोशीको 'सञ्चयन'(२०२५), घटोत्कच शर्माको 'दमाहा'(२०२४),  श्रीधर खनालको 'नमरी संसार

देखिन्न'(२०२०), श्याम गोतामेको 'मपाई'(२०२६), रामकुमार पाँडेको 'बाबुको बिहे'(२०३०), मोहनराज शर्माको 'इन्टरभ्यु स्पेसलिष्ट मिष्ट झप्पु सिंह डवल एम. ए.(२०३८) आदि उल्लेख्य छन् ।

यस अवधिको निबन्ध लेखनमा विविधतामय छ । हार्दिकता र बौद्धिकताको जोड -घटाउ वा सन्तुलन कायम गर्दै रहेका निबन्धको पौल पनि यसै चरणको उपलब्धि हो (शर्मा,२०६३:४७) । यस चरणमा निबन्ध लेखनले उन्मुक्त बाटो पहिल्याइ सकेको छ । यस स्थितिमा अभिव्यक्ति, आकर्षक शब्द सज्जा, नवीन प्रस्तुति, नौलो दृष्टि, सामयिक विचार थप मोड र साझा अनुभूतिलाई समेटेर निबन्ध लेख्ने परम्परा बस्यो । यस चरणका निबन्धहरूमा अपेक्षाकृत रूपमा कसिलोपन आइसकेको छ । स्पष्ट अभिव्यक्ति, साझा अनुभूति र विविध विषय भएर निबन्ध साहित्यले आफ्नो फाँटलाई विस्तृत तुल्याएको अनुभव हुन्छ (पूर्ववत् :४८) । यस चरणका मूलभूत प्रवृत्तिहरू निम्न लिखित छन् :

- परम्पराको सम्भरणमा थप चेष्टा,
- अनुसन्धानात्मक र समालोचनात्मक दृष्टिमा विकास,
- व्यक्तिसत्ताको प्रतिष्ठा, आदि ।

### ३.५.३.४ आधुनिक नेपाली निबन्धको चतुर्थ चरण (वि.सं.२०४६ देखि वर्तमानसम्म)

मुलुकमा प्रजातन्त्रको पुनर्बहाली सँगै वि.सं. २०४६ देखि आधुनिक नेपाली निबन्धमा चतुर्थ चरणको थालनी हुन्छ । साहित्य-सिर्जनाले समेत उन्मुक्त वातावरण पाउँछ र निबन्ध लेखनमा पनि नयाँ नयाँ प्रयोगहरू हुन थाल्छन् (शर्मा, २०६३:४९) । यस अवधिमा स्वच्छन्दतामूलक र अन्तरमुखी चेतनाको स्थान नगन्य हुँदै गएको छ । २०४६ पछिका वर्षहरूमा अराजकमूलक स्वच्छन्दावादको विकास हुँदै गएको छ । "देशका मुटुमा भएका बौद्धिक अतिक्रमण, संवेदनशील क्षेत्रमाथिका आक्रमण, प्रकृतिक संसाधनमाथिका गिद्धे दृष्टि, सञ्चार, परिधान, कला र वैज्ञानिक चेतका कारण आएका अनेकतम् झञ्जावातहरूका बिचमा च्यापिएर आफ्नो पहिचानको रक्षार्थ खटेका निबन्धकारहरूमा आज तीनवटा प्रवृत्तिगत सीमाहरू देखिएका छन् । पहिलो सीमा हो शत्ताको संस्तुतिमा जुट्ने, दोस्रो सीमा हो , आफूले अपेक्षा गरेकासँग विमति राख्दा राख्दै पनि विरोध प्रकट गर्न नसक्ने, तेस्रो सीमा हो विशुद्ध यथार्थवादी मूल्यको पहिचानमा निबन्ध सृजना गर्ने"(सुवेदी,२०६३:१८) ।

यस चरणका प्रमुख निबन्धकार र निबन्ध कृतिहरूमा हृदयचन्द्र सिंह प्रधानको 'पाइला आगतमा टेकेर'(२०४७), 'वाग्मतीको हरक'(२०५७), निर्मोहि व्यासको संस्मरणात्मक निबन्ध 'नौं पाइला'(२०४६), दुर्गाप्रसाद भण्डारीको 'मृगस्थली'(२०५८), माधवप्रसाद पोखरेलको 'मेरो मान्छे'

(२०५४), 'नागदहको स्थिति'(२०५९), अभि सुवेदीको 'कार्पेट रङ्गिएको आकास'(२०५६), 'विश्वविद्यालयमा अग्निपूजा'(२०६१), महेश प्रसाईको 'शब्दसारथी'(२०५७), राजेन्द्र सुवेदीको 'खाली सिसि पुराना कागज'(२०४९), श्रीओम श्रेष्ठ 'रोदन'को 'अर्थहिन अर्थहरू'(२०५४), भीष्म उप्रेतीको 'नीलो पानी र नीला भावनाहरू'(२०५९), कृष्ण धरावासीको 'नारी भित्र त्यस्तो के छ हजुर?'(२०५३), युवराज नयाँघरेको 'एकहातको ताली' (२० ६५), 'काठमाडौंलाई कोर्रा'(२०५८), नरेन्द्रराज प्रसाईको 'कता कताको कथा'(२०५९), रघु घिमिरेको 'राम्रो म'(२०५८), ज्ञानेन्द्र विवशको 'प्रणय र पाइला'(२०६१) आदि उल्लेख्य छन् ।

यस चरणका चर्चित निबन्धकारहरूका निबन्धमा राजनीतिक तथा समाजिक विकृतिप्रति रुमानी व्यङ्ग्यको प्रयोगका साथै समसामयिक चेतनाको अङ्कन जस्ता विषयगत प्रक्षेपण प्रवृत्तिगत रुपमा देखा परेका छन् । आधुनिक नेपाली निबन्धले २०५० को दशकमा आएर वस्तु र प्रस्तुती दुबै तहमा अग्रगामी फड्को मारेको छ । युग चित्रणको चेष्टा नघुमाइकन सोझो भनाइ स-साना वाक्य र अनुच्छेदहरू, क्रियाविहिन वाक्यको पनि संयोजन, काव्यिक भाषाको प्रयोग र छोटो आयाममा निबन्ध लेखन यस अवधिका निबन्धका विशेषताहरू हुन् (शर्मा,२०६३:५०) ।

“यस पछिल्लो चरणको उपलब्धि निरूपण गर्दा के देखिन्छ भने समाजमा देखिन आएका नयाँ प्रयोग र मूल्यहरूको प्रभावलाई नयाँ शिल्प र नयाँ विम्बमा एउटा यात्रा र निजात्मकता भित्र व्यङ्ग्योचित विम्बको समायोजन गर्ने आदर्श र अनाकर्षक विषयलाई निबन्धको प्रतिष्ठा प्रदान गर्ने, वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिधिको मर्यादा प्रदान गर्ने यस समयको वैशिष्ट्य निक्कै गरिमायुक्त छ । यसलाई निबन्धको वर्तमानकालीन उपलब्धी मान्नु वाञ्छनीय ठर्हछ”(सुवेदी,२०६३:१८) । यस चरणमा २०६० को दशकमा आएर यात्रा निबन्ध निक्कै मौलाएको छ । यात्रा निबन्धाका फाँटमा प्रतीक ढकालको 'सेती पनि काली पनि' उत्कृष्ट यात्रा निबन्ध कृति मानिन्छ ।

यसरी हेर्दा वर्तमान अवधिसम्म आइपुग्दा नेपाली निबन्ध विधाले निक्कै लामो यात्रा पार गरिसकेको छ । निजात्मकता भित्र पनि संस्मरण र प्रतिक्रिया गास्ने, अभिव्यक्तिमा कौतुहलाता सिर्जना गर्ने र भन्नु पर्ने कुरा झ्वाप्प संङ्केत गरिहाल्ने प्रवृत्ति यता विकसित भएको छ (शर्मा,२०६३:५१) । नेपाली निबन्धको ऊर्ध्वगामी यात्रालाई नेपाली साहित्यको विकासमा सुखद संयोग नै मान्नु पर्छ ।

समग्रमा नेपाली निबन्धका लागि वर्तमानकाल उत्कर्षकाल हो । यस चरणमा हास्यव्यङ्ग्यात्मक धाराको विकास र विस्तार हुनका साथै यात्रा संस्मरणमा आधारित निबन्ध लेखनमा तीव्रता आयो । यस समयका निबन्धमा यथार्थवादी प्रगतिवदी दृष्टिकोण पाइनुका साथै

विश्वसाहित्यमा देखा परेका विविध प्रयोगहरू यस चरणका प्रवृत्ति भए । वौद्धिकता, तार्किकता एवं अनुसन्धान्मूलकताका साथै प्रयोगधर्मिता अमूर्तता र शिल्पशैलीगत नवीनता यस चरणका केन्द्रिय विशेषता हुन् । यस चरणका समग्र निबन्धहरूमा राष्ट्रवादी स्वर र युगवोध पाइन्छ । चिन्तनशिलता र वैचारिकता पनि यस चरणको विशेषता भएको छ । यस्तै किसिमका निबन्धहरूको लेखन अझै समकालीन युवक निबन्धकारहरूबाट भैरहेको छ ।

## ३.६ निष्कर्ष

निष्कर्षत : नेपाली निबन्ध विधाको थालनी नेपाली साहित्यको माध्यमिक कालमा भयो र 'शारदा' सँगै यसले आफ्नो मौलीक स्वरूप ग्रहण गर्‍यो । 'शारदा' पूर्वको नेपाली निबन्धको समय समष्टिमा हेर्दा पृष्ठभूमी र पूर्वभ्यासको समय हो । शारदाबाट नै नेपाली निबन्धको आधुनिक कालको सूत्रपात हुन्छ । जसको प्रथम चरणको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले, द्वितीय चरणको नेतृत्व हृदयचन्द्र सिंह प्रधानले , तृतीय चरणको नेतृत्व शङ्कर लामिछानेले गरेका छन् । चौथो चरणमा श्रीओम श्रेष्ठ'रोदन', युवराज नयाँघरे । कृष्ण धरावासी जस्ता प्रतिभाहरूले यसलाई अगाडि बढाइरहेका छन् । त्यसैले यसको उच्चतम प्राप्ति अहिले ठम्याउन मिल्दैन र सकिदैन पनि । हाल सम्म आउँदा साहित्यका अन्य विधासँग कुममा कुम जोडेर त्यसरी नै हिड्न नसके पनि नेपाली निबन्ध विस्तारै प्रगति पथमा लम्की रहेको छ । नेपाली निबन्ध उत्तरोत्तर विकसित हुँदैछ ।

परिच्छेद चार

# राजेन्द्र सुवेदीको निबन्धकारिता र 'म हुँ औंला नकाटिएको एकलव्य निबन्ध' सङ्ग्रहको कृतिपरक अध्ययन

## ४.१ राजेन्द्र सुवेदीको निबन्धकारिता

राजेन्द्र सुवेदी चर्चाका दृष्टिले कम चर्चित निबन्धकार भए पनि नेपाली निबन्धका फाँटमा सबल र आस लाग्दा निबन्धकार हुन् । वि. सं. २०२६ सालमा बनारसबाट प्रकाशित हुने 'मञ्जरी' पत्रिकामा 'युवकको उद्देश्य' शीर्षकको निबन्ध प्रकाशित गराएर उनी नेपाली निबन्धका फाँटमा उदाएका हुन् । उनी पूर्ववर्ती निबन्धकारहरू लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल, शङ्कर लामिछाने लागायतका नेपाली निबन्धकारहरूका प्रवृत्तिलाई पच्छ्याउँदै थप मौलिक विशेषताका साथ नेपाली निबन्ध फाँटलाई उर्वर बनाउने निबन्धकार हुन् । 'म हुँ औंला नकाटिएको एकलव्य' उनको मौलिक निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रह भित्र चौधवटा निबन्धहरू संकलित छन् । यिनै निबन्धहरूमा पाइने वैशिष्ट्यका आधारमा निबन्धकार राजेन्द्र सुवेदीको प्रवृत्तिगत विशेषताहरूलाई तल उल्लेख गरिएको छ :

### ४.१.१ प्रगतिवादी निबन्धकार

मूलत : समाजवादी यथार्थवाद र यथार्थवादका धरतीमा मार्क्सवादी दर्शनको वीजारोपणबाट उम्रिएको काव्य सिद्धान्तलाई प्रगतिवादी भनिन्छ (जोशी,२०६६:५७) । प्रगतिवादी वा मार्क्सवादी लेखकहरू किसान, मजदुर र सर्वहारा जस्ता समाजका तल्ला वर्गप्रति विशेष ध्यानदिदै उनीहरूको दुःख मोचन मार्क्सवादी ढङ्गले गर्ने कुरा गर्दछन् (पूर्ववत्) । राजेन्द्र सुवेदी आफ्ना निबन्धमा दीनहीन, मजदुर, किसान, हलीगोठाला र खेताला जस्ता निम्न वर्गका मानिसहरूको चित्रण गर्न सिपालु छन् (सुवेदी, २०५५:९३) । उनका निबन्धमा अन्याय, शोषण, दमन र दुराचारका बारेमा पनि उल्लेख गरिएको छ । उनका कतिपय निबन्धमा प्रगतिवादी चेतना पाइनेकुरा लक्ष्मणप्रसाद गौतमले पनि उल्लेख गरेका छन् (ज्योति,२०६६, साउन :८७) । उनका 'काभ्रोमा हुर्किको बरको रुख', 'सम्पन्न दरिद्रता', 'सफ्टवेयर, दसै र मेरो कम्प्युटर माउस' आदि निबन्धहरूमा प्रगतिवादी चेतना पाइन्छ ।

### ४.१.२ प्रयोगवादी निबन्धकार

राजेन्द्र सुवेदीको अर्को निबन्धात्मक मूल प्रवृत्ति प्रयोगवादी हो । उनका निबन्धमा शङ्कर पछिको प्रयोग चेत यथार्थवादी ढङ्गले प्रस्तुत भएको छ (म.हुँ. औं. न.ए.,२०६५:प्रकाशकीय) । परम्परागत स्थापना र रूढीहरूबाट अगाडि बढेर नयाँ नयाँ दिशाहरूको अन्वेषण र स्थापना एवम् स्थापित मर्यादाका जीवन्त सम्भावनाहरूलाई विकसित गर्ने र स्थापित मान्यताहरूको विवेकपूर्ण खण्डन र प्रयोगद्वारा नै सम्भव हुन्छ भन्ने दृष्टिकोण, मान्यता वा सिद्धान्तलाई आत्मसात् गर्ने कला-साहित्यगत प्रवृत्ति नै प्रयोगवाद हो (जोशी,२०६६:११८,११९) । नेपाली निबन्धका क्षेत्रमा वितेर गएका साहित्यिक सर्जकहरूप्रति स्मृति विम्बका आधारमा संस्मरणात्मक शैलीमा लेखिएको कृति हो 'गुडबाइ ! छोडिजानेहरूलाई !!'(२०६५) । यसमा स्रष्टाहरूका बारेमा निबन्धका माध्यमबाट जानकारी दिन खोजिएको छ । यसैले यो कृतिमा समावेश सबै निबन्धहरूमा नौलो प्रयोग गरिएको छ । 'अधिकार प्रत्यायोजन' निबन्धमा शैलीका क्षेत्रमा प्रयोग हुने पावर प्वाइन्ट शैलीको प्रयोग गरिएको छ । 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्धमा प्रचीनदेखि नुतन मिथकहरूको प्रयोग गरिएको छ । 'सफ्टवेयर, दसै र मेरो कम्प्युटर माउस' निबन्धमा पावर प्वाइन्ट 'मुसा, मृत्यु र शवयात्रा' मा प्रत्यक्ष प्रसारण शैलीको प्रयोग, 'काभ्रोमा हुर्किएको बरको रुख' मा स्मृति, नियात्रा एवम् संवादात्मक शैलीको प्रयोग गरेक छन् । यसरी हेर्दा उनका हरेका निबन्धमा केही न केही नयाँ प्रयोग गरेको पाइन्छ । त्यसैले उनी प्रयोवादी निबन्धकार हुन् ।

### ४.१.३ यथार्थवादी निबन्धकार

यथार्थ जीवन र खसोखास तथ्यलाई निष्पक्ष र निडर भई पूरा इमान्दारीताका साथ ठीकठीक तरिकाले अथवा भनूँ वस्तुगत ढङ्गले तिनमा कटु नराम्रा र वेदनादायी कुराहरूलाई समेत कत्ति पनि तलमाथि नपारीकन तिनको आदर्शीकरण नगरीकन चित्रण-अङ्कन गर्नुपर्छ तथा वर्णन -विवरण प्रस्तुत गर्नुपर्छ भन्ने मान्यता वा सिद्धान्त नै यथार्थवाद हो (जोशी,२०६६:३५) । आफ्ना विगतका अनुभवहरूको संस्मरण गर्नु र समाजसेवी एवम् साहित्यिक व्यक्तित्वहरूलाई श्रद्धाका भावहरू व्यक्त गर्दै तत्कालीन परिवेशको वास्तविक यथार्थलाई चित्रण गर्नु निबन्धकार सुवेदीको वैशिष्ट्य हो(सुवेदी,२०५५:९३) । निबन्धकार राजेन्द्र सुवेदीले निबन्धमा विषयवस्तुलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरेका छन् । 'वधाई ! मेरो समृद्ध वर्तमानलाई' निबन्धमा राष्ट्रिय यथार्थको वर्णन गर्दै यस्तो विसङ्गतिपूर्ण परिस्थिति आफूले सहन नसक्ने कुरा समेत उनी व्यक्त गर्छन्(सुवेदी,२०५५:२८) । 'लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र' निबन्धमा मुलुक लोकतान्त्रिक गणतन्त्र भएपछि उब्जिएका जातीय, सङ्घीय र वर्गीय सम्बन्धी समस्याहरू, 'काभ्रोमा हुर्किएको बरको रुख' मा गाउँघरमा जातिपाति छुवाछुत मान्ने र त्यसले उब्जाएका

समस्याहरूका बारेमा 'भूमण्डलीकरण, आन्दोलन र संवेदना' निबन्धमा विश्व भूमण्डलीकरण र आन्दोलनले आजका पुस्तामा देखापरेको संवेदनाका बारेमा निबन्धकारले यथार्थ ढङ्गमा प्रस्तुत गरेका छन् । त्यसैगरी उनका 'सम्पन्न-दरिद्रता', 'वर्तमान र गुरु परम्परा', 'म हुँ औंला नकाटिएको एकलव्य', 'मरेपछि सबै लोकेन्द्र', 'मुसा, मृत्यु र शवयात्रा', 'दरिद्र नेपालीको चाडवाड सम्पन्नता', 'गर्न धेरै धेरै बाँकी छ' निबन्धहरूमा सुवेदीले यथार्थ विचारहरू प्रस्तुत गरेका छन् ।

### ४.१.४ व्यङ्ग्यात्मक निबन्धकार

समाजमा भएका विकृति, विसङ्गति, प्रशासनिक ढिला सुस्ति, राजनीतिक विद्रुपता र नेताहरूको अदूरदर्शी दृष्टिकोण आदिप्रति व्यङ्ग्य गर्ने कला वा शैलीलाई व्यङ्ग्य भनिन्छ । यो सबैभन्दा स-शक्त र चोटिलो शैली हो । 'खाली शिशी पुराना कागज' निबन्धमा निबन्धकारले आफ्नो वैयक्तिक विवरण, देशको समाजिक आर्थिक, राजनीतिक अवस्थाको चित्रण गर्दै राष्ट्रिय वातावरणप्रति व्यङ्ग्य प्रहार गरेका छन्(सुवेदी,२०५५:२५) । सुवेदीका सबै निबन्धमा व्यङ्ग्यको प्रबलता पाइन्छ । युगजीवनका असङ्गति र वेमेलहरूलाई व्यङ्ग्यात्मक शैलीमा चोटिलो पाराले प्रस्तुत गर्नु सुवेदीको निबन्धात्मक धर्म हो । उनको निबन्धात्मक प्रमुख शैली भन्नु नै व्यङ्ग्य हो । उनी यस कुरालाई यसरी स्वीकार गर्दछन् :- "पञ्चायतको अन्त्यतिर भ्रूण रहेका प्रजातन्त्रका बिरुवाहरू लजका ढोकाबाट बाहिर निस्कँदै बलात्कार गर्ने काममा लागेको देख्दा उनलाई व्यङ्ग्यको पर्रा ओकल्न मन लाग्थ्यो"(सुवेदी,२०५५:३६) । 'राजेन्द्र सुजवेदीका निबन्धहरू आफ्नो सृजनशीलतासित आफूलाई साझेदारी गर्छन्-पद्धति, प्रणाली स्वीकार-अस्वीकार गरेर गर्छन् र आफ्नो दृष्टिकोणलाई पाठक समक्ष पूर्ण पारेर राख्छन् । विश्लेषण, व्याख्या र आलोचनाको समर्थन गरेर अनुभूति र विचारको प्रस्तुति दिने निबन्धकार सुवेदी ठीक ठाउँमा पुगी व्यङ्ग्यको घोषणा गर्दछन् । आफ्नो विचार र विषयको साक्षी हुने अधिकार आफू लिन्छन-समाजबाट विषय टिपेर, यो समाजको विषय हो भनेर र समाज राखेर आफू द्रष्टा भएको प्रमाण दिन्छन् । (अब मेरो क्यासेट बन्द हुन्छ,२०५६: प्रकाशकीय) । निबन्धकार सुवेदीको 'म हुँ औंलो नकाटिएको एकलव्य'(२०६५) निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत सबै निबन्धहरूले कुनै न कुनै रूपमा समाजका कुनै न कुनै पक्षलाई व्यङ्ग्य गरेकै छन् । उनी न्युन हाँसो को प्रयोगगर्दै, समाज सुधारको चाहना राख्दै व्यङ्ग्य गर्ने निबन्धकार हुन् । 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहको प्रकाशकीयमा सुवेदीमा भैरव पछिको व्यङ्ग्य चेत भएको कुरा उल्लेख गरिएको छ । भैरव अर्याल हास्य र व्यङ्ग्य दुबैलाई सन्तुलित रूपमा प्रयोग गर्ने निबन्धकार हुन् भने सुवेदी न्युन हास्यको प्रयोग गरी व्यङ्ग्य गर्ने निबन्धकार हुन् । 'लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र',

'सम्पन्न -दरिद्रता', 'म हुँ औंला नकाटिएको एकलब्य' आदि निबन्धहरूमा सुवेदीको व्यङ्ग्य चेत स्पष्ट रूपमा झल्किएको छ । त्यसैले उनी व्यङ्ग्यात्मक निबन्धकार हुन् ।

### ४.१.५ यात्रा निबन्धकार/ नियात्राकार

राजेन्द्र सुवेदीको अर्को प्रमुख निबन्धात्मक विशेषता यात्रा निबन्धकार हो । राजेन्द्र सुवेदीको 'मेरो यात्रा : मेरो परिवेशभित्र'(२०५४) पहिलो नियात्रा सङ्ग्रह हो । यस सङ्ग्रहमा निबन्धकार सुवेदीले देशका विभिन्न ठाउँहरूमा भ्रमण गर्दा सँगालेका आफ्ना अनुभवहरू र त्यहाँका सामाजिक, आर्थिक, भौगोलिक एवम् शैक्षिक स्थितिको उद्घाटन गरेका छन् (सुवेदी,२०५५:३७) । राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य'(२०६५) निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'काभ्रोमा हुर्किएको बरको रुख', यात्रा निबन्ध हो । उनको यात्रा संस्मरणात्मक शैलीको छाप एवम् प्रभाव उनका अन्य निबन्धहरूमा समेत परेको देखिन्छ । उनको यात्रा देश बाहिर नभएर देश भित्रै सीमित छ । नियात्रा भन्ने बित्तिकै विदेशी भूमीको मात्र होइन  स्वदेशी भूमी र मुलुक भित्रकै यात्रा पनि उत्तिकै रोचक, चाखलाग्दा र जानकारी मूलक हुन सक्छन् भन्ने ठोस र ज्वलन्त उदाहरण हुन् राजेन्द्र सुवेदीका नियात्रामूलक निबन्धहरू ।

### ४.१.६ मिथकीय निबन्धकार

निबन्धकार राजेन्द्र सुवेदीको अर्को प्रमुख निबन्धकारीय विशेषता आफ्ना निबन्धहरूमा मिथकको प्रयोग गर्नु पनि हो । उनी पूर्वीय मिथकहरूसँग वर्तमानमा घटेका समसामयिक घटनाहरूलाई जोडेर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्न खप्पिस निबन्धकार हुन् । उनको 'म हुँ औंला नकाटिएको एकलव्य' पूर्वीय द्रोणाचार्यको मिथकको सापेक्षतामा समसामयिक समयमा घटेका घटनाहरूलाई समेटेर लेखिएको उत्कृष्ट निबन्ध हो । सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'अधिकार प्रत्यायोजन', 'सम्पन्न-दरिद्रता', 'वर्तमान र गुरुपरम्परा', 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्धहरू पूर्वीय मिथकका सापेक्षतामा समसामयिक समयमा घटेका घटनाहरूलाई समेटेर लेखिएका निबन्धहरू हुन् । उनी मिथकीय घटना र वर्तमानमा हाम्रै समाज वरपर घटेका मिथकसँग मिल्दा जुल्दा घटनाहरूलाई आफ्ना तर्कहरूले दुरुस्त पारेर विश्वासिलो पारामा प्रस्तुत गर्ने खुबी भएका निबन्धकार हुन् ।

### ४.१.७  बौद्धिक निबन्धकार

राजेन्द्र सुवेदी  समान्यदेखि गहन खालका विषयवस्तुमा निबन्धलेख्ने निबन्धकार हुन् । निबन्धको विषयवस्तुमा बौद्धिक किसिमले आफ्ना तर्कहरू प्रस्तुतगरेर आफूलाई नाजायज लागेका विचारहरूप्रति समर्थन गर्नु र आफूलाई मन नपरेका विचारहरू उदाहरण सहितका तर्कहरू प्रस्तुत गरेर त्यसको खण्डन गरेका छन् । सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य'

निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत सबै निबन्धहरू बौद्धिक छन् । उनको 'द्वन्द्व, जीवन र मान्छे' मा द्वन्द्व कहाँ-कहाँ छ ? भन्ने सम्बन्धमा, 'लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र' निबन्धमा मुलुक लोकतान्त्रिक गणतन्त्र भएपछि उत्पन्न भएका जातीयता, सङ्घीयता आदिले उब्जाउने समस्याका बारेमा सुवेदीले बौद्धिक तर्कहरू पेस गरेका छन् । उनका निबन्धहरूमा जताततै बौद्धिकताको छाप पाइन्छ । त्यसैले बौद्धिक निबन्धकारिता सुवेदीको वैशिष्ट्य हो ।

### ४.१.८ विषयवस्तुगत विविधताका निबन्धकार

निबन्धकार सुवेदीका निबन्धको विषयवस्तुको सेरोफेरो व्यापक रहेको छ । उनी व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय विविध विषयलाई आफ्ना निबन्धमा समेट्छन् । उनी साहित्यिक व्यक्तित्व, साहित्यकारका कृतिगत भावसन्दर्भ, वैयक्तिक सन्त्रास, आवेग, संवेग, पुरा कथात्मक, पौराणिक ऐतिहासिक सन्दर्भ र तिनका सकारात्मक नकारात्मक परिणति, मानवसभ्यताको विकासयात्रामा देखिएका उपलब्धि, विश्वमानवजातिले भोग्नुपरेका समस्या र चुनौती चित्रण वर्णनसम्म आफ्नो विषयवस्तुगत सीमालाई व्याप्ती दिएका छन् ।

उनका निबन्धको मुख्य विषयवस्तुका रूपमा समाज नै रहेको छ । निबन्धकार सुवेदीले आफू बाँचेको नेपाली समाजको चित्रण वर्णनलाई नै आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । यस क्रममा उनले समाजका राम्रा नराम्रा दुवै पक्षतर्फ दृष्टि पुऱ्याएका छन् । उनी आफ्ना निबन्धमा समाजका वास्तविकताको चित्रण गर्दछन् र नराम्रा पक्षको विरोध गर्दै सकारात्मक पक्षको समर्थन गर्दछन् अनि सामाजिक सौन्दर्य र आदर्शलाई प्रस्तुत गर्दछन् ।

समाजमा वास्तविकताको उद्घाटन गर्ने सन्दर्भमा उनले समाजमा रहेको भेदभाव, खिचातानी, अशिक्षा, अचेतना, अन्धविश्वास, रुढीगत परम्परा, शोषण, दमन, अन्याय, निराशा, कुण्ठा, आवेग, संवेगतर्फ दृष्टि पुऱ्याएका छन् । विकृत राजनीतितिर अदूरदर्शी नेताकाकारणले मुलुकमा उब्जाएका जातीयता, संघीयता, धार्मिकता सम्बन्धी समस्या, देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, अप्रजातान्त्रिक संस्कार, राजनीतिक सामाजिक विकृति विसङ्गतिको कलात्मक अभिव्यक्ति गर्नमा निबन्धकार सुवेदी निकै सिपालु देखिन्छन् ।

निबन्धकारले समाजमा विभिन्न पक्षमा प्रकाश पार्नका लागि अतीतका साथै समसामयिक घटना र प्रवृत्तिको पनि उल्लेख गरेका छन् । उनले नेपाली समाजमा साहित्यिक क्षेत्रमा देखिएका उपलब्धि र चुनौती, नेपाली साहित्यको उन्नति प्रगतिका लागि तल्लीन साहित्यिक व्यक्तित्वको प्रशंसालाई पनि आफ्ना निबन्धको विषयवस्तुभित्र समेटेका छन् ।

निबन्धकार सुवेदीले विश्व समाजतिर दृष्टि लगाउने क्रममा संसारका विभिन्न देश र त्यहाँका गतिविधिलाई पनि आफ्ना निबन्धको विषयवस्तुगत सीमाभित्र समेटेका छन् । पूर्वीय तथा पाश्चात्य दुनियाका पौराणिक पुराकथात्मक सन्दर्भको उल्लेख गरेर निबन्धकार सुवेदीले

विश्वमानव जातिका संस्कार र सांस्कृतिक पक्षलाई निबन्धको विषयवस्तुगत सेरोफेरो बनाएका छन् । विश्व राजनीतिमा देखिएका साम्राज्यवादी विस्तारवादी नीति तथा विश्व विजयी बन्न चाहने शासकका उच्च महत्त्वाकांक्षी मनोवृत्तिलाई समेत निबन्धको विषयवस्तुभित्र समेट्ने सुवेदीले धर्मका नाममा भएका युद्ध हिंसा, हत्या र त्यसले ल्याएका विनाशकारी तथा प्रतिशोधात्मक कार्य र मनोवृत्तिलाई आफ्ना निबन्धमा समेटेका छन् । विश्वमा देखिएको कला र विज्ञानको उन्नति विज्ञानले ल्याएका उपलब्धि र विनाश, अस्त्रबलमा विश्वास गर्ने परिपाटी, ठूला राष्ट्रले साना राष्ट्रमाथि गर्ने थिचोमिथो जस्ता विषयलाई र निजी जीवन भोगाइलाई समेटेर निबन्धको स्वरूप प्रदान गर्नु निबन्धकार सुवेदीका निबन्धको विषयगत वैशिष्ट्य बनेको छ ।

समाजलाई जस्ताको तस्तै चित्रण गर्नु मात्र निबन्धकार सुवेदीको अभीष्ट रहेको छैन । अतः उनी विभिन्न दर्शनका सहारा लिएर निबन्धलाई सजीव तुल्याउँछन् । मार्क्सवाद, प्रगतिवाद, विनिर्माणवाद, विसङ्गतिवाद, अस्तित्ववादको प्रभाव उनमा परेको छ । उनी निबन्ध रचनाका क्रममा कुनै खास दर्शनलाई कोरा रूपमा अँगाल्नु भन्दा दर्शनका सापेक्षतामा समाज चित्रण गर्नुका साथै विभिन्न दर्शनको समष्टि प्रभावमा आफ्नो चिन्तनलाई अगाडि सार्दछन् । समानता, स्वतन्त्रता, भातृत्व र विश्ववन्धुत्वको भावनाबाट प्रेरित प्रभावित निबन्धकार सुवेदी समाजमा यस्तै भावना फैलाउन चाहन्छन् । समाजमा धार्मिक द्वन्द्व होइन धार्मिक सहिष्णुता हुनुपर्ने सन्देश दिन्छन् ।

राजेन्द्र सुवेदीका निबन्धमा राष्ट्रियताको भावना पनि अत्यन्त प्रबल रहेको छ । मुलुक संघीयता, जातीयता, क्षेत्रीयता आदिमा विभाजित हुँदा मुलुक टुक्रिने हो कि भनि उनी लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र निबन्धमा चिन्ता व्यक्त गर्दछन् । यसका अतिरिक्त स्वदेशी प्राकृतिक वातावरण, नेपाली भाषा, संस्कृति, साहित्यप्रतिको निबन्धकारको अनुराग विभिन्न निबन्धका विषय बनेको हुँदा राष्ट्र र राष्ट्रियताप्रतिको मोहको अभिव्यक्ति उनका निबन्धको एक महत्त्वपूर्ण उपलब्धि बनेको पाइन्छ ।

निबन्धकार राजेन्द्र सुवेदीका अधिकांश निबन्ध विविध विषयका सूत्रले जेलिएका छन् । उनका अनेक विषयका ज्ञान र अनुभव तिनमा पोखिएका छन् । उनका निबन्धको खास विषयवस्तु मोटामोटी रूपमा अनुमान गर्न सकिने भए तापनि त्यसका हाँगाबिँगा चारैतिर फैलिएका पाइन्छन् । सृष्टिको आरम्भदेखि वर्तमानसम्म तथा व्यक्ति मनका संवेगदेखि संसारका विविध फाँट चाल्ने काम उनले गरेका छन् । विषयवस्तुको विविधता र व्यापकताका दृष्टिले उनको निबन्धको क्षेत्र फराकिलो छ । वास्तवमा व्यक्ति र विशिष्ट व्यक्तित्व, समाज र

सामाजिक चेत, देश र विस्तृत परिवेशलाई अँगाल्ने उनका निबन्धहरूमा जीवनप्रतिको समग्रताको बोध पाइन्छ ।

## ४.२ 'म हुँ औंला नकाटिएको एकलव्य निबन्ध' सङ्ग्रहको कृतिपरक अध्ययन

राजेन्द्र सुवेदीद्वारा सिर्जित 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा चौधवटा निबन्धहरू सङ्ग्रहीत छन् । विषयवस्तु, हार्दिकता र बौद्धिकता, विचार र उद्देश्य र प्रस्तुती शैलीलाई निबन्ध विश्लेषणको मूल आधार मानिएको छ ।

### ४.२.१. 'द्वन्द्व, जीवन र मान्छे' निबन्धको विश्लेषण

नेपाली समसामयिक परिस्थितिको आङ्कलन गरी लेखिएको निबन्ध हो द्वन्द्व, जीवन र मान्छे । यो तार्किक र बौद्धिक निबन्ध हो । निबन्धमा द्वन्द्व हरेक ठाउँमा भएको तर्क निबन्धकारले उल्लेख गरेका छन् । निबन्धको विषयवस्तु मूलतः द्वन्द्व र मान्छेको जीवनसँग सम्बन्धित छ । जसलाई निम्न अनुसार विश्लेषण गरिएको छ :

#### ४.२.१.१. विषयवस्तु

द्वन्द्व, जीवन र मान्छे निबन्धको मूल विषयवस्तु  नै द्वन्द्व हो । निबन्धकारले गौण विषयवस्तुका रूपमा द्वन्द्वका कारणले क्षतिग्रस्त भएका भौतिक संरचना लगायत मान्छेले भोग्नु परेका पीडाहरूलाई समेत समेटेका छन् । द्वन्द्व कसरी हुन्छ ? द्वन्द्व कहाँ कहाँ  छ ? यो कहिलेदेखि सुरु भयो र किन हुन्छ ? द्वन्द्वले मानवीय जीवन लगायत सारा ब्राह्माण्डीय सृष्टीमा के कस्तो प्रभाव पार्छ ? द्वन्द्वका परिणामहरू के-के हुन्छन् र कस्ता-कस्ता हुन्छन् ? आदि प्रश्नका उत्तरहरू तार्किक र बौद्धिक ढङ्गले दिन नै निबन्धको विषयवस्तु केन्द्रित छ । निबन्धमा वि.सं. २०५२ सालदेखि वि.सं. २०६२ सालसम्म नेपालमा भएको द्वन्द्व र त्यसबाट सर्वसाधारण जनताले भोग्नु परेको पीडा र असरलाई पनि विषयवस्तुको रूपमा यसरी समेटिएको छ :

"लडाइँको दर्शन र इतिहासको उत्पातबाट भन्दा पनि तत्कालको हाम्रो वर्तमान द्वन्द्वका रापबाट पीडित बनेको स्थिति अत्यन्त दारुण छ । देशको भौतिक संरचना पुरै ध्वस्त बनेको छ । हाम्रो समाज निक्कै पछिल्तिर धकेलिएको छ । यसले गर्दा हामी धेरै पछि परेका छौं -विश्वका साम् ।"( म हुँ औंला नकाटिएको एकलव्य, पृ.१) ।

वि.सं. २०५२ सालदेखि वि.सं.२०६२ सालसम्म नेपालीहरूले आफ्नै मुलुक भित्र ठूलो द्वन्द्व झेल्नु पऱ्यो । त्यही समसामयिक विषयलाई निबन्धकारले निबन्धको विषयवस्तुका रूपमा द्वन्द्व, जीवन र मान्छे निबन्धमा पस्किएका छन् ।

प्राचीन समयदेखि आज नेपाल, इराक, अफगानिस्तान, पेरु, रुस र युगोस्लाभिया आदि मुलुकहरूमा भएको द्वन्द्वलाई पनि निबन्धको विषयवस्तुले समेटेको छ । द्वन्द्वका समयमा कसरी

मानिसहरू विविध मोर्चाहरूमा विभाजित हुन विविश हुन्छन् भन्ने कुरालाई पनि निबन्धको विषयवस्तुले यसरी समेटेको छ :

"मेरो राजनीतिक सांस्कृतिक अभिजात र जनवर्गीय मोर्चामा विभक्त छ । म आँफै सम्राट र कविलाको युद्ध मोर्चामा विभक्त छु । म नेमुनीको सत्ता रक्षार्थ गोपाल र लिच्छिविका युद्ध मोर्चामा विभक्त  छु ।" (पूर्ववत्, पृ. ४) ।

पौराणिक कालमा पनि राम र रावण, कृष्ण र कंश, अर्जुन र कर्ण, बुद्ध र अङ्गुलीमाल आदि बिचमा भएको द्वन्द्वलाई पनि निबन्धको विषयवस्तुले समेटेको  छ ।

द्वन्द्वले मन्छेका जीवनमा पर्ने प्रभाव र यसबाट मान्छेमा उत्पन्न हुने संवेदनालाई पनि विषयवस्तुले समेटेको छ । समग्रमा द्वन्द्व, जीवन र मान्छे निबन्धको विषयवस्तु सरल भए पनि गम्भिर छ ।

### ४.२.१.२. विचार/उद्देश्य

द्वन्द्व, जीवन र मान्छे निबन्धकार राजेन्द्र सुवेदीको आत्मपरक वैचारिक निबन्ध हो । द्वन्द्व कहाँ-कहाँ छ ? यो कहिलेदेखि प्रारम्भ भयो ? यसबाट मानिसहरूमा के-कस्तो असर पर्छ वा सम्वेदना उत्पन्न  हुन्छ भन्ने कुरा देखाउनु निबन्धकार सुवेदीको मूल उद्देश्य हो । निबन्धमा प्रचीन समयदेखि आज सम्म आउँदा एकोशीय जीवदेखि विशाल जीवहरूमा समेत द्वन्द्व हुन्छ भन्ने कुरा निबन्धकारले उल्लेख गरेका छन् । द्वन्द्व सर्वव्यापी छ । समग्रमा संसार द्वन्द्वमुक्त छैन । द्वन्द्व अस्तित्वको आरम्भदेखि चलिरहेको छ । युद्ध अनिवार्य वृत्ति हो-शास्वत गुण हो । सबै देखिने वस्तुहरू द्वन्द्वका परिणति हुन् । विश्‍व एउटा युद्ध भूमि भएकाले वस्तु वा जीव तत्त्वहरूको पृष्ठभूमिमा एउटा न एउटा महायुद्ध भएको विचारलाई सुवेदी यसरी व्यक्त गर्दछन् :

"यस भनाइबाट के सिद्ध हुन्छ भने युद्ध अनिवार्य वृत्ति हो-शास्वत गुण हो । समस्त दृश्यमय जगत्को परिणति हो । विश्‍व समग्रमा युद्ध भूमि हो । यसमा अस्तित्व प्राप्त गरेका समग्र वस्तु वा जीवतत्त्वहरूको पृष्ठभूमीमा एउटा न एउटा महायुद्ध गुज्रेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।"(पूर्ववत्,पृ. ५) ।

निबन्धकारका विचारमा द्वन्द्व समग्र प्राणी जगतको आदिवृत्ति हो । शान्ति अनिषेधीय मूल्य भए जस्तै युद्ध निषेधीय मूल्य होइन । प्राप्य र त्याज्य तत्त्व नरहेको अवस्थामा विश्‍वको कल्पना गर्न सकिदैन । प्राप्य र त्याज्य दुबै तत्त्वको तानातानीमा विश्‍व परिचालित छ । प्राप्यको प्राप्तिका निम्ति र त्याज्यको त्यागका निम्ति  हामी भित्र द्वन्द्व चल्छ । एक कोशीय जीवदेखि ठूला-ठूला जीवसम्म सबैमा  द्वन्द्व आफ्नो अस्तित्वका लागि हुने कुरालाई निबन्धकार सुवेदी यसरी व्यक्त गर्दछन् :

"द्वन्द्व एक कोशीय जीवमा छ-आत्मरक्षा र परिनषेधका निम्ति । आक्रमण समस्त प्रकृतिगत प्राणी जगतमा छ -अस्तित्व संरक्षण र शत्रु निवारणका निम्ति ।"(पूर्ववत्, पृ. ५) ।

सुवेदीका अनुसार युद्ध मानवीय वृत्ति हो । भौतिक युद्ध मात्रै युद्ध होइन । युद्ध र द्वन्द्व पलपलमा हरेक ठाउँमा हुन्छन् , जस्तै विचार र विचारका बिच, अधिकार र कर्तव्यका बिच, नारी र पुरुषका बिच आदि । आफ्ना हक र अधिकारहरू दाबी गर्ने क्रममा युद्धको सिर्जना हुने विचार सुवेदीको छ । शान्ति प्राप्य वस्तु भए जस्तै युद्ध त्यज्य वस्तु भए पनि यो त्याग गर्न सकिदैन भन्ने विचारलाई निबन्धकार सुवेदीले यसरी व्यक्त गरेका छन् :

"दुबै प्राप्य र त्याज्य तत्त्व नरहेको अवस्थामा विश्वको कल्पना गर्न सकिदैन । त्यसकारण यी दुबै पक्षहरू अथार्त् प्राप्य र त्याज्य दुबै तत्त्वका तानातानीमा विश्व परिचालित छ । प्राप्यको प्राप्तिका निम्ति र त्याज्यको त्यागका निम्ति द्वन्द्व चल्छ- हामी भित्र ।"(पूर्ववत्, पृ. ६) ।

युद्ध मानवीय वृत्ति भइसकेको कुरा निबन्धकारले प्राचीन समयमा भएको राम र रावण बिचको युद्ध, महाभारतको युद्ध, ट्रयको युद्ध, सतलज र नालापनीको युद्ध आदिलाई देखाएर प्रष्ट पारेका छन् । सुवेदीले हरेक ठाउँमा द्वन्द्व देखेका छन् । ग्रह र ग्रह बिचको द्वन्द्वले ब्रह्माण्डको सिर्जना भएको छ । आजका यी जे जती आविष्कारहरू भएका छन् सबै द्वन्द्वका कारणले भएका छन् भन्ने जस्ता शाश्वत विचारहरू द्वन्द्व जीवन र मान्छे निबन्धमा व्यक्त गरेका छन् । यी विचारहरूलाई उदाहरण सहित प्रस्तुत गरेकाले निबन्ध रोचक बनेको छ ।

### ४.२.१.३. प्रस्तुति / शैली

द्वन्द्व, जीवन र मान्छे आत्मपरक निबन्ध हो । अभिव्यतिगत आधारमा यो विचारात्मक निबन्ध हो । शैलीका हिसावले संयत शैलीको प्रयोग गरिएको छ । सरल र सहज भाषाको प्रयोग गर्दागर्दै पनि कतै-कतै जरायुज, अण्डज, श्वेदज । उद्‌भिज जस्ता कठिन तत्सम शब्दहरूको प्रयोगले निबन्ध साधरण पाठकहरूका लागि दुर्बोध्य भए पनि समग्रमा निबन्ध सरल, सरस र बोधगम्य नै छ । उदाहरण सहित आफ्ना विचारहरू निबन्धकारले प्रस्तुत गरेकाले निबन्धका विचारहरू सरल र सहज रूपमा सजीव भएर पाठक सामु आएका छन् । संक्षिप्ततामै निबन्ध पूर्ण छ । यो निबन्धमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । छोटा छोटा वाक्यहरूको प्रयोग गरी तार्किक ढङ्गले आफ्ना विचारहरू प्रस्तुत गरेकाले निबन्ध उत्कृट बनेको छ । निबन्धका माध्यमबाट द्वन्द्व पीडित नेपालीहरूलाई द्वन्द्व जताततै देखाएर यसबाट आहत हुनुपर्ने अवस्था छैन भनेर सान्त्वना दिन खोजिएको छ भने अर्कातर्फ द्वन्द्वले गर्दा हामीले भोग्नु परेका पीडाहरूलाई व्यक्त गर्दै हामीले वाह्य द्वन्द्व सिर्जना गर्नु हुँदैन भनेर सूक्ष्म व्यङ्ग्य पनि गरिएको छ ।

निबन्धमा द्वन्द्वका बारेमा चर्चागरी यसबाट मान्छेको जीवनमा पर्ने प्रभावका बारेमा उल्लेख गरिएकाले निबन्धको शीर्षक द्वन्द्व, जीवन र मान्छे सार्थक बनेको छ । समग्रमा निबन्ध वैचारिक, सूचनात्मक, बौद्धिक र तार्किक छ । निबन्धमा पाठकमा कुतुहलता जगाउने क्षमता पनि छ । मिथक, विम्ब र प्रतीकहरूको प्रयोगले निबन्ध स-शक्त बनेको छ ।

### ४.२.२.'यसलाई पनि सांस्कृतिक निबन्ध मान्छु-म' निबन्धको विश्लेषण

यसलाई पनि सांस्कृतिक निबन्ध मान्छु-म राजेन्द्र सुवेदीको विनिर्माणवादी मान्यताबाट प्रभावित भएर समसामयिक विषयमा लेखिएको बौद्धिक र चिन्तनशिल निबन्ध हो । यसमा हाम्रा सांस्कृतिक परम्पराहरू सबै जातजातिका साझा हुँदै गएको कुरालाई विषयवस्तु बनाएर निबन्धकार सुवेदीले आफ्ना विचारहरू व्यक्त गरेका छन् । यस निबन्धलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.२.२.१. विषयवस्तु

हाम्रा धर्म संस्कृति परम्परा आजको विश्वव्यापीकरणको स्थितिमा कसरी साझा भैराखेका छन् भन्ने देखाउनु नै यसलाई पनि सांस्कृतिक निबन्ध मान्छु-म निबन्धको मूल विषयवस्तु हो । यसरी साझा भैराखेको हाम्रो संस्कृति रीतिरिवाज, परम्परा आदिलाई प्रस्तुत गर्न निबन्धकार सुवेदीले विनिर्माणवादी समालोचना सिद्धान्तको सहायता लिएका छन् । विश्वमा देखिएका नयाँ-नयाँ प्रविधिहरू प्रयोग गरेर आज मान्छेले प्रविधिको सहायतामा हजारौं टेस्टट्युब बेवीहरूलाई जन्म दिई सकेका छन् । समयको परिवर्तन सङ्सगै एउटै मान्छेले ज्ञानका लागि भए पनि विविध धर्मका पुस्तकहरू घरको एउटा सानो पुस्तकालयमा राखेर अध्ययन गर्छन् । यसता हामीलाई देख्दा सामान्य लाग्ने कुरालाई पनि निबन्धको विषयवस्तुले समेटेको छ । हाम्रो समाजमा यजमानी गर्ने पण्डित पुरोहितहरूले  नै लुकाएर बोकी घर लाने र कसैले देखिहाले भने यो त खेतालालाई पो हो त भन्ने अनि खेतालासँगै बसेर पुरोहितका छोराछोरीहरूले लसुन र प्याजको सितन खाँदै जाँड, रक्सीसँग रमाउने यथार्थ प्रवृत्तिलाई निबन्धकार सुवेदीले विषयवस्तुको रूपमा यसरी समेटेका छन् :

"वर्तमान मेरा कुलपुरोहित कुलानन्द काप्री आफ्नो यजमानी कृत्य समाप्त गरेर घर फर्किदा यज्ञ दक्षिणा सञ्चयी झोलामा श्री डिस्टिलरीबाट उत्पादित तीन/चार पाउच तरल पेय पनि लिएर आउन बिर्सदैनन् । सानो तर स्वदिलो विचार बोकेको पुरोहित पुत्र हितानन्द खेतालाहरूसँग बसेर  मुला र लसुनको सितनसँग बाबुले खेतालाका लागि दिएको पाउचमा सहभागी हुन अभ्यस्त भइसकेका छन् ।"(पूर्ववत्, पृ. ९) ।

एउटै मानिसको कोठा भित्रको दराजमा विविध धर्महरूका धर्मग्रन्थका किताबहरू, कोठामा भएको सोनी टेलिभिजन र त्यसमा आस्था च्यानलबाट प्रसारण भैराखेको गायत्री मन्त्र,

खुला ग्यारेजमा राखिएको मिसुभिसी कम्पनीको गाडी, डेविडले पठाएको दसैको मोबाइल म्यासेज आदि घटनाहरूको वर्णनले हाम्रा संस्कृति र परम्पराहरू साझा भईराखेको विषयलाई समेटेका छन् ।

हाम्रा संस्कृति, चाडवाड, रीतिरिवाज अब कुनै जाति विशेष भएका छैनन् । यी सबैका साझा भै सकेका छन् भनेर देखाउन प्रस्तुत गरिएका सेर्पिनी दिदीले अन्नपूर्ण मन्दिरको अगिल्लतिर दीप प्रज्वलन गरेको, माइकल किराँतले भद्रकाली परिक्रमा गरेर ढोगेको, जापानी पर्यटकले बौद्ध दर्शनका किताब कार्गो गरेर पठाए पनि गुरुङ बनेर पशुपतिनाथको दर्शन गरेको, मुस्लिमले संस्कृति मन्त्रीका हैसियतले विष्णु, लक्ष्मी मन्दिरको उद्घाटन गरेको आदि संस्कृतिसँग सम्बन्धित विविध घटनाहरू निबन्धको विषयवस्तु बनेका छन् । यो निबन्धको विषयवस्तु एउटा मात्र घटनामा सम्बन्धित नभई विविध घटनाहरूमा छरिएको छ ।

आज हिन्दुहरूका लागि पवित्र गङ्गाजल पाइने बाग्मती नदीमा भएको प्रदुषण, टेलिभिजनमा चिजबलको विज्ञापन गर्न आउने कोपिनधारी वटुकहरू, मन्दिरमा पूजा गर्न जुट्ने दलित समुदाय र रेस्टुराको डिनरमा सामेल भएर तिनलाई कुट्ने ब्राह्मणहरू र सहरमा पाइने अस्वस्थकर र मिसावट युक्त खाद्य वस्तु भनेपछि हुरुक्क हुने तर गाउँमा पाइने पौष्टिक खाद्य पदार्थ देखेपछि भागसम्म नबस्ने हाम्रा नानीहरूको बानीप्रति पनि निबन्धको विषयवस्तु केन्द्रित छ ।

निबन्धकार सुवेदीले हाम्रा संस्कृतिहरू कसरी साझा वा विश्वीकरण भैराखेका छन् भन्ने कुरा देखाउँन आफ्नै घर वरीपरी र घर भित्र हुने गरेका स-साना घटनाहरूलाई रोचक र कौतुहल पूर्ण तरिकाले निबन्धको विषयवस्तुका रूपमा उठाएका छन् ।

### ४.२.२.२. विचार/उद्देश्य

सूचना प्रविधि र विकासको गतिसँगै आज विश्व भूमण्डीकरण भैराखेको छ । विश्व भूमण्डलीकरण सँगै हाम्रा संस्कृति, धर्म, परम्परा, रीतिरिवाज आदि पनि नजानिदो तरिकाले साझा बन्दै गइराखेका छन् । खानपिन, आहार विहारदेखि जन्मोत्सव र चाडपर्वसम्म सबै हाम्रा साझा भएका छन् । यसलाई हामीले मान्नु पर्छ भन्ने विचार निबन्धकार सुवेदीले व्यक्त गरेका छन् । उनले भनेका छन् :- "मेरो वर्तमान विभग्नता रुचाउँछ र सँज्ञा दिन्छ- विशिष्ट निर्माण ।"(पूर्ववत्, पृ. १०) । यो साहित्यसम्ममा त पाच्य छ तर सबै क्षेत्रमा पाच्य छैन भन्ने लागेको छ निबन्धकार सुवेदीलाई । त्यसैले उनी आफ्नो निबन्ध मार्फत् व्यङ्ग्य गर्दै यसो भन्दछन् :

"यदि यस केन्द्र र किनाराको तानातानीमा अनि सङ्घर्षमा मात्र समय र शक्ति खर्च गर्ने हो भने उपयुक्त अभियानले पनि हामीलाई यति निकम्मा र शून्य बनाइदिन्छ, हामीमा होस

आउँदा हामीलाई निकम्मा र पहिचान शून्य बनाइसकेको हुन्छ , त्यसको लेखाजोखा गर्ने क्षमाता हामीबाट गुमी सकेको हुन्छ ।"(पूर्ववत्, पृ. ११) ।

निबन्धकार सुवेदीले निबन्धमा समाजमा आएको विचलन वा विनिर्माणलाई विविध घटनाहरूको उदाहरण दिएर हामीले स्वीकार्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् भने अर्को तर्फ माथिको भनाइले स्वीकार गर्ने पनि सीमा हुन्छ । निश्चित सीमासम्म मात्र यसता सांस्कृतिक विचलन विनिर्माणलाई स्वीकार गर्नु पर्छ । साहित्य, सङ्गीत र कलामा जस्तो पुरापुर त्यसता सांस्कृतिक भञ्जन मन्जनहरूलाई स्वीकार गर्दै जाने हो भने त्यसतो अभियानले हामीलाई निकम्मा र पहिचान शून्य बनाइदिन्छ । हिन्दू नेपाली भएर दसै मान्नुको पहिचान, बौद्ध नेपाली धर्मालम्वी भएर ल्होसार मान्नुको पहिचना, मुस्लिम नेपाली भएर इद मान्नुको पहिचान गुम्छ । आ-आफ्नो देश, ठाउँ, जातिको मौलिकपन भनेको सांस्कृतिक परम्पराहरू हुन् । आफ्नो सांस्कृतिक मौलिक पहिचान नै गुमेपछि हामी जति सुकै चेतनशील भए पनि आफ्नो छुट्टै अस्तित्व स्थापना गर्न सक्दैनौं । अनि हिन्दु, मुस्लिम, बौद्धमार्गी र क्रिश्चियन हुनुमा कुनै भिन्नता नरहने विचार निबन्धकार सुवेदीले व्यक्त गरेका छन् ।

यो निबन्ध डेरिडाद्वारा प्रतिपादित विनिर्माणवादी समालोचना सिद्धान्तबाट प्रभावित भएर लेखिएको हो । निबन्धमा "नेपाली मात्र होइन, विश्वकै सभ्यताका आधारमा देखिएका साहित्य, संस्कृति, समाजशास्त्र लगायतका सामग्रीहरू विधा नभएर रचना वा सिर्जना मात्र भएका छन् ।"(पूर्ववत्, पृ. ७) । "तपाइ एउटा केन्द्रमा जुटिरहदा अर्को केन्द्र ध्वस्त गरिरहनु भएको छ ।"( पूर्ववत्, पृ. ७) । "एउटा अर्थ वाधित हुने वित्तिकै नयाँ अर्थ जन्मिन्छ ।"(पूर्ववत्, पृ. ८) । जस्ता वाक्यहरूले पुरापुर विनिर्माणवादका मान्यताहरूलाई उल्लेख गरेका छन् । यिनै विनिर्माणवादी मान्यताका सापेक्षतामा हाम्रा संस्कृति र रीतिरिवाजहरूलाई निबन्धमा प्रस्तुत गरिएको छ ।

आजको मानिसको संस्कृति एक खालको छैन । भनौ दसै क्षेत्री, बाहुन समुदायकमा मात्र सीमित छैन, ल्होसार मनाउने सेर्पा, इद मनाउँने मुस्लिम, क्रिसमस मनाउँने क्रिश्चियन आदि सबै समुदायको दसै भएको छ । निबन्धकारले कुनै पनि चाड कुनै जाति विशेष अहिले छैनन् भन्ने विचार व्यक्त गरेका छन् । साहित्यमा विधा भञ्जन मञ्जन भए झै हाम्रा संस्कृति रीतिरिवाज आदिमा पनि भञ्जन मञ्जन वा खण्डनको स्थिति आएको छ । त्यसलाई पनि हामीले आफ्नै संस्कृतिको रूपमा स्वीकार्नु पर्छ भन्ने विचार व्यङ्ग्यात्मक रूपमा सुवेदीले व्यक्त गरेका छन् ।

### ४.२.२.३. प्रस्तुति / शैली

यसलाई पनि सांस्कृतिक निबन्ध मान्छु म आत्मपरक निबन्ध हो । अभिव्यक्तिगत आधारमा यो विचारात्मक निबन्ध हो । आफ्ना विचारहरू प्रवाहित गर्न शैलीका हिसावले संयत

शैली अपनाएका छन् । स-साना घटनाको वर्णन भएकाले वर्णनात्मक शैली पनि प्रयोग गरिएको छ । निबन्धमा पाठकमा कुतुहलता जगाउन सक्ने क्षमता छ । सरल र हाम्रै वरपर देखिरहने विम्ब र प्रतीकहरूको प्रयोगले निबन्धको विचार सम्प्रेषण सजीव ढङ्गमा भएको छ । सांस्कृतिक भञ्जन मञ्जनको कुरा विनिर्माण जस्तो उत्तर आधुनिक शब्दले गरेकाले साधारण पाठकका लागि निवन्ध दुर्बोध्य पनि छ । निबन्धको विषयवस्तु नै बौद्धिक छ । अन्धाधुन्द र हुबहु अर्काको संस्कृति नक्कल गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । निबन्ध प्रथम पुरूष दृष्टिविन्दुमा संरचित छ । संस्कृतिका बारेमा निबन्धकारले आफ्ना विचारहरू व्यक्त गरेकाले निबन्धको शीर्षक पनि सार्थक बनेको छ । निबन्धमा पेपर, ड्राइफुड, रिदम एण्ड पोइम जस्ता प्रशस्त अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिए पनि सुपाच्य नै बनेको छ । निबन्ध छोटोमा पूर्ण छ । समग्रमा निबन्ध बौद्धिक, सूचनात्मक, वैचारिक र व्यङ्ग्यात्मक छ ।

### ४.२.३ 'लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र' निबन्धको विश्लेषण

लोसार सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र राजेन्द्र सुवेदीको मुलुकमा लोकतन्त्र आएपछि देखिएका राजनीतिक समस्याहरूमा केन्द्रित भएर लेखिएको बौद्धिक र वैचारिक निबन्ध हो । यो निबन्धमा निबन्धकारले अनेकौं राजनैतिक समस्याहरू र तिनले पार्ने प्रभावहरूलाई उठाएका छन् । जसलाई निम्न अनुसार तल विश्लेषण गरिन्छ ।

#### ४.२.३.१ विषयवस्तु

नेपालको वर्तमान राजनीतिक अवस्था, त्यसले उव्जाएको विविध समस्या र तिनले पार्ने प्रभावका सम्बन्धमा निबन्धको विषयवस्तु केन्द्रित छ । लोकतन्त्र, गणतन्त्र र यसले नेपाली जनतामा पारेको प्रभाव नै निबन्धको प्रमुख विषयवस्तु हो । नेपाली जनताले भर्खरै लोकतन्त्र र गणतन्त्रको महसुस गर्न पाएकाले घोषित लोकतन्त्रलाई जोगी तरकारीको स्वादमा नेताहरूले आ-आफ्नो स्वार्थअनुसार यसलाई प्रयोग गरिराखेको प्रति व्यङ्ग्य गरेका छन् । (पूर्ववत्, पृ.१३) । निबन्धको मूल विषयवस्तु लोकतान्त्रिक गणतन्त्र भएकाले गणतन्त्र र लोकतन्त्रलाई हालसम्म प्रयोग गरिराखेको स्थिति, यसले उब्जाएका सङ्घीयता, जातीयताका कुराहरूलाई हाम्रै समाजका वरपर पाइने सजीव विम्बहरूलाई टपक्क टिपेर ती विम्बका माध्यमबाट पस्किएका छन् । लोकतन्त्रले खुलाएको बाटो सङ्घीयताले गर्दा मुलुकले आसपासमै परतन्त्र वोध गर्नु पर्ने कुरालाई पनि विषयवस्तुको रूपमा निबन्धकार सुवेदीले यसरी समेटेका छन् :

"घोषित परतन्त्रको अनुभव सम्हाल्ने अवसर नपाएको इतिहास बोकेको यो मुलुक आसपासकै परतन्त्रको स्वाद बटुल्न तरखर गरिरहेको छ ।" (पूर्ववत्, पृ. १३)

मुलुक सङ्घीयतामा जाँदा टुक्रिने र ज-जसले आत्मनिर्णयको अधिकार खोजिरहेका छन् तिनीहरूको अधिकार पनि सुनिश्चित नहुँने एवम् तिनीहरूलाई अधिकार वोध हुनुभन्दा पहिल्यै उनीहरूको अस्तित्व  नै समाप्त हुने विचार पनि विषयवस्तुका रूपमा समेटिएको छ ।

जातीयता, संघीयता, क्षेत्रीयता जस्ता विचारहरू आजका मानिसहरूका लागि युग सुहाउँदो विचार हैन । आजको विश्व भूमण्डलीकरणको स्थितिमा यसले हामीलाई संकुचित बनाउँछ । यसता विचारहरूप्रति हामी सहमत हुने हो भने विश्वमा हामी अझ पछि पर्ने विचार निबन्धकारले विषयवस्तुका रूपमा उठाएका छन् । यसता विषयवस्तुलाई निबन्धकारले उदाहरण सहित व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

आजको विश्वमा समृद्धि, शत्ता र शक्ति सम्पन्नहरूले मान्छेहरूलाई पुनरुत्पादनको माल बनाएको विषयलाई पनि निबन्धकार सुवेदीले व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । विज्ञानमा विश्वास गर्ने वैज्ञानिकहरूले पनि धर्मकर्ममा विश्वास गर्ने र आजको वैज्ञानिक युगमा पनि मानिसहरूमा धर्मकर्म प्रति गहिरो आस्था भएको विषयलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् । आजका मान्छेहरूले विविध संस्कृति र परम्परामा घुलमिल हुन जान्नु पर्ने विषय पनि निबन्धमा समेटिएको छ ।

यसरी हेर्दा अस्थिर राजनीति र अदूरदर्शी नेताका कारणले गर्दा लोकतन्त्र र यसले उब्जाएको समस्या हाम्रा दैनिक व्यवहारहरू र यसमा धर्म, संस्कृति परम्परा आदिले पारेको प्रभावमा नै निबन्धको विषयवस्तु केन्द्रित छ । त्यसैले नेपालीले प्राप्त गरेको लोकतन्त्र गणतन्त्र र यसले उब्जाएका विविध समस्याहरू हाम्रा सांस्कृतिक परम्परा र दैनिक व्यवहारहरूलाई सूक्ष्म रूपमा प्रस्तुत गर्नु नै निबन्धको मूल विषयवस्तु हो ।

### ४.२.३.२. विचार/ उद्देश्य

नेपाली जनताले प्राप्त गरेको लोकतन्त्र र त्यसलाई आफ्नै फाइदा अनुसार मनपरि प्रयोग गरेर जातीयता, संघीयता, धर्मनिरपेक्षता आदिको माग बुलन्द रूपमा उठिराखेको छ । जातीयता र संघीयताका आधारमा मुलुकलाई विभाजन गर्दा हुने फाइदा बेफाइदाहरूलाई पाठक सामु प्रस्तुत गर्नु नै निबन्धकारको मूल उद्देश्य हो । यति सानो मुलुकमा जातीय र क्षेत्रीय स्वतन्त्रताको कुरा उठाएर किचलो गरेको प्रति निबन्धकारले तिब्र व्यङ्ग्य गरेका छन् । हालसम्म घोषित परतन्त्रको अनुभव नगरेका नेपालीहरूले जातीयता, क्षेत्रीयता आदिका आधारमा मुलुकलाई विभजन गरेर आपसमै परतन्त्रको स्वाद बटुल्न नेपालीहरू लागि परेको विचार निबन्धमा व्यक्त गरिएको छ । त्यसलाई उनले एक गाउँबाट अर्को गाउँमा जान राहदानी चाहिने भन्दै व्यङ्ग्य गरेका छन् । लामो समयदेखि वर्गीयता, जातीयता र लिङ्गीयताको प्रभावबाट दमित मानसिकता भएका मान्छेहरू प्रतिशतको आरक्षण खोजेर अधिकारको माग गरिराखेका छन् ।

यसतो अवस्थामा मुलुक सङ्घीयता र जातीयताको आधारमा विभाजन भयो भने सिमान्तकृत र अल्पसङ्ख्यक राउटे, चेपाङ, किसान, दरै र थामी जस्ता जातिहरूले आफ्नो अधिकारको बोध गर्न नपाउँदै उनीहरूको अस्तित्व नै मेटिने विचार पनि निबन्धमा आएको छ । त्यसैगरी जातीयताका आधारमा नेपालीहरू विभाजित हुँदा ठूला कवि, कलाकार, नेता, अभिनेता, साहित्यकार आदि पनि निश्चित जातिमा साँघुरिन पुग्छन् । तिनीहरू खुम्चिन्छन् । तिनीहरूले विशालता र एकताको महसुस गर्न पाउँदैनन् भन्ने विचार व्यङ्ग्यात्मक रूपमा आफ्ना निबन्धमा सुवेदी यसरी व्यक्त गर्दछन् :

"साहित्यमा मदन पुरस्कार प्राप्त गर्ने प्रधानकृष्णलाई पछुतो छ-नेपाली भाषाका व्यापक पाठकले आफूलाई पढिदिएकोमा । शेरचन भूपि र नेम्बाङ तिलविक्रमलाई लाजमर्नु भएको छ-नेपाली भाषाका पाठकले आफूलाई विशिष्ट भनिदिएकोमा । प्रधान, थकाली र लिम्बूका मात्र लेखक बन्न पाएको भए गर्व हुन्थ्यो उहाँहरूलाई ?"(पूर्ववत्, पृ. १४) ।

अबको राज्य भुरे टाकुरे बाइसी, चौबिसी जस्ता राज्यहरूमा टुक्रिनु हुँदैन भन्ने सबल दृष्टिकोणले कसैको पनि बुद्धिमा मूर्त रूप लिन नसकेको र चाना-चानामा चोइटिन नपाएकोमा पीडा आज नेपालीरूले एकै पल्ट ओकली रहेका छन् भनेर निबन्धकारले प्रत्येक वाक्यमा आफ्ना विचारहरू व्यक्त गरेका छन् ।

आज विश्व भूमण्डलीकरणको अवस्थामा भाषिक स्वयतता, जातीय स्वयतता, जस्ता कुराहरूले हामी विश्वमा झन पछि पर्छौं । आजको मान्छे सीमित भाषा, सीमित जाति र सीमित वर्ग विशेषमा खुम्चिएर बस्न चाँहदैन । यदि कोही चाहन्छ भने त्यो आजको समयमा पछि पर्छ तर हामी भने महिला, दलित जस्ता स-सान वर्गहरूमा टुक्रिराखेको कुराहरू प्रति निबन्धकारले घुमाउरो पारामा चोटिलो व्याङ्ग्य गरेका छन् । सत्ता र शक्तिका सम्पन्नहरूले आजका मान्छेहरूलाई पुनरुत्पादनको माल बनाएको विचार पनि निबन्धमा आएको छ । "जीवन जगतको चिन्तनगत सङ्कीर्ण गर्तमा जाकिँदै गरेको वर्तमानसँगको महत्त्वपूर्ण उपलब्धीको अन्वेषणको निम्ति सङ्घर्ष गरेर ढुक्क पर्छ- आजको मान्छे ।"(पूर्ववत्, पृ.१५) भन्दै आजको मानिसको प्रवृत्तिप्रति पनि निबन्धले तिखो व्याङ्ग्य बोलेको छ । त्यसैगरी विज्ञानका आविष्कार सवारी साधनहरू चलाउनुभन्दा पहिले चालकले श्रद्धाका साथ पूजा गर्ने अनि तिनै सवारी साधन चढेर विज्ञानका बारेमा प्रवचन दिन जाने प्रवृत्तिलाई निबन्धकारले आस्था मुजा परेको विज्ञानको संज्ञा दिएका छन् ।

आज हामीले विश्व भूमण्डलीकरणको चर्चा र विश्वजनीन मूल्यको व्याख्या एकातर्फ गरिराखेका छौ भने अर्कोतर्फ हाम्रो व्यवहार चाहि त्यसका विपरित खण्डिकृत, संघिकृत र

भेदभावयुक्त बनिरहेको छ । त्यसैले हाम्रो सैद्धान्तिक चेतना र व्यवहारिक जागरणप्रति पनि निबन्धकारले व्यङ्ग्य गरेका छन् । समग्रमा यो व्यङ्ग्यात्मक निबन्ध हो ।

### ४.२.३.३ प्रस्तुति / शैली

'लोसार, सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र' आत्मपरक निबन्ध हो । अभिव्यक्तिगत आधारमा विचारात्मक निबन्ध हो । निबन्धको सुरु र अन्तिम अनुच्छेद संवादात्मक शैलीमा लेखिएको छ । निबन्धमा समाजमा घटिरहने स-साना घटनाहरूको वर्णन गरिएको छ । त्यसैले वर्णनात्मक शैली पनि निबन्धमा प्रयोग गरिएको छ । यो मुलतः व्यङ्ग्यात्मक निबन्ध हो । यसमा जातीयता र क्षेत्रीयता आदिमा विभाजित हुन चाहनेहरूप्रति र आजका मानिसहरूको प्रवृत्तिप्रति चोटिलो व्यङ्ग्य गरिएको छ । सरल र सहज भाषाको प्रयोग निबन्धमा गरिएको छ । भतिजी, धोद्रो, खोल्सो जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ भने ग्लोबलाइजेसन जस्तो अङ्ग्रेजी शब्द पनि प्रयोग गरिएको छ । लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, जातीयता, आत्मनिर्णयको अधिकार, शक्ति र शत्ताका सम्पन्नहरूले विश्वका मान्छेमा जमाएको प्रभूत्व र आजको विश्व भूमण्डलीकरणले पारेको प्रभाव नै निबन्धको विषयवस्तु भएकाले निबन्ध बौद्धिक बनेको छ । कतै संवादात्मक, कतै वर्णनात्मक त कतै व्याख्यात्मक शैली भएकाले निबन्धमा मिश्रित शैली छ । आयामगत हिसाबले निबन्ध संक्षिप्तमा पूर्ण छ । निबन्धमा प्रथम पुरुष दृष्टिविन्दु शैलीको प्रयोग गरिएको छ । निबन्धमा मुलुक लोकतान्त्रिक गणतन्त्र भएपछि उठेका जातीयता, सङ्घीयता आदिका बारेका उल्लेख गरिएकाले 'लोसार, सन्तबहादुर र लोकतान्त्रिक गणतन्त्र' शीर्षक पनि सार्थक बनेको छ ।

समग्रमा निबन्ध बौद्धिक र वैचारिक छ । संवादात्मक, व्यङ्ग्यात्मक शैली र समसामयिक विषयवस्तुले पाठकमा कौतूहलता जगाउन सफल भएको छ ।

### ४.२.४ 'काभ्रोमा हुर्किएको बरको रुख' निबन्धको विश्लेषण

राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'काभ्रोमा हुर्किएको बरको रुख' आत्मसंस्मरणात्मक निबन्ध हो । यो निबन्धमा काठमाडौंबाट आफ्नो मातृभूमी इलामको अमरपुर जाँदा बाटोमा श्रीमतीसँग पचास वर्ष अघिका कुराहरू सुवेदीले बोलिरहेका छन् । यो निबन्धको विश्लेषण निम्न अनुसार गरिन्छ :

### ४.२.४.१ विषयवस्तु

निबन्धमा विहानको भोजनका निम्ति भतिजीकोमा 'म' पात्र र 'म' पात्रकी श्रीमती खानाखान जाँदा घटेको घटना र खाना खाईसके पछि फर्कने क्रममा 'म' पात्रले श्रीमतीसँग गरेका कुराकानीहरू नै निबन्धको विषयवस्तुको रूपमा आएको छ । निबन्धकारले यात्रा संस्मरणको रूपमा आफ्नो बाल्यकालको इलाम ताप्लेजुङ खण्डको मेची राजमार्गमा पर्ने अमरपुर

गा. वि. स. मा रहेको भालुचोक बजार र आफूले बाल्यकालमा पढेको अमर आदर्श प्रेम मिडिल स्कुलमा हुने राजनैतिक गतिविधिका सम्बन्धमा इतिहास बोलेका छन् । त्यसैले निबन्धको विषयवस्तु स्मृतिलेखनको रूपमा आएको छ । समाजमा अझ सम्म पनि प्रचलनमा रहेको जातीय छुवाछुत प्रथा र पढेलेखेकाले घरायसी कामकाज गर्न हुँदैन भन्ने मान्यताले गहिरो रूपमा जरो गाडेर बसेको छ । त्यसता प्रचलन र मान्यताका विरुद्ध म पात्रले गरेका क्रियाकलापहरू नै यस निबन्धको मूल विषयवस्तु हो । जन्मभूमि जतिसुकै विकट भए पनि सबैलाई प्यारो लाग्ने कुरा पनि विषयवस्तुले समेटेको छ । निबन्धकार वि. सं. २०११/१२ सालतिर यजमानको घरमा यजमानी गर्न जाँदा यजमानको छोरो गाई भैँसी दुहुन बस्दा निदाउँने गरेको घटना, अमरपुर बजारको गतिविधि, अमर आदर्श प्रेम स्कुलको वर्णन र त्यस स्कुलमा हुने गरेका राजनैतिक गतिविधि र गाउँघरमा केटाकेटी अवस्थामा निबन्धकारले गरेका कामको गतिविधि नै निबन्धको मूल विषयवस्तु हो ।

कवि सिद्धिचरण श्रेष्ठले भूपि शेरचनलाई विहानको खाना खाने निम्तो गरेका र खान खान जाँदा आफूले निम्तो गरेको बिर्सिएर कताबाट आइपुग्नु भो ? खवर के कसो छ ? भनी सोधेको प्रसङ्ग र आफूहरू पनि भतिजीकोमा खाना खाने निम्तोमा जाँदा जैसी बनेकी भतिजीले खानै नबनाइकन बसेको घटना पनि विषयवस्तु बनेको छ ।

निबन्धमा विषयवस्तुगत विविधता पाइन्छ । विष्णु भगवान र लक्ष्मीको प्रसङ्गले पौराणिक विषयवस्तु, अमर आदर्श प्रेम स्कुलमा हुनेगरेका राजनैतिक गतिविधिहरूले राजनीतिक र ऐतिहासिक विषयवस्तु, गाउँघरमा हुनेगरेका दैनिक क्रियाकलापहरूले ग्रामिण विषयवस्तु, भालुचोक बजारमा हुने गरेका क्रियाकलापहरूले ग्रामीण भेगका बजारिया विषयवस्तु आदि मिश्रित रूपमा आएको छ । यी विषयवस्तुहरूले निबन्धलाई रोचक बनाएका छन् ।

### ४.२.४.२ विचार/ उद्देश्य

काभ्रोमा हुर्किएको बरको रुख निबन्धकार राजेन्द्र सुवेदीको म हुँ औंला नकाटिएको एकलव्य निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत नियात्रामूलक संस्मरणात्मक निबन्ध हो । यो आत्मपरक निबन्धमा हाम्रा ग्रामीण भेगहरूमा अझै कायम रहेको जातीय छुवाछुत प्रथा प्रति "अझै पनि जात जतन गरेर  जोगाउनुपर्ने र नजोगाए भागिहाल्ने खतरामा अल्झेको छ -हाम्रा कुना पाखतिर ।"(पूर्ववत्, पृ.१७ ) भनेर व्यङ्ग्य गरिएको छ । सफा  र शुद्ध भावनाले जुनसुकै जातका मानिसले दिए पनि खानु पर्छ । जातीय छुवाछुत प्रथा राम्रो होइन भन्ने मानवतावदी विचार निबन्धकारले व्यक्त गरेका छन् ।

अमरपुर गा. वि. स. लाई विम्बका रूपमा उभ्याएर मुलुक र विश्वकै सम्पूर्ण मानववस्तीहरूले आफूलाई निरक्षरतारहित, बेरोजगारी रहित, शान्ति र असुरक्षारहित, आलोचना

र आभावरहित र खुला दिशापिसाव मुक्त क्षेत्र घोषणा गर्नु विचार निबन्धकारले व्यक्त गरेका छन् । वि.सं. २०१६/१७ साल तिरको राजनैतिक गतिविधिका बारेमा सामान्य जानकारी दिनु पनि निबन्धकारको उद्देश्य हो । त्यसैले उनले निबन्धमा अमर आदर्श प्रेम स्कुलमा हुने गरेका राजनैतिक गतिविधिहरूको पनि वर्णन गरेका छन् । शिक्षित र समाजका प्रतिष्ठित व्यक्तिहरूलाई पनि आफ्नो बल्यकालीन ग्रामीण परिवेशको मायाँ- ममता हुने र ग्रामीण क्षेत्रका बस्तीहरूमा गर्नु पर्ने गोठालो, खेतालो, पाडाबाछा बाँध्ने, भकारो सोहोर्ने आदि कामहरू आजका हाम्रा सन्तानले पनि आवश्यक परे गर्नु पर्छ भन्ने विचार पनि सुवेदीको यस निबन्धमा पाइन्छ । समग्रमा निबन्धकार सुवेदीले यो निबन्धमा ग्रामीण क्षेत्रमा बिताएको आफ्नो बाल्यकालको सम्झना गरेका छन् ।

### ४.२.४.३ प्रस्तुति / शैली

काभ्रोमा हुर्किएको बरको रुख यात्रा संस्मरणमा आधारित आत्मपरक निबन्ध हो । अभिव्यक्तिगत आधारमा यो विचारत्मक निबन्ध हो । यसमा यात्रा संस्मरणात्मक शैली अपनाइएको छ । यो नियात्रा मूलक निबन्ध हो । यसमा संवादात्मक र व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरिएको छ । कतै कतै मात्र म पात्रकी श्रीमती बोलेकाले एकोहोरो संवाद छ । आरन, फाँको, पगार्नु जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ । निबन्धमा वैचारिक पक्षभन्दा स्मृति पक्ष वेजोड रूपमा आएको छ । ग्रामीण समाजमा हुने दैनिक गतिविधिको वर्णनले ग्रामीण समाजमा हुर्केका पाठकहरूलाई ग्रामीण भेगमा पुगेको आभास गराउन पनि निबन्धकार सफल भएका छन् । निबन्धमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । निबन्ध सङ्क्षिप्ततामा पूर्ण छ । जैसी बनेकी भतिजीले पकाएको खाना उपाध्याय फुपु-फुपाजुहरूले नखाने हुन कि भन्ने शङ्काले खाना नपकाई बसेको घटनाको वर्णन भएकाले निबन्धको शीर्षक काभ्रोमा हुर्किएको बरको रुख सार्थक छ । समग्रमा निबन्ध यात्रासंस्मरणात्मक भए पनि बौद्धिक र सूचनामुलक छ । विविध विम्ब र प्रतीकहरूको प्रयोगले निबन्ध स-सक्त बनेको छ । निबन्धमा काभ्रोको रुख संस्कृति, परम्परा र पुराना वस्तुहरूको प्रतीक हो भने बरको रुख नयाँ-नयाँ संस्कृति परम्परा एवम् नयाँ निर्माणहरूको प्रतीक हो ।

## ४.२.५ 'भूमण्डलीकरण आन्दोलन र संवेदना' निबन्धको विश्लेषण

निबन्धकार राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'भूमण्डलीरकण आन्दोलन र संवेदना' आत्मपरक निबन्ध हो । विश्व भूमण्डलीकरणले हाम्रा सन्ततिहरूमा के कस्तो संवेदनाहरू उत्पन्न गर्दछन् भन्ने विचारहरू निबन्धकारले नातिका मध्यमबाट यस निबन्धमा देखाएका छन् । जसलाई निम्न अनुसार तल विश्लेषण गरिन्छ :

### ४.२.५.१ विषयवस्तु

भूमण्डलीकरण आन्दोलन र संवेदना निबन्धको मूल विषयवस्तु विश्व भूमण्डलीकरण र आन्दोलनले मानवमा उत्पन्न गर्ने संवेदना के कस्तो हुन्छ भन्ने देखाउनु हो । भूमण्डलीकरण र आन्दोलनले मानवीय संवेदनामा पर्ने प्रभावलाई नतिले गरेका क्रियाकलापका माध्यमबाट निबन्धमा देखाइएको छ । आजको मानव जीवनमा कम्प्युटर, मोवाइल जस्ता सूचना प्रविधिका साधनहरूले पारेको प्रभाव पनि निबन्धको विषयवस्तु बनेको छ । हाम्रा प्राचीन नामहरू समय सुहाउँदो नभएकाले आजका पुस्ताहरूलाई सम्झन गाह्रो परेको र ती नामहरू असमावेशी भएको बताउने नयाँ पुस्ताहरूको विचारलाई निबन्धको विषयवस्तुले यसरी समेटेको छ :

"तपाईंहरूको सभ्यता कस्तो थियो ? यी मैले ल्याएर कम्प्युटरमा हालेका म्याटरबाट पढ्न पाएँ-त्यहाँ एउटा लेखकको नाम थियो-मोतीराम भट्ट, यो कस्तो असमावेसी नाम ! अनि उनले लेखेको "पीकदूत" भन्ने सामग्री पढ्न पाएँ । जेम्स न्याम भ्याट्ट बनाउन पाएको भए लेखकको नाम पहिल्याउन कति सजिलो पर्थ्यो ? अनि उनको उष चरित्र, पीकदूत पनि मोर्निङ्ग क्यारेक्टर, नाइटेङ्गल मिसन शीर्षकमा पढ्न पाए कति आनन्द हुन्थ्यो ?"(पूर्ववत्, पृ. २३) ।

यसरी आजका पुस्ताहरूलाई अङ्ग्रेजीको प्रभव भित्रै सम्म परिसकेकाले तिनीहरूलाई हाम्रा आफ्नै संस्कृति र नाम पनि असमावेशी लाग्ने गरेको विषयवस्तु समेटिएको छ । कुनैपनि मुलुकमा एउटा राष्ट्रिय स्तरको भाषाले मात्र क्षेत्रीय, जातजातीय, प्रान्तीय भाषाको अवस्थामा संप्रेषण गरेर आफ्नो भाव सम्प्रेषण गर्न सक्ने विचार पनि निबन्धको विषयवस्तुले समेटेको छ । विश्व भूमण्डलीकरणका कारणले गर्दा आज नेपालीहरू विश्वका विभिन्न मुलुकहरूमा छरिएर रहेका छन् । ती नेपालीहरू जुनसुकै जातजातिका भए पनि एक नेपाली र अर्को नेपाली सँगै मिलेर इद, लोसार, माघी जस्ता चाडवाड मनाउने गरेको यथार्थ विषयलाई पनि निबन्धले समेटेको छ ।

वि.सं. २०५८ सालमा राजाको कुलै सखाप हुने गरी भएको नारायणहिटी हत्या काण्ड र त्यसमा राजा बन्ने महत्त्वाकाङ्क्षा पालेका एक राजकुमारको हात रहेको विषय पनि निबन्धले समेटेको छ । नेपालमा वि.सं. २०६२/६३ सालमा भएको जनआन्दोलनले नेपालको राज वंशलाई राज्यसत्ताबाट च्यूत गरिदिएको विषय पनि समेटिएको छ । भूमण्डलीकरणले गर्दा विवाह गरेको दुई महिना नहुँदै आफ्नो अनुकूल नभए सम्बन्ध विच्छेद गर्ने, त्यस समयमा गर्भ बसिहाले गर्भ पतन गर्ने पश्चिमी मुलुकको परम्परा नेपालीहरूले पनि नक्कल गर्ने गरेको विषयवस्तुलाई नातिका माध्यमबाट सुवेदीले यसरी समेटेका छन् :

"हेर्नुहोस् ! ग्रेडर पा मेरी पछिल्लो श्रीमती मैले दुई महिना अघि लभ गरेर ल्याएथैं, एक हप्ता अगाडि डिभोर्स गरेर हिँडिदिई । हिजोआज मात्र एस. एम. एस. आएथ्यो -म तिम्रै पालामा प्रिग्नेन्स भएँछु, आज एभोर्सनको टायम लिएकी छु-डाक्टरसँग ।"(पूर्ववत्, पृ. २५) ।

भूमण्डलीकरणले मानव जीवनमा उत्पन्न गर्ने संवेदना के कस्ता हुन्छन् ? तिनले मानव जीवनमा पार्ने प्रभाव कस्तो हुन्छ भन्ने तथ्य देखाउन नातिको क्रियाकलाप विषयवस्तुको रूपमा उल्लेख गरिएको छ । निबन्धको विषयवस्तु समसामयिक छ ।

### ४.२.५.२ विचार/उद्देश्य

विश्व भूमण्डलीकरणले गर्दा मानवीय व्यवहार र क्रियाकलापमा के-कस्तो प्रभाव पर्दछ र त्यसबाट हाम्रा पछिल्ला पुस्ताहरूमा के कस्तो संवेदना उत्पन्न गर्छ भन्ने कुरा देखाउनु निबन्धकार सुवेदीको उद्देश्य हो । विश्व भूमण्डलीकरणको प्रभाव हाम्रा सन्तानहरूमा साह्रै गहिरो रूपमा परेको छ । उनीहरूलाई हाम्रा नामहरू समेत गाह्रो लागेकाले असमावेशी लाग्ने गरेको विचार निबन्धकार सुवेदीले यसरी उल्लेख गरेका छन् :

"उसले एउटा सिडी ल्याएर उसको अत्याधुनिक कम्प्युटरमा हाल्यो र माउस चलायो, त्यहाँ देवनगरीका अक्षरहरू देखिए-"लेखनाथ पौडेल" लेखक र "तरुणतपसी" लेखिएको थियो । उसले फेरि मतिर हेरेर लामो सुस्केरा मिश्रित स्वरमा भन्यो -ओ ग्याण्ड पा ! क्या हो यो तपाइँहरूको काम गर्ने पारो ? यसलाई "राइटिङ्ग लर्ड न्यातपोल" र "योङ टेप्सी" लेख्न सक्नु हुन्न थियो ?"( पूर्ववत्, पृ. २३)

यी भनाइहरूले विश्व भूमण्डलीकरणले गर्दा हाम्रा सन्तानमा उत्पन्न हुने संवेदना देखाएको छ भने अर्को तर्फ हाम्रा संस्कृति र परम्पराहरूलाई नयाँ पुस्ताहरूलाई अनौंठो लागेको प्रति व्यङ्ग्य पनि गरिएको छ ।

त्यसैगरी निबन्धमा राष्ट्रमा एउटा राष्ट्रिय स्तरको भाषा हुनुपर्छ । जसले भिन्न जाति, धर्म, सम्प्रदायका मानिसहरू बिच संयोजनको काम गर्छ । नेपालमा राष्ट्रिय स्तरको भाषा नेपाली नै हुनुपर्छ भन्ने विचार पनि विविध भिन्न जातजाति र धर्मावलम्वीका बिच आपसमा नेपाली भाषामा प्रेम गराएर र अन्त्यमा लगनगाँठो समेत कसिएको देखाएर व्यक्त गरेका छन् । भूमण्डलीकरण आजको समयमा सूचना र प्रविधिको विकासले गर्दा आवश्यक भए पनि हरेक मानवीय सम्बन्ध र क्रियाकलापहरूलाई भूमण्डलीकरणसँग गाँसेर हेर्न नहुने विचार पनि निबन्धको अन्त्यमा नातिमा भूमण्डलीकरणले गर्दा उत्पन्न भएको संवेदना देखाएर प्रष्ट पारेका छन् ।

नेपाली जाति आज विश्वको कुना-कुनामा पुगेको छ । त्यसैले नेपाली जाति आज भूमण्डलीकरण भैसकेको छ । तामाङ्गको बाबुको शोक दिवसमा मुस्लिम उपस्थित हुनु, तारानाथ

शर्माले अमेरिकामा सत्यनारायणको पूजा गर्दा मुहमद इकवाल जरदारी प्रसाद खान पुग्नु, मलेसियामा नेपालीहरूले रबरको फेदमा ग्राम स्थानको निर्माण गर्नु, कतारको रेष्टुरामा देवनारायण थारू र आखिरसिंह दनुवारले माघी मनाउने सल्लाह फुटपाथमा उभिएर गर्नु जस्ता दृश्यहरूको वर्णन नेपाली जाति र नेपाली सस्कृतिका ज्वलन्त उदाहरण हुन् भन्ने सुवेदीको विचार छ । यी दृश्यहरूबाट नेपाली जाति र नेपाली संस्कृति भूमण्डलीकरण भैराखेको देखाउनु सुवेदीको उद्देश्य हो ।

वि.सं. २०५८ सालमा राजा विरेन्द्रको वंश विनास हुनेगरी भएको नारायणहिटी दरवार हत्याकाण्ड लगायत राजपरिवारका अन्य सदस्यहरूको हत्या काण्डमा राजाका भाइको हात रहेको विचार उनले स्पष्ट रूपमा यसरी व्यक्त गरेका छन् :

"राजाका त्यही सन्काहा भाइले आफ्नो दाजु, भाउजू, भतिजा र भतिजी, दिदी बहिनी समेतलाई माऱ्यो । राज्यको सुविधा त्याग गरेर गएको भाइलाई बोलाएर माऱ्यो । विधवा बुहारीलाई हेलिकोप्टरसँगै रारा तालमा लगेर खसाली दियो । अँ यो सबै लेखाइबाट त राजाका सन्तान राजाका भाइबाटै नष्ट भएको स्थिति उद्घाटन हुँदैन र ?"(पूर्ववत्, पृ. २५) ।

आफ्नो मौलिक संस्कृति विपरीत विवाह जस्तो सम्वन्ध विदेशीहरूले झैं जो सुकै सँग गाँस्ने र मन नपरे सम्बन्ध विच्छेद गर्ने गरेको तितो तर यथार्थ विचार पनि सुवेदीले व्यक्त गरेका छन् । सबै कुरामा भूमण्डलीकरण हुँदै जाने हो भने हाम्रो भाषा संस्कृति, परम्परा आदि हाम्रा पछिल्ला पुस्ताहरूले माइक्रो फिलिम र सिडीमा हेरेर अनौंठो अनुभव गर्ने दिन आउन सक्छ । त्यसैले नेपालीहरूको अस्तित्वका लागि नेपाली मौलिक संस्कृति र परम्परा बचाउन सक्नु पर्छ भन्ने विचार पनि पाइन्छ । हालसम्म धेरै कुरामा विश्व भूमण्डलीकरणको प्रभाव परे पनि नाता, सम्बन्ध र आत्मीयताको, स्वजन, स्वपरिवार र स्वत्वको भूमण्डलीकरण हुने अवस्था आइनसकेको विचार निबन्धकारको छ ।

### ४.२.५.३ प्रस्तुति / शैली

'भूमण्डलीकरण आन्दोलन र संवेदना' आत्मपरक निबन्ध हो । आभिव्यक्तिगत आधारमा यो वैचारिक निबन्ध हो । यस निबन्धमा नातिका क्रियाकलापको वर्णन गरिएकाले वर्णनात्मक शैली अपनाइएको छ । विश्व भूमण्डलीकरण कसरी भै राखेको छ र यसले मानवमा के कस्तो संवेदना उत्पन्न गर्छ भन्ने कुरा सूक्ष्म रूपमा विश्लेषण गरिएकाले यो बौद्धिक निबन्ध हो । निबन्धमा अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाको पनि सहज रूपमा प्रशस्त प्रयोग गरिएको छ । निबन्ध लामा छोटा दुवै किसिमका वाक्यहरूमा संरचित छ । यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । निबन्धमा विश्व भूमण्डलीकरण, नेपालमा भएका आन्दोलन र त्यसबाट

बालकहरूका मनमा उत्पन्न हुने संवेदना देखाइएको छ । त्यसैले निबन्धको शीर्षक भूमण्डलीकरण आन्दोलन र संवेदना सार्थक छ ।

समग्रमा निबन्ध बौद्धिक, सूचनामूलक र संक्षिप्ततामा पूर्ण छ । विविध विम्ब र प्रतीकहरूको प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ ।

### ४.२.६ 'अधिकार प्रत्यायोजन' निबन्धको विश्लेषण

निबन्धकार राजेन्द्र सुवेदीको 'अधिकार प्रत्यायोजन' 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत आत्मपरक, बौद्धिक निबन्ध हो । सुवेदीले यस निबन्धमा यस चराचर जगतको सृष्टि प्रक्रिया नै त्रुटीपूर्ण भएकाले सबैले दुःख पाएको विचार व्यक्त गरेका छन् । जसलाई निम्न अनुसार विश्लेषण गर्न सकिन्छ :

#### ४.२.६.१. विषयवस्तु

यो निबन्धको मूल विषयवस्तु अधिकारको हस्तान्तरण नै हो । अधिकार प्रत्यायोजन भन्नाले अधिकार हस्तान्तरण वा अधिकारको बाडफाँट भन्ने बुझिन्छ । अधिकारको हस्तान्तरण गर्दा विचार नपुऱ्याए अधिकार पाउनेले अधिकार दिनेको अस्तित्व नै समाप्त गरिदिन सक्छ भन्ने कुरा मानिसले अधिकार पाए पछि ईश्वरको मृत्युको घोषणा गरेको उल्लेख गरेर विषयवस्तुमा समेटिएको छ । संसारको सृष्टि गर्ने क्रममा अनेकौ प्राणीहरूको ब्रह्माले सृजना गरे । सृजित प्राणीहरूले आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकार हनन भयो र सृष्टिमा असन्तुलन पैदा भयो । यसरी आफैले सिर्जना गरेका प्राणीहरूले एकले अर्काको अस्तित्व नै समाप्त हुने गरी खानमा नै व्यस्त भैराखेको देखेर ब्रह्मा जी दिक्क भए । सृष्टिमा देखिएको यो असन्तुलनलाई सन्तुलनमा ल्याउने जिम्मा एउटा भेला मार्फत तिनै प्राणीहरू मध्येको सर्वश्रेष्ठ प्राणी मान्छेले लियो । मान्छेले उड्ने विमानदेखि ब्रह्मभन्दा छिटो क्षमतामा सबैलाई व्याख्या र विश्लेषण गर्न सक्ने कम्प्युटर समेत आविस्कार गऱ्यो । लामो निद्राबाट बिम्झे पछि ब्रह्माले कम्प्युटरको मउस क्लिक गर्दै यी सबै कुराहरू आफ्नै आँखाले कम्प्युटरको मोनिटरमा हेरे । यसबाट उनलाई मान्छेको सिर्जना गरेकोमा मात्र हैन, सिर्जन प्रक्रियामा देखापरेको समस्या निराकरणको जिम्मा मान्छेलाई दिएकोमा समेत पछुतो भयो । उनले कम्प्युटरको माउस क्लिक गर्दा स्वर्थी र भ्रष्टाचारी मानिसले ईश्वरकै मृत्युको घोषणा गरेर मानिस आफै सृष्टिमा सर्वेसर्वा भएको घटनाहरू नै निबन्धको विषयवस्तु हो । निबन्धको विषयवस्तु आख्यानात्मक रूपमा आएको छ ।

निबन्धमा पौराणिक सृष्टि प्रक्रियामा (दैवी उत्पतिको सिद्धान्त) र आजका मान्छेले गरेको उपलब्धीलाई संयोजन गरेकाले निबन्धको विषयवस्तु उत्कृट बनेको छ । आजको मान्छे स्वार्थी, भ्रष्ट, नीच, पतित बन्दै गएको यथार्थलाई पनि निबन्धको विषयले समेटेको छ । समग्रमा निबन्धको विषयवस्तु मान्छेको प्रवृत्तिमा केन्द्रित छ ।

### ४.२.६.२. विचार/उद्देश्य

अधिकार प्रत्यायोजन आत्मपरक निबन्ध हो । यस निबन्धमा आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको पनि हनन हुन्छ कि भनेर अधिकार प्रयोगकर्ता सचेत हुनुपर्छ । कसैलाई अधिकार दिदा त्यसबाट पछि उत्पन्न हुने समस्याहरूलाई पहिले नै आंकलन गर्न सक्नु पर्छ । अधिकार प्रत्यायोजनका नाममा कसैलाई पनि बढी अधिकार दिनु हुँदैन । बढी अधिकार दियो भने अधिकार दिनेको अस्तित्व नै अधिकार पाउनेले समाप्त गरिदिन सक्छ भन्ने विचारहरू निबन्धमा पाइन्छन् । निबन्धकारका बिचारमा यो सृष्टि प्रक्रिया नै त्रुटिपूर्ण भएकाले सबै प्राणीहरूले दुःख भोग्नु परेको हो । यस चराचर जगतको सृष्टि ब्रह्माले गरेका हुन भन्ने विचार निबन्धकारको छ । यसबाट उनी संसारके सृष्टि प्रक्रियाका सम्बन्धमा दैवी उत्पति सिद्धान्तका पक्षपाति देखिन्छन । यस जगतमा सृष्टिको सबैभन्दा उत्कृष्ट प्राणी मानव हो । यही मानवले ब्रह्माजीबाट निर्माण हुनु पर्ने पापिका निम्ति सजाय दिने पाप कुण्डहरू आफैले निर्माण गरेको विचारलाई यसरी समेटेका छन् :

“दण्डपुरस्कार अब यमराजबाट होइन, मान्छेकै गृह र न्यायबाट चल्दै छ । दण्डनरक अब ब्रह्माजीबाट निर्मित कुम्भिपाक होइन मानव निर्मित मिसिसिपी, भोल्गा, ह्वाङ् हो, यमुना र वग्मतीकै मुत्रपुरीष, रगत र पीपयुक्त पदार्थमा देखियो ।”(पूर्ववत्, पृ. ३१) ।

यसरी हामीले हाम्रा नदिनालाहरूमा फोहोर मिसाएको प्रति सुवेदीले स-शक्त विम्बका माध्यमबाट चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । निबन्धकारका विचारमा प्रणीहरू मध्ये सबैभन्दा विध्वंसकारी र खतरनाक प्राणी मान्छे हो किनभने मान्छेले समग्र प्राकृकति श्रोत र सम्पदाहरूलाई विविध माध्यमहरू अपनाएर खाद्य पदार्थका रूपमा भोजन गर्न सक्छ भनेर व्यङ्ग्यात्मक रूपमा आफ्नो विचार  व्यक्त गरेका छन् । आज विश्वकै मान्छेहरू घुस, कमिसन, भ्रष्टाचार गर्नका लागि विभिन्न कामको जिम्मा लिन अघि सर्ने गरेको विचार निबन्धकारले यसरी उल्लेख गरेका छन् :

“खाद्य अखाद्यको व्यवस्थापन एउटा देशको स्थानीय एकाइदेखि अन्तर्राष्ट्रिय सङ्गठनसम्मका घुस, कमिसन, उपहार, नजराना, रिस्वत जस्ता नाममा विततिर सामाग्रीहरू मान्छेका पेट भित्र खचाखच देखिए । आफूले पुरातन शैलीमा निर्माण गरेको पुष्पक विमानको आधुनिक रूप मान्छेको पेटमा पच्दै गरेको देखे । चराचर जगतका प्रकृतिक स्रोत र सम्पदाहरू खाद्य पदार्थका रूपमा भोजन गर्न लागेका प्राणीहरूका पङ्तिमा सबभन्दा विध्वंसकारी रूप त्यही मान्छेलाई देखे, ब्रह्माजीबाट सृष्टि सञ्चालनको जिम्मेदारीमा नियुक्त मान्छे नै सबैभन्दा खतरनाक बनेको देखे ।”( पूर्ववत्, पृ. ३२) ।

यो निबन्ध नित्सेले गरेको ईश्वरको मृत्युको घोषणा सम्बन्धी विचार, पाठक प्रतिक्रियावादी सिद्धान्त र विनिर्माणवादी सिद्धान्तबाट प्रभावित भएर लेखिएको छ । यी तीनै सिद्धान्तहरूको संयोजन यो निबन्धमा पाइन्छ । मान्छेलाई सर्वेसर्वा देखाएर अन्तमा मान्छेले नै 'द इन्ड अफ द गड' भनेर ईश्वरकै मृत्युको घोषणा गरेपछि ब्रह्माजी नउठ्नेगरी ढलेको देखाउनुले नित्सेको विचारलाई समेटेको छ । लेखकको अन्त्यले पाठक प्रतिक्रियावादी सिद्धान्त र इतिहासको अन्त्य र समालोचनाको अन्त्यले विनिर्माणवादी सिद्धान्तलाई समेटेको छ ।

यसरी विविध पश्चिमेली समालोचना सिद्धान्तहरूको सापेक्षतामा मान्छेका प्रवृत्तिहरूको निरुपण गर्नु निबन्धकारको उद्देश्य हो । आज विश्वमा जति उन्नति र प्रगति भएको छ , त्यो सबै मान्छेले सुविधा खोज्ने र सृष्टिको आरम्भदेखिका सबै पक्षहरूलाई आधुनिकीरकण गर्ने प्रयासको फल स्वरूप भएको हो । हरेक जिम्मेदार मान्छेको दृष्टिकोणमा श्रृङ्खलावद्ध रूपमा स्वर्थ हुन्छ । स्वर्थले प्रेरित भएर नै मान्छेले कुनै पनि काम गर्ने जिम्मा लिन्छ भन्ने तितो तर यथार्थ विचारहरू निबन्धकारले व्यक्त गरेका छन् । यस निबन्धका माध्यमबाट मान्छे स्वर्थी निच भ्रष्टाचारी बन्दै गएको देखाउनु निबन्धकार सुवेदीको प्रमुख उद्देश्य हो ।

### ४.२.६.३ प्रस्तुति/शैली

'अधिकार प्रत्यायोजन' 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत उत्कृष्ट आत्मपरक निबन्ध हो । निबन्धमा निबन्धकारले कतै वर्णनात्मक, कतै व्याख्यात्मक शैलीको प्रयोग गरेका छन् । अभिव्यक्तिगत आधारमा यो विचारात्मक निबन्ध हो । यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । व्याकरणात्मक दृष्टिले कर्ता, कर्म र क्रिया क्रमशः मिलेका वक्यहरूको प्रयोग नगरी काव्यात्मक भाषाको प्रयोग गरिएको छ । वाक्यहरूलाई कमा, ड्यास आदिले जोडेकाले लामा-लामा पनि हुन पुगेका छन् । अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाका शब्दहरूको पनि प्रयोग गरिएको छ । मान्छेमा सिर्जना भएका नराम्रा प्रवृत्तिहरूप्रति नाटकीय शैलीमा व्यङ्ग्य गरिएकाले निबन्ध उत्कृष्ट बनेको छ । निबन्धमा विमान, प्रकृतिक श्रोत र सम्पदाहरू, कम्प्युटर, माउस अदिलाई सहज विम्ब र प्रतीकका रूपमा प्रयोग गरिएको छ । कम्प्युटरको मोनिटरमा मान्छेले गरेका दृश्यहरूको प्रस्तुति ब्रह्माजी आँफैले हेरेको देखाइएको छ । यो निबन्धका क्षेत्रमा गरिएको नौलो र उत्कृष्ट प्रयोग पनि हो ।

समग्रमा निबन्ध बौद्धिक छ । सरल, कोमल, हार्दिक र व्यङ्ग्यात्मक भाषा, नाटकीय र वर्णनात्मक शैलीको प्रयोगले निबन्ध उत्कृष्ट बनेको छ । निबन्ध संक्षिप्तामा पूर्ण छ ।

### ४.२.७ 'सम्पन्न - दरिद्रता' निबन्धको विश्लेषण

'सम्पन्न-दरिद्रता' निबन्धकार राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रह भित्र सङ्ग्रहीत वैचारिक निबन्ध हो । सम्पन्न र दरिद्रता नै निबन्धको मूल

विषयवस्तु हो । निबन्धको विषयवस्तुलाई सुवेदीले नाटकीय र संवादात्मक शैलीमा प्रस्तुत गरेका छन् । आ-आफ्नै हिसावले प्रकृतिले सबैलाई सम्पन्न बनाउँछ । प्रकृतिले देशकाल वातावरण अनुसार सबैलाई विना पक्षपात सहयोग गरिरहन्छ । यो प्रकृतिको शाश्वत नियम हो । प्रकृतिको अविच्छिन्न गतिबाट फाइदा लिनलाई हामीले जान्नु पर्छ भन्ने विचार नै निबन्धमा अवच्छिन्न रूपधारी प्रकृति र सबैभन्दा गरिव महसुस गर्ने नेपाल देशको मान्छे बिच भएको कार्यकलापबाट प्रस्तुत गरिएको छ ।

यस निबन्धमा प्रकृतिलाई वा जगत्लाई सिर्जना गर्ने पात्रलाई अविच्छिन्नका रूपमा उल्लेख गरिएको छ । यहाँ अवच्छिन्नता नै प्रकृति हो । प्रकृतिले नेपाललाई सबै दृष्टिकोणबाट सम्पन्न बनाएको छ । नेपाल अन्य मुलुकको तुलनामा प्राकृतिक दृष्टिकोणले कतिसम्म सम्पन्न छ भन्ने कुरा देखाउन निबन्धकारले नेपालीलाई एउटा नयाँ र निक्कै टाढाको रमझम भएको एउटा उच्च स्थानमा लगिन् र त्यसबाट देखिने दृष्यहरू वर्णन गर्न लगाइन् । यसबाट निबन्धकारले सम्पन्न हुनका लागि परिश्रम गर्नुपर्छ । नेपाल प्राकृतिक दृष्टिकोणबाट विश्व कै अत्ति सम्पन्न मुलुक हो । प्रकृतिप्रदत्त वस्तुबाट हामीले फाइदा लिन जान्नु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । टिकट काटेर मानिसले दृश्यावलोकन गरेको, हिमाल चढेको, जङ्गली जनावरको फोटो खिचेको आदि दृष्यले नेपालमा पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेको विचार निबन्धकारले व्यक्त गरेका छन् । अर्कोतर्फ नेपाल जस्तो प्रकृतिले धनी मुलुकको नागरिक भएर पनि आजसम्म दरिद्रतामै बाँच्नु नेपालीहरूकै चिन्तनको कमी हो भन्ने विचार पनि व्यक्त गरेका छन् ।

### ४.२.७.१ विषयवस्तु

निबन्धकार राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रह भित्र सङ्ग्रहीत 'सम्पन्न-दरिद्रता' आत्मपरक र राष्ट्रिय वैचारिक स्वर प्रस्तुत भएको निबन्ध हो । यस निबन्धमा प्राकृतिक रूपले धनी भएर पनि मुलुक कसरी गरिब भयो ? गरिबिनिवारणका के कस्ता उपायहरू छन् भन्ने विषयमा चिन्तन गरिएको छ । यस निबन्धको मूल विषयवस्तु सम्पन्न, दरिद्रता र प्रकृति हो । यसमा प्रकृतिले कसरी सबैलाई आफ्नै हिसावले सम्पन्न बनाउँछ भन्ने कुरा देखाइएको छ । प्रकृतिको काम के हो ? प्रकृतिले यो ब्रम्हाण्डलाई कसरी सञ्चालन गर्छिन् भन्ने कुराहरू पनि निबन्धको विषयवस्तुले समेटेको छ । नेपालीले प्रकृति पुत्री अविच्छिन्नतासँग आफू गरिब भएको गुनासो राखेको छ । गरिबीको समस्या र निराकरणका उपायहरू पनि विषयवस्तुका रूपमा आएका छन् । अविच्छिन्नता र नेपाली मान्छे प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण धेरै ठाउँमा घुमेका र त्यसबापत नेपालीहरूले फाइदा लिन नसकेका कुराहरू यो निबन्धको मूल विषयवस्तु हो ।

यो निबन्धको विषयवस्तु बौद्धिक छ । सुवेदीका प्राय : सबै निबन्धहरू बौद्धिक विषयवस्तुसँग सम्बन्धित छन् । त्यसैले उनी बौद्धिक निबन्धकार हुन् । यो निबन्धमा विषयवस्तुलाई नाटकीय ढङ्गबाट प्रस्तुत गरिएको छ । विषयवस्तु र प्रस्तुतिका दृष्टिकोणले निबन्ध उत्कृट बनेको छ ।

### ४.२.७.२ विचार/उद्देश्य

सुवेदीको ‘सम्पन्न -दरिद्रता’ आत्मपरक र वैचारिक निबन्ध हो । यस निबन्धको विषयवस्तु प्रकृति हो । निबन्धकार सुवेदीले समग्र निबन्धको मूल विचारलाई “प्रकृतिले सबैलाई सम्पन्न बनाउँछ आ-आफ्नै हिसाबले । विना पक्षपात सहयोग गरिरहन्छ । यो उस्को शास्वत नियम हो । यो शास्वत सत्यलाई सबैले आत्मसत् गरेका कुरा घाम जतिकै स्पष्ट छ जगतमा । प्रकृतिको अविच्छिन्न गतिबाट फाइदा लिन जान्नुपर्छ -कसैलाई पनि प्रकृतिले पक्षपात गर्दैन ।” (पूर्ववत्, पृ. ३८) भनेर उल्लेख गरेका छन् ।

नेपाल प्राकृतिक रूपले विश्वमा नै धनी मुलुक हो । प्राकृतिक सम्पदाबाट नेपालीहरूले फाइदा लिन नजानेका हुन् । विश्वका अन्य मुलुकहरूको तुलनामा नेपालले प्रकृतिक सम्पदाको उपयोग गरेर धेरै फाइदा लिन सक्छ  भन्ने निबन्धकारको विचार छ । उनले नेपालीलाई अविच्छिन्नताका साथमा घुमाउनुको उद्देश्य पनि यिनै माथिका विचारहरू व्यक्त गर्नु हो । साथै प्रकृतिबाट फाइदा लिदा मानिसले परिश्रम र मेहनत गर्नुपर्छ । नेपालमा धेरै वनजङ्गल, हिमाल, मन्दिर, स्तुप र चैत्यहरू भएकाले त्यसबाट नेपालले प्रशस्त फाइदा लिन सक्ने विचार सम्पन्न -दरिद्रता निबन्धमा निबन्धकारले उल्लेख गरेका छन् । नेपालीहरूले अझसम्म पनि प्रकतिबाट फाइदा लिन सकेका छैनन् । त्यसैले गरिबी निवारण कसरी गर्ने भन्ने चिन्तनका लागि समेत योग्य नभएको कुरा निबन्धकार सुवेदी व्यङ्ग्यात्मक रूपमा सम्पन्न-दरिद्रता निबन्धमा यसरी व्यक्त गर्दछन् :

“ए ! त्यसैले त तिमी गरिब रहेछौं, गरिबी निवारणका निम्ति मात्र होइन गरिबी निवारणको चिन्तनका निम्ति पनि अयोग्य रहेछौं ।”(पूर्ववत्, पृ. ३९) ।

यस निबन्धमा निबन्धकार सुवेदीले एउटा पात्रको नाम अविच्छिन्नता राखेका छन् । अविच्छिन्नता प्रकृतिको छोरी हो । अविच्छिन्नताको अर्थ निरन्तरता वा नटुटेको भन्ने हुन्छ । यसबाट निबन्धकारले अविच्छिन्नतालाई नै प्रकृतिको पर्यायका रूपमा उल्लेख गरेको कुरा स्पष्ट हुन्छ । प्रकृतिको अविच्छिन्नतामा विच्छिन्नता (क्रमभङ्गता) आउन नहुने विचार निबन्धकारले आफ्नो निबन्धमा यसरी व्यक्त गरेका छन् :

“मेरो अविच्छिन्नतामा व्यवधान आउन नहुने हो, अहिले त्यही चाहिँ काम भइदियो ।” ( पूर्ववत्, पृ. ३५) ।

प्रकृतिको अविच्छिन्नतामा व्यवधान आउँदा समग्र ब्रम्हाण्डमा नै व्यवधान उत्पन्न हुन्छ भन्ने निबन्धकारको विचार छ । जसलाई निबन्धकारले यसरी उल्लेख गरेका छन् :

"पुटुक्क पेट, परिपुष्ट र फराकिलो छाती, सबल र सपाट ढाड, गरुङ्गो भार धान्न सक्ने काँध लिएर ठिङ्ग उभिएको त्यस प्राणीलाई देखेपछि अविच्छिन्नताको चिन्तनगत एकाग्रतामा एकाएक विच्छिन्नता आयो । कार्यगत एकतामा विच्छिन्नता आउनसाथ एउटा ध्वनी प्रसारित भयो -आकाशको समग्रता व्याप्त गरेर फेरि त्यस ध्वनीमा पहिलो वाक्यांश थियो- अविच्छिन्नतामा यो विच्छिन्नता कसरी आयो ? सारा आकाशमा यही ध्वनि प्रकम्पित भयो - दिग्दिगन्तसम्म र अर्को वाक्यांश थपियो । 'ए अविच्छिन्नताको अवरोधक बनेर कुनै प्राणी आएर अविच्छिन्नताको सामु उभिएको रहेछ ।' फेरि पनि प्रतिध्वनि गम्भीर घोषमा प्रकम्पित बन्दै बिस्तारै दूर क्षितिजसम्म बग्दै गएर विलीन भयो ।"(पूर्ववत्, पृ. ३५) ।

यस चराचर जगतमा जे जति रुख, विरुवा, खोला, हिमाल आदिको सृष्टि भएको छ ती सबै अविच्छिन्नताको कारणले भएको निबन्धकारको विचार छ । यो निबन्ध बौद्धिक निबन्ध हो । त्यसैले यसमा निबन्धकार सुवेदीले आफ्ना बौद्धिक विचारहरू व्यक्त गरेका छन् ।

### ४.२.७.३ प्रस्तुति/ शैली

सम्पन्न-दरिद्रता आत्मपरक र बौद्धिक निबन्ध हो । अभिव्यक्तिगत आधारमा यो विचारात्मक निबन्ध हो । शैलीका हिसावले शंयत शैलीको प्रयोग गरिएको छ । निबन्धमा अविच्छिन्नता र मानवबिच भएको घटनाको वर्णन गरिएकाले वर्णनात्मक शैलीको पनि प्रयोग गरिएको छ । सरल र संयुक्त वाक्यको प्रयोग गरिएको छ । प्रकृतिको वर्णन आत्मपरक शैलीमा मनमोहक ढङ्गले प्रस्तुत गरिएको छ । 'वीतरात', 'कलिका', 'खेचर' जस्ता कठिन शब्दहरूको प्रयोगले निबन्ध दुर्बोध्य बनेको छ । सामान्य विषयवस्तु प्रकृतिलाई पनि तार्किक ढङ्गले प्रस्तुत गर्दै आफ्ना उत्कृष्ट विचार राखेकाले पनि निबन्ध बौद्धिक बनेको छ । अविच्छिन्नता र नेपालको मानव बिच भएको कार्यकलापलाई नाटकीय शैलीमा प्रस्तुत गरिएको छ । निबन्ध व्यष्टिमा नबुझी समष्टिमा बुझिने खालको छ । "ए ! त्यसैले त तिमी गरिब रहेछौं गरिबी निवारणको चिन्तनका निम्ति पनि अयोग्य रहेछौं ।" भनेर ब्याङ्ग्यात्मक शैलीको प्रयोग गरिएको छ ।

### ४.२.८ 'वर्तमान र गुरुपरम्परा' निबन्धको विश्लेषण

'वर्तमान र गुरुपरम्परा' राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत बौद्धिक र वैचारिक निबन्ध हो । अहिले र पहिलेका गुरुहरूको मूल प्रवृत्ति के कस्तो रहेको छ भनेर छुट्टाउनु नै निबन्धको विषयवस्तु हो । पौराणिक विम्ब र मिथकहरूको प्रयोगले निबन्ध रोचक बनेको छ ।

### ४.२.८.१ विषयवस्तु

आजका आधुनिक र प्राचीन गुरुहरूको प्रवृत्तिहरू यस निबन्धमा तुलनात्मक रूपमा देखाइएको छ । यस निबन्धको मूल विषय वस्तु नै गुरुहरूको प्रवृत्ति हो । गुरुले गर्ने चेलाहरूप्रतिको व्यवहार, ज्ञान दिए वापत गुरुहरूले चेलासँग माग्ने गुरु दक्षिणालाई पनि निबन्धले विषयवस्तुको रूपमा समेटेको छ । आजका पि. एच्. डी. धारी गुरुहरू साभार गरेर ग्रन्थ तयार पार्दछन् र पुरस्कारका लागि पचास प्रतिशत पुरस्कारको रकम खुवाएर भए पनि प्रायोजकका अघिल्लतिर नतमस्तक भएर उभिन्छन् भन्दै गुरुहरू पुरस्कार प्रति धेरै मोहित भएको तथ्य कुरा पनि निबन्धको विषयवस्तुले समेटेको छ । पहिलेका गुरुहरू मात्र हैन अहिलेका गुरुहरू पनि आफ्ना चेलाहरू आफूभन्दा जान्ने भएको हेर्न नचाहने तितो र सत्य विचार विषयवस्तुले समेटेको छ । हाम्रो पूर्वीय परम्परामा नै पनि चेलाहरू गुरुहरूभन्दा विद्वान् भएको कुरा हेर्न नचाहने कुरा विषयवस्तुले पौराणिक गुरु र तिनसँग सम्वद्ध चेलाहरूलाई प्रस्तुत गरेर समेटेको छ । आजकालका गुरुहरूमा नैतिकता, इमान्दारिता र विनयता नभएको, एउटै समयमा दसतिर हाजिर जनाउन सक्ने, कसरी हुन्छ पैसा कमाउनमा मात्र प्रवृत्त हुने गरेको कुरालाई पनि निबन्धले विषयवस्तुको रूपमा समेटेको छ ।

गुरुबाट चेलाले शिक्षा ग्रहण गरिसकेपछि चेलाको गुरुप्रति के कस्तो कर्तव्य हुन्छ । चेला गुरुभन्दा जान्ने भए पनि श्रद्धा र आदर सधैं उत्तिकै रहिरहन्छ भन्ने कुरा पनि विषयवस्तुको रूपमा आएको छ ।

निबन्धको विषयवस्तु 'गुरु' सामान्य भए पनि निबन्धकारले तार्किक ढङ्गले प्रस्तुत गरेकाले निबन्ध उत्कृष्ट बनेको छ ।

अर्कोतर्फ निबन्धकारले स्वयम् आफ्ना बारेमा पनि निबन्धमा उल्लेख गरेका छन् । निबन्धकार पनि चेला भएको तर उनी वर्तमान गुरु र शिष्य परम्परा भन्दा भिन्न रहेको कुरा पनि विषयवस्तुमा समेटेका छन् । निबन्धकारले आफूलाई अध्ययनका क्रममा गुरुका मतहरूलाई खण्डन गर्ने, गुरुका सुत्रहरूलाई व्याख्या गर्ने, गुरुले अरुबाट साभार गरेका विचारहरूलाई ठाडै चोरेका हुन् भन्न सक्ने र गुरु दक्षिणाका लागि आफ्नो औंलो नै गुरुहरू प्रति समर्पित नगर्ने हिम्मतिलो चेलाका रूपमा यसरी प्रस्तुत गरेका छन् :

"मैले कतिपय गुरुहरू साभारमा ग्रहण गरेको देखेको छु । अध्ययनका सन्दर्भमा कतिपय गुरुका मतलाई खण्डन गरेको छु , कतिपय गुरुका सूत्रलाई व्याख्या गरेको छु । त्यस्ता प्रत्येक द्रोणाचार्य गुरुहरूसँग मेरो भेट हुन्छ -पाइला पाइलामा । प्रत्येक गुरु मेरो ज्ञान तन्तु चिमोट्न आए भने मैले ठाडै नकार्नु पर्छ । द्रोणाचार्य सामु मैले औंला कटिन त मैले के विगारे ? मैले सभार गरेका विचारहरू ती गुरुहरूले ठाडै चोरेका हुन् ।"(पूर्ववत्, पृ. ४३) ।

यसरी हेर्दा निबन्धको विषयवस्तु गुरु र गुरुहरूको प्रवृत्ति, शिष्य र आजका शिष्यहरूको प्रवृत्ति अनि स्वयम् निबन्धकार आफू गुरु र चेला दुबै हुँदा देखाएका व्यवहारप्रति प्रवृत्त छ ।

### ४.२.८.२ विचार/उद्देश्य

'वर्तमान र गुरुपरम्परा' निबन्धकार राजेन्द्र सुवेदीको आत्मपरक वैचारिक निबन्ध हो । गुरुहरूको स्वार्थपूर्ण प्रवृत्तिलाई देखाउनु सुवेदीको प्रमुख उद्देश्य हो । यस निबन्धमा सुवेदीले प्राचीन कालदेखि हालसम्म कै गुरु परम्परालाई समेट्दै गुरुहरूको प्रवृत्ति केलाएका छन् । आजसम्म सबै गुरुहरूले आफ्ना चेलाहरू आफूले दक्षता हासिल गरेको विषयमा आफूभन्दा विज्ञ नहुन भन्ने विचार राख्छन् भन्ने विचारलाई निबन्धमा यसरी व्यक्त गरेका छन् :

"एकलव्य द्रोणाचार्यको प्रतिस्पर्धी थिएन । तर एकलव्यको औँठो नकाटेसम्म सन्तुष्ट नहुने कुण्ठा द्रोणाचार्यमा आविर्भाव भयो । गालवमा विश्वामित्रलाई नै विस्थापित गर्ने उत्कण्ठा थिएन । तर गालवलाई पलायित नबनाएसम्म गुरुको चित्त बुझेन । आजसम्म पनि गुरुहरू द्रोणाचार्य र विश्वामित्रको कुण्ठाग्रस्त छन् र उनीहरूलाई एकलव्यको सग्लो औंला मन पर्दैन र गालवको सफल जीवन मन पर्दैन ।"(पूर्ववत्, पृ. ४१) ।

निबन्धकारका विचारमा मान्छेले आफ्नो जीवनमा अनेक स्रोतहरूबाट ज्ञान सिक्छ । त्यसैले ती सबै वस्तुहरू प्रत्यक्ष वा परोक्ष रूपमा ज्ञान आर्जन गर्ने मानिसको गुरु बन्दछन् । त्यसैले ती सबैले द्रोणाचार्य, विश्वामित्र, दुर्वासा, वशिष्ठ र दधिचि जस्तो चेलाको योग्यताको समूलोच्छेदन गर्नुहुँदैन । गुरुभन्दा चेला जान्ने हुँदैमा गुरुको गुरुत्व कमजोर हुँदैन भन्ने विचारलाई उनले यसरी व्यक्त गरेका छन् :

"मैले साक्षरता सम्मको ज्ञान आफ्नै आमाबाट पाएँ । त्यतिखेर म आफ्नो आमाको शिष्य बने । मेरो गुरुत्व वहन गर्ने आमामा लघुताको आभास पाइन । क्रमश : ममा विकसित हुँदै गएको ज्ञानसँग आमामा निहित गुरुत्व पराजित हुँदै गएपनि गुरुत्व बोध मै सन्तुष्ट देखिन्थ्यो ।" (पूर्ववत्, पृ. ४०) ।

त्यसैले निबन्धकार भन्दछन् गुरु भेटीका रूपमा गुरुहरूले चेलाको प्रतिभाको घात गर्नु हुँदैन । यदि कुनै गुरुहरूले चेलाहरूको प्रतिभा घात गर्ने गरी गुरु भेटी माग्छन् भने चेलाले पनि आफ्नो प्रतिभा रक्षाका लागि आफूले सिकेको ज्ञान सदुपयोग गर्नु पर्छ । चेलाहरूले पनि गुरु भेटीका रूपमा आफ्नो प्राण गुरुका खातिर चढाएर होइन, गुरुको गौरवगान, श्राद्धा र आस्था अभिव्यक्त गरेर चुकाउनु पर्छ भन्ने विचार यसरी उल्लेख गरेका छन् :

"समाजबाट मैले सिकेको छु सामाजिक प्राणी बन्न, आभारी छु म सधै त्यसप्रति मैले घातक बन्नु हुँदैन समाजको मर्यादाप्रति । यही हो मेरो गुरुभेटी । यसभन्दा पर पुगेर मेरा समाज

मेरो गुरु बनेको बुढी औंला नै माग्छ भने मैले पनि सिकेको ज्ञान आफ्नो औंलो रक्षाका निम्ति सदुपयोग गर्नुपर्छ ।"(पूर्ववत्, पृ. ४१) ।

सुवेदी भन्दछन्, "चेलाले सधैं गुरुबाट पराजित बन्नु परोस्" ज्ञान सधैं गतिवान् हुन्छ । उनका विचारमा "गुरुलाई शिष्यले पराजित गर्न सक्नुपर्दछ , पराजित गुरुहरूप्रति श्रद्धा कम हुँदैद, स्वध्यायनमा पनि गुरुश्रद्धाले ज्ञानको उत्कर्षता प्राप्त हुन सक्छ ।" गुरुहरूमा ज्ञानको उत्कर्षता र नवीनता नसहने प्रवृत्ति छ । चेलाको प्रतिभा जहाँबाट निमोठिन्छ, त्यहींबाट गुरु र ज्ञानको विनासको आरम्भ हुन्छ भन्ने विचार निबन्धकारको छ । जडीबुटी र झारफुक सम्बन्धी जानेका गुरुहरू आफूले जानेको ज्ञान अरुलाई नबताउने  र उनीहरूको अवसान सँगै ती ज्ञानहरू पनि हराएर जाने प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् । उनका विचारमा गुरुहरूमा चेलाहरूप्रति कसाइत्वको भावना हुन्छ । त्यसैले आजका गुरुहरूले आफ्नो दर्जावाल क्षेत्रमा आफ्नै चेलो प्रतिस्पर्धी हुन सक्ने शाश्त्व विचार पनि उल्लेख गरेका छन् ।

उनले निबन्धमा "एउटै समयमा दसतिर हाजिर जनाएर शिष्टता र विनय देखाउन सक्ने" भनि गुरुहरू पैसा कमाउने धन्दामा लागेका प्रति पनि तिखो व्याङ्ग्य गरेका छन् । आजकालका गुरुहरूमा पुरस्कार र सम्मानप्रति बढ्दो मोह छ । अरुको विचार साभार गरेर भएपनि पुरस्कार ग्रहण गर्न र पुरस्कारको पचास प्रतिशत भाग प्रायोजकलाई दिएर भए पनि आफ्नो विज्ञापन गर्न चाहने  प्रवृत्तिलाई उनले सरादे पण्डितका रूपमा उल्लेख गरेका छन् । चेलाहरू जुडास जस्ता, गुरुहरू द्रोणाचार्य जस्ता हुनुहुँदैन । गुरुहरूबाट ज्ञान ग्रहण गरे वापत सधैं गुरुको दासत्व चेलाले स्वीकारी रहनु पर्दैन । चेलाको मौलिकताको तेजोवध गर्नु भनेको पनि चेलाको प्रतिभा निमोठ्नु हो । आजको समयमा चेलाको प्रतिभा निमोठ्ने गुरुप्रति आफ्नै चेलो प्रतिस्पर्धी भएर निस्कन्छ भन्ने विचार पाइन्छ ।

### ४.२.८.३. प्रस्तुति/शैली

अभिव्यक्तिगत आधारमा 'वर्तमान र गुरु परम्परा' विचारात्मक निबन्ध हो । यो आत्मपरक र बौद्धिक निबन्ध हो । यसमा गुरुहरूको प्रवृत्तिको वर्णन गरिएकाले वर्णनात्मक शैली पनि अपनाइएको छ । निबन्धको आठौं र बाह्रौ अनुच्छेदमा कवितात्मक शैली पाइन्छ । आठौं र बाह्रौ अनुच्छेदलाई यसरी प्रस्तुत गर्दा कविता बन्छ :

आठौं अनुच्छेदबाट

गुरुमा द्रोणाचार्य केही मात्रामा निवास गर्छ-गर्छ
गुरु अरस्तु र प्लेटो भए पनि
अरविन्द र प्रभुदयाल भए पनि

गुरुमा द्रोणाचार्य अलिकति मुखरित हुन्छ-हुन्छ
गुरु शुक्राचार्य र सुकरात भए पनि
दयाराम श्रेष्ठ भए पनि र
दयानन्द सरस्वती भए पनि
गुरुमा अलिकति द्रोणाचार्य त प्रकट हुन्छ-हुन्छ
गुरु सुवोधनारायण भए पनि र दुर्बोधपरायण भए पनि
गुरुमा अलिकति द्रोणाचार्य त छिपेकै हुन्छ
गुरु वृहस्पति र वशिष्ट भए पनि र
गुरु व्यास र बाल्मीकि भए पनि
गुरुमा अलिकति स्वभिमान त हुन्छ-हुन्छ
गुरु विश्वामित्र भए पनि
बालकृष्ण भए पनि र
दुर्गाप्रसाद भए पनि र
देवभिशाप भए पनि ।
गुरुमा अलिकति विश्वामित्र त अल्भ्केकै हुन्छ
गुरु महर्षि व्यास भए पनि र
निर्मोही व्यास भए पनि र
सनतकुमार वस्ती भए पनि र
सौनकराज श्रावस्ती भए पनि । आदि ।

त्यसैगरी बाह्रौं अनुच्छेदमा पाइने कवितात्मक शैलीलाई पनि तल हेरौं :

वशिष्टको चेला भरद्वाजको वंशज हो
यो ज्ञानतन्तु काटिएको शिष्य
विश्वामित्रको चेलो हो
यो हो औंलो नकाटिएको एकलव्य
शुक्राचार्यको इमान्दार चेलो हो
यो वैज्ञानिक चिन्तन अन्वेषण गर्ने चेलो ।

यसरी ठाउँ-ठाउँमा कवितात्मक शैलीका कारणले निबन्ध उत्कृष्ट बनेको छ । उत्कृट मिथकहरूको प्रयोगले निबन्धलाई रोचक बनाएको छ । यसमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग

गरिएको छ । निबन्धमा व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरिएको छ । सुवेदीले द्रोणाचार्य, विश्वामित्र, दुर्वासा, वशिष्ट र दधिचि जस्ता गुरुहरूको प्रवृत्ति बोकेर हिडेका आजका गुरुहरूलाई चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । सामान्य कुरालाई विषयवस्तु बनाएर मिथ र रमरम व्यङ्ग्य सहित उत्कृष्ट र बौद्धिक प्रस्तुति दिनु निबन्धकार सुवेदीको आफ्नै निजी र नौलो शैली हो । यो निबन्धमा उत्तरआधुनिक विधा मिश्रणको शैली पनि पाइन्छ ।

### ४.२.९ 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्धको विश्लेषण

निबन्धकार राजेन्द्र सुवेदीको **म हुँ औंला नकाटिएको एकलव्य निबन्ध** सङ्ग्रहमा सङ्ग्रहीत 'म हुँ औंला नकाटिएको एकलव्य' शिर्ष निबन्ध हो । त्यसैले निबन्ध सङ्ग्रहको नाम नै यसै निबन्धको शीर्षकबाट राखिएको छ । यो पूर्वीय प्रसिद्ध एकलव्यको मिथकमा आधारित निबन्ध हो । यो मूलत : एकलव्य र द्रोणाचार्यको मिथकमा आधारित छ । यस निबन्धमा द्रोणाचार्यलाई चेलाहरूको प्रतिभा घात गर्ने गुरुका रूपमा, एकलव्यलाई गुरु भेटीका लागि आफ्नो प्रतिभा घात गरेरै भए पनि गुरु दक्षिणा प्रदान गर्ने दानी चेलाका प्रतीकका रूपमा र एकलव्यको औंलालाई चेलाहरूको प्रतिभाको प्रतीकका रूपमा देखाइएको छ ।

#### ४.२.९.१ विषयवस्तु

निबन्धकार राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' यो सङ्ग्रहकै शीर्षकसँग सम्वन्धित आत्मपरक निबन्ध हो । आज कहाँ-कहाँ र क-कसमा द्रोणाचार्य प्रवृत्ति छ । त्यस द्रोणाचार्य प्रवृत्तिबाट कुन-कुन एकलव्य रूपी चेलाहरूले आफ्नो प्रतिभा र प्रतिष्ठा गुमाउनु पर्‍यो भन्ने विषयमा आधारित छ । प्रचीन समयमा पूर्वीय सबै गुरुहरूले गुरु दक्षिणाका रूपमा कुनै न कुनै नीति अपनाएर चेलाको प्रतिभा घात हुने गरी लिने गुरु दक्षिणा लिने गरेको र द्रोणाचार्यले एकलव्यको औंला गुरु दक्षिणा वापत लिएर एकलव्यको प्रतिभा घात गरेको कुरा विभिन्न गुरु र चेलाहरूलाई देखाएर विषयवस्तुको रूपमा समेटिएको कुरा तलका पङ्तिहरूले प्रष्ट पार्छन् :

"द्रोणाचार्यले एकलव्यको मात्र हैन, विश्वमित्रले गालवको औंला काटेको छ । शुक्राचार्यले पनि वृहस्पति पुत्र कचको औंला काटेको छ । याज्ञवल्क्यबाट बालखिल्यका औंलाहरू काटिएका छन् ।"(पूर्ववत्, पृ. ४६) ।

आज द्रोणाचार्यहरूको राजनीति, साहित्य, संस्कृति, सूचना र संचार जस्ता जुनसुकै क्षेत्रमा पनि बिगबिगी भएका कुरालाई विषयवस्तुको रूपमा सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । यदि कसैले आफ्नो प्रतिभा जोगाइ राखेको भएदेखि आफ्नो निष्ठा र प्रतीभा गुमाए वापत राम्रै पदीय लाभ र दाइत्व दिने प्रलोभन समेत देखाएर द्रोणाचार्यहरू आउने गरेका कुरालाई समेत विषयवस्तुले समेटेको छ ।

यस निबन्धमा जो जाल, झेल र अरुको खुट्टा तान्ने काममा लिप्त छन् तिनलाई द्रोणाचार्य र त्यसतो जालझेलमा जो फस्छ, जो पीडित छ त्यसलाई एकलव्यका रूपमा प्रस्तुत गरिएको छ । त्यसैले जहाँ-जहाँ जालझेल छ ती सबै क्षेत्रलाई निबन्धले आफ्नो विषयवस्तु बनाएको छ । पूर्णागिरि र सुस्ताले पनि गिरिजा र मातृका रूपी द्रोणाचार्यहरूबाट आफ्नो अस्मिता गुमाउनु परेको राजनैतिक विषयवस्तुलाई निबन्धकारले यसरी विषयवस्तुका रूपमा समेटेका छन् :

"बमबहादुर बलामी र असद हुसेन बनेर पूर्णागिरि र सुस्ताको औंला जोगाउन गिरिजा र मातृकाबाट सतर्क रहनु पऱ्यो ।"(पूर्ववत्, पृ. ४७) ।

भीमसेन थापादेखि वि.सं. २०६२/६३ सालसम्म भएको जनआन्दोलनसम्मका राजनैतिक कुराहरू निबन्धका विषयवस्तु बनेका छन् । भानुभक्त आचार्य, रामलाल अधिकारी, सोमनाथ सिग्देल आदिले भोग्नु परेका समस्याले साहित्य क्षेत्रका विषयवस्तु उठान गरेको छ । भीमसेन थापा, बहादुर शाह, देव समसेर अदिले भोग्नु परेको समस्याले राजनैतिक र ऐतिहासिक विषयवस्तु समेटेको छ । चाउ इन लाई र आङ् साङ् सुची जस्ता अन्तराष्ट्रिय क्षेत्रका व्यक्तित्वहरूले भोगेका समस्याले अन्तराष्ट्रिय विषयवस्तुलाई समेटेको छ । दयानन्द सरस्वती र रामकृष्ण परमहंसको प्रसंङ्गले धार्मिक विषयवस्तुलाई समेटेको छ ।

निबन्धमा निबन्धकार सुवेदीले म पात्र मार्फत् आफ्नो प्रतिष्ठाको औंला जोगाउनका लागि भूमिगत जीवनसम्म बिताउनु परेको प्रसङ्ग समेत उल्लेख गरेका छन् । यसबाट निबन्धमा व्यक्तिगत जीवनका विषयवस्तुदेखि राजनैतिक, सामाजिक, ऐतिहासिक, धार्मिक, राष्ट्रिय, अन्तराष्ट्रिय विषयवस्तुसम्म समेटिएको छ । जसले गर्दा निबन्ध बौद्धिक र उत्कृष्ट बनेको छ ।

### ४.२. ९.२ विचार/उद्देश्य

म हुँ औंला नकाटिएको एकलव्य निबन्धकार सुवेदीको पूर्वीय मिथमा आधारित उत्कृष्ट बौद्धिक आत्मपरक निबन्ध हो । आज कुन-कुन क्षेत्रमा र कुन-कुन रूपमा द्रोणाचार्य प्रवृत्ति कसरी-कसरी हावी बन्दै गइरहेको छ भन्ने कुरालाई देखाउनु सुवेदीको प्रमुख उद्देश्य हो । उनले यस निबन्धमा द्रोणाचार्यलाई चेलाहरूको प्रतिभा घात गर्ने र अरुले आफ्नो भन्दा बढी उन्नति र प्रगति गरेको देखिनसहने मान्छेहरूका प्रतीकका रूपमा उभ्याएका छन् । एकलव्यलाई आफ्नो प्रतिभा घात गरेर भएपनि गुरुभेटीका लागि तत्पर हुने दानी चेलाको प्रतीकको रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी एकलव्यको औंलो चेलाहरूको प्रतिभाको प्रतीक हो । सुवेदीले आज जुसुकै क्षेत्रमा अरुको उन्नति र प्रगति नसहने द्रोणाचार्यहरूको बिगबिगी भएको विचार यसरी व्यक्त गरेका छन् :

"अलिकति समृद्धिको औंला अङ्कुराउन लागेको थाहा पाएपछि फेदैमा काटिदिने द्रोणाचार्यको आतङ्क बिगबिगी बढेको छ ।"(पूर्ववत्, पृ. ४७) ।

अरुको उन्नति र प्रगति देखिनसहने, अङ्कुराउन लागेको छ भने पनि फेदैमा निमोठी दिने प्रवृत्ति प्रचीन समयदेखि आज प्रयत्न चलिराखेको छ । आजसम्म प्रत्येक एकलव्यहरूले आफ्नो औंला जोगाउन मुठी पारेर हिड्नु परेको छ । एकलव्यले आफ्नो औंला जोगाउन रातको निद्रा र दिनको भोक समेत गुमाउनु परेको तितो तर यथार्थ विचार उनी निबन्धमा यसरी व्यक्त गर्दछन् :

"आदिकालदेखि वर्तमानसम्मका समयमा यस ब्रह्माण्डमा द्रोणाचार्यकै बिगबिगी छ र एकलव्यले औंला जोगाउन रातको निद्रा र दिनको भोक गुमाउनु परेको छ ।"(पूर्ववत्, पृ. ४९) ।

कुनै पनि क्षेत्रमा सफलता र उच्चता जस्ता कुराहरू अधिक साधनाबाट मात्र प्राप्त हुन्छ । उच्चता हासिल गरिहाले पनि उचाइमा सधैं टिकिरहन असाध्यै कठिन हुने विचार निबन्धकारको छ । आज कसैको प्रतिभा घात गर्नलाई केही सीप चलेन भने पदीय दायित्व दिने र भावी सन्तति सम्मको समृद्धि सुरक्षित हुने प्रलोभन सम्म देखाउन द्रोणाचार्यहरू पछि पर्दैनन् । गुरुले चेलाहरूलाई दान गर्नु पर्ने ज्ञान व्यापारीकरण भएको कुरालाई उनले निबन्धमा सुन्दर ढङ्गले यसरी व्यक्त गरेका छन् :

"ज्ञानका समग्र मूल्यहरू बुचरको मासु पसलमा सजिएका छन् । समालोचना र सौन्दर्यहरू संरचनाका टुक्रा-टुक्रा बनेर बगरेका पसलमा थिल्थिलिएका छन् ।"(पूर्ववत्, पृ. ५०) ।

आज औंला नकाटिएका एकलव्यहरूले आफ्नो औंला जोगाउन गाह्रो परिरहेको छ । द्रोणाचार्यहरू प्राज्ञिक, शैक्षिक, राजनैतिक, सामाजिक, राष्ट्रिय, अन्तराष्ट्रिय आदि जुन सुकै क्षेत्रमा यत्र तत्र सर्वत्र रहेका छन् । उनीहरू एकलव्यहरूबाट सिङ्गो जीवनको मूल्य किस्ता किस्ता रूपमा असुल्न चाहन्छन् । त्यसबाट बच्न गाह्रो भएको कुरा उनी व्यङ्ग्यात्मक रूपमा यसरी अभिव्यक्त गर्दछन् :

"द्रोणाचार्य रगतको दच्छिना असुल्छ , पसिनाको शुल्क असुल्छ, चेतनाको किस्ता असुल्छ र द्रोणाचार्य सिङ्गै जीवनको मूल्य असुल्छ । उसबाट औंला जोगाउनु भनेको कष्ट साध्यको कुरा हो । जतिखेर पनि काटिन सक्ने औंला जोगाएर धन्न पो यस अभिव्यक्तिलाई लिखित रूप दिदैंछु ।"(पूर्ववत्, पृ. ५०) ।

निबन्धकारले आफूलाई वर्तमानको औंला नकाटिएको एकलव्यको रूपमा 'म' पात्रको रूपमा प्रस्तुत गरेका छन् । उनले आफ्नो औंला सुरक्षित राख्नकै निम्ति द्रोणाचार्यहरूसँग विमति राखेका छन् । आफ्नो अस्मिता संरक्षण गर्न द्रोणाचार्यका विरुद्ध मत स्थापना गरेका छन् भने

आफ्नो पहिचान कायम गर्न बहुरूपी द्रोणाचार्यको विरुद्ध नयाँ मूल्य कायम गरेको विचार समेत उल्लेख गरेका छन् ।

### ४.२. ९.३ प्रस्तुति/ शैली

'म हुँ औंला नकाटिएको एकलव्य' आत्मपरक र बौद्धिक निबन्ध हो । पूर्वीय मिथकको प्रयोग गरेर लेखिएको **म हुँ औंला नकाटिएको एकलव्य** निबन्ध सङ्ग्रहकै शीर्षकसँग सम्वन्धित निबन्ध हो । यसमा कहाँ-कहाँ द्रोणाचार्य प्रवृत्ति छ भन्ने कुरा वर्णन गरिएकाले वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । निबन्ध मिथकमा आधारित छ । द्रोणाचार्य, एकलव्य, औंला जस्ता कुराहरूलाई प्रतीकका रूपमा प्रयोग गरिएको छ । जसले गर्दा निबन्ध बौद्धिक बनेको छ । निबन्धमा जताततै द्रोणाचार्य प्रवृत्ति हावी भएकोमा त्यस प्रति तिखो व्यङ्ग्य गरिएकाले व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरिएको छ । निबन्ध प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । निबन्धमा अरण्य, चापसायक जस्ता संस्कृत शब्द र बुचर जस्ता अङ्ग्रेजी शब्दहरू प्रयोग पनि सहज बनेको छ । पन्ध्र अनुच्छेदमा संरचित निबन्ध संक्षिप्ततामा पूर्ण छ ।

### ४.२.१० 'मरेपछि सबै लोकेन्द्र' निबन्धको विश्लेषण

राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'मरे पछि सबै लोकेन्द्र' आत्मपरक निबन्ध हो । यसमा समसामयिक विषयवस्तुलाई समेटेर चोटिलो व्यङ्ग्य गरिएको छ । यसलाई विषयवस्तु, विचार वा उद्देश्य र शैलीका आधारमा निम्न अनुसार हेर्न सकिन्छ :

### ४.२.१०.१ विषयवस्तु

सुवेदीको मरेपछि सबै लोकेन्द्र यस सङ्ग्रहमा सङ्ग्रहीत उत्कृट आत्मपरक र व्यङ्ग्यात्मक निबन्ध हो । नेपालमा वि.सं. २०६२/६३ को जनआन्दोलन पश्चात पुनः स्थापित संसदले राजतन्त्रको विधिवत अन्त्य भएको कानुनी रूपमै घोषणा गऱ्यो र राजतन्त्रको विदावारी भयो । मुलुक गणतन्त्रात्मक भयो । पछि निर्वाचित सरकारले राजा र राजपरिवारका नाममा स्थापित र विशेषगरी राज वा राजा शब्द जोडिएका केही सार्वजनिक संघ, संस्था, स्थान आदिको नाउँ परिवर्तन गऱ्यो । श्री ५ को सरकार लेखिदै आएकोमा नेपाल सरकार लेख्ने निर्णय संसद्ले गऱ्यो । केही त्यस्ता एक दुई शब्दहरू बाहाएक यी नामले के बिगारेको थियो र ? जव कि राजा र राज संस्था कै विधिवत् अन्त्य भइसकेपछि त्यसबाट डराउनु पर्ने नै के छ र ? राजा वा राज शब्द लागेका शब्दहरू लोक, जन आदिमा बद्लिएको कुरा नै निबन्धको मूल विषयवस्तु हो । निबन्धको विषयवस्तु समसामयिक छ । निबन्धकारलाई यसो गरेको मनपरेको छैन । त्यसैले यस निबन्ध मार्फत चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । यो निबन्ध एउटै मूल विषयमा केन्द्रित छ । निबन्ध आफ्नो विषयवस्तुमा सरसर्ती

बगेको छ । निबन्धमा राज वा राजा शब्द लागेका सामाजिक, पौराणिक र नैतिक , वैदिक र औपनिषदिक क्षेत्रका शब्दहरूलाई लोक वा जनमा परिवर्तन गर्ने हास्यास्पद अभियान नै चलाएको कुरा निबन्धले विषयवस्तुको रूपमा यसरी समेटिएको छ :

"राजविराज ठेगाना भएको नागरिकता र धनीपुर्जालाई "लोकविजन" बनाइदिएँ । राजारानी ठेगाना भएको अभिलेखलाई "जनलोक" बनाइदिए ।"(पूर्ववत्, पृ. ५५) ।

यसरी मुलुकलाई लोकतान्त्रिकीकरण गर्ने नाउँमा सरकारले राज र राजा शब्द जोडिएका शब्दहरूलाई जन वा लोकमा परिवर्तन गर्दैमा मुलुक पूर्ण रूपमा लोकतान्त्रिक हुँदैन । बरु यसले गर्दा सोझासाझा जनताले दुःख पाउने र राज वा राजा जोडिएका सङ्घ, सस्था आदिको नाम समेत कुरूप हुने कुरा विषयवस्तुले समेटेको छ । समसामयिक विषयवस्तुलाई समेटेकाले नै निबन्ध उत्कृष्ट बनेको छ ।

### ४.२.१०.२ विचार/उद्देश्य

मुलुकलाई लोकतान्त्रिकीकरण गर्ने नाउँमा राज र राजा शब्द लागेका शब्द जन वा लोकमा परिवर्तन गर्नु उपयुक्त नभएको विचार निबन्धकारले व्यङ्ग्यात्मक रूपमा व्यक्त गरेका छन् । राज वा राजा शब्द मानिस, सङ्घ, संस्था, पासपोर्ट, प्रमाण-पत्र, पौराणिक, औपनिषदिक, वैदिक शास्त्रहरू आदिमा जता सुकै प्रयोग भएका छन् । ती शब्दहरूलाई जन वा लोकमा परिवर्तन गर्दै जाने हो भने तिनको अर्थ र स्वरूप नै बिग्रन्छ । यसरी नाम परिर्वतन गर्दैमा मुलुक लोकतान्त्रिक हुँदैन भन्ने विचार निबन्धमा व्यङ्ग्यात्मक रूपमा जताततै आएको छ ।

राजा र राजसंस्थाको विधिवत् अन्त्य भै सकेको छ । यस अवस्थामा राजा वा राजसंस्थाको नाम जोडिएका शब्दहरूबाट डराउनु पर्ने कुनै कारण नरहेको विचार निबन्धकारको छ । जथाभावी राजा वा राज शब्दलाई परिवर्तन गर्दा सर्वसाधरण जनताले दुःख पाउनु परेको विचारलाई निबन्धकारले यसरी व्यक्त गरेका छन् :

"विदेश जाने तरखरमा लागेको म पैसा साट्ने बैङ्कमा जानु थियो । पैसा साटेर तयार हुनु थियो । पैसामा आँखा परे, त्यहाँ लेखिएको थियो -"श्री ५ को सरकारबाट जमानत प्रप्त...........रूपैयाँ तुरुन्त पाइने छ ।" नभन्दै म श्री ५ को सरकार लेखेको बैङ्कको खोजीमा भौतारिएँ । आखिरमा एउटा बुद्धि आफैं फुऱ्यो । मैलै सबै नोटको श्री ५ को सरकार लेखेका ठाउँमा टिपेक्स लगाएर 'नेपाल सरकार' लेखे ।"(पूर्ववत्, पृ. ५५) ।

निबन्धकार सुवेदीले यस निबन्धमा समय र मानिसको मानसिकतालाई विचार गरेर राज वा राजा जोडिएका शब्दहरुको प्रयोग गर्नुपर्ने नत्र यसले दुर्घटना पनि निम्त्याउन सक्ने विचार व्यङ्ग्यात्मक रूपमा यसरी प्रस्तुत गरेका छन् :

"उनले लोकतन्त्र आउनु अगिकै मन्त्र पढेको रहेछन् । मन्त्र "आब्रह्मन् ब्राह्मणो ब्रहम्बर्चसी जायतामाराष्ट्रे राजन्ये .........।" यजमानहरूले सुन्नासाथ लाठोले बाहुनलाई खेदाका रहेछन् ।"(पूर्ववत्, पृ. ५७) ।

यसरी आज सिङ्गै मुलुक फोस्रो लोकतान्त्रिकीकरण अभियानमा जुटेकाले निबन्धकारले यस निबन्धमा व्यङ्ग्यात्मक रूपमा आफ्ना विचारहरू व्यक्त गरेका छन् ।

### ४.२.१०.३ प्रस्तुति/शैली

सुवेदीको 'मरेपछि सबै लोकेन्द्र' आत्मपरक शैलीमा लेखिएको उत्कृष्ट व्यङ्ग्यात्मक निबन्ध हो । निबन्धको सुरुवात संवादात्मक शैलीमा गरिएको छ । विभिन्न घटनाहरूको वर्णन गरिएकाले वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । निबन्धमा संस्कृत र अङ्ग्रेजी भाषाका शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसले गर्दा निबन्ध झनै उत्कृष्ट बनेको छ । हाम्रो समाजमा पाइने राजा र राज जोडिएका शब्दहरुलाई विम्ब र प्रतीकका रूपमा प्रयोग गरिएको छ । यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । साना ठूला गरी पन्ध्रवटा अनुच्छेदमा संरचित छ । राज वा राजा लागेका शब्दलाई लोकतान्त्रिकीकरण गर्ने विषयवस्तु निबन्धले समेटेको छ । त्यसैले 'मरेपछि डुमै राजा' भन्ने राजा शब्द भएको उखान लोकतान्त्रिकीकरण गरेर 'मरेपछि सबै लोकेन्द्र' शीर्षक राखिएकाले शीर्षक सार्थक छ । निबन्ध सङ्क्षिप्तमा पूर्ण छ ।

## ४.२.११ 'सफ्टवेयर, दसै र मेरो कम्प्युटर माउस' निबन्धको विश्लेषण

'सफ्टवेयर, दसै र मेरो कम्प्युटर माउस' कम्प्युटरमा प्रयोग हुने प्रजेन्टेसनको नयाँ शैली अपनाएर लेखिएको उत्कृष्ट आत्मपरक निबन्ध हो । मुलुकमा वि.सं. २०६२/६३ सालको जनआन्दोलन पछि देखिएको विविध जातीय, क्षेत्रीय, लैङ्गिक आदि समस्याप्रति निबन्ध केन्द्रित छ । जसलाई निम्न आधारमा विश्लेषण गरिन्छ ।

### ४.२.११.१ विषयवस्तु

निबन्धकार राजेन्द्र सुवेदीको 'म हुँ औंला नाकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत 'सफ्टवेयर, दसै र मेरो कम्प्युटर माउस' सामाजिक र राजनैतिक विषयवस्तुमा आधारित निबन्ध हो । यसमा चाडबाडका बेलामा गरिब परिवारले झेल्नु पर्ने महंगी र अभावलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । गरिब परिवारका सदस्यहरूले नै जाँड, रक्सी खाएर तास जुवा खेल्ने गरेका तीतो यथार्थलाई पनि निबन्धले विषयवस्तुका रूपमा समेटेको छ ।

वि.सं. २०६२/६३ को जनआन्दोलन पछि मुलुकमा विभिन्न जातीय, क्षेत्रीय, लैङ्गिक आदि समस्याहरू देखापरेका छन् । तिनलाई पनि निबन्धकारले समेटेका छन् । यी राजनीतिक

विषयवस्तु हुन् । त्यसैले यस निबन्धमा सामाजिक र राजनैतिक विषयवस्तुलाई संयोजन गरेर प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ ।

सुवेदीले निबन्धको विषयवस्तुलाई प्रजेन्टेसन शैली अपनाएर प्रस्तुत गरेकाले निबन्ध झनै उत्कृष्ट बनेको छ । चाडबाडका बेलामा निम्न आय भएका वर्गका मानिसहरूलाई चाडबाडको चटारोले कसरी सताउछ ? उनीहरूलाई के कस्ता समस्याहरू पर्दछन् ? थोरै पैसाले चाडबाड मनाउन कति अप्ठ्यारो पर्छ ? तिनका छोराछोरीको चाहना कस्तो हुन्छ ? आदि विषयवस्तुलाई निबन्धले उठाएको छ । श्रीमान् पैसा कमाउन विदेश गएका बेला श्रीमतीहरूले के कस्तो शङ्का गर्दछन् । छोराछोरीका लागि खर्च गर्न पठाएको पैसा कसरी खर्च गर्छन् भन्ने विषयवस्तुलाई निबन्धमा रोचक ढङ्गले प्रस्तुत गरिएको छ । निम्न आय भएका वर्गका पुरुषहरूले रक्सी, जाँड खाएर आएपछि घरमा श्रीमतीसँग गर्ने व्यवहारलाई पनि निबन्धकारले विषयवस्तु बनाएका छन् ।

आजभोलि जताततै हुने नारा, जुलुस हड्ताल, आफ्नो मुलुकमा उत्पादन नहुने इन्धनको बढ्दो दुरुपयोगको विषयलाई पनि निबन्धमा निबन्धकारले समेटेका छन् । आजभोली राजनीतिक वृत्तमा राष्ट्रिय संवत् कुन संवत्लाई भन्ने विषयमा चर्चा र बहस भइरहन्छ । जातीय राज्यको माग पनि चर्को रूपमा उठिराखेको छ । विभिन्न जाति, धर्म र सम्प्रदायका नाममा बन्द, हड्ताल र नारा जुलुसले मानिसको दैनिक जीवनमा असर पारेको विषयलाई समेत निबन्धकारले समेटेका छन् । निबन्धलाई प्रजेन्टेसन शैलीमा प्रस्तुत गरिएकाले यी सबै विषववस्तुहरू निबन्धमा स्वाभाविक भएर आएका छन् ।

### ४.२.११.२ विचार/उद्देश्य

चाडबाडका बेलामा निम्न आय भएका वर्गका मानिसहरूले भोग्ने समस्याहरूको चिरफार गर्नु निबन्धकारको उद्देश्य हो । वि.सं. २०६२/६३ पछि नेपालमा देखा परेका जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आदि राजनैतिक समस्याहरूको चिरफार गर्नु पनि निबन्धकार सुवेदीको उद्देश्य हो । चाडबाडका बेलामा महङ्गी साह्रै बढ्ने, जति सुकै महङ्गी र अभाव भए पनि चाडबाड आइहाल्ने यथार्थ विचारलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :

"दिन दुगुना र रात चौगुना बृद्धि भएको महंगीमा पनि चाडबाड आउन विर्सिदैन । अभाव र महंगीको जम्का भेट पनि ब्रेक नियन्त्रणमा नभएका ट्रक घुम्तीमा भेट भए जस्तै चाडबाडको मुखैमा हुनुपर्ने ।" (पूर्ववत्, पृ, ५८) ।

अभाव र महंगी चाडबाडसँगै आउने भएकाले ब्रेक नियन्त्रण नभएका ट्रकको विम्बका रूपमा प्रस्तुत गरेका छन् । जस्तो सुकै अवस्थामा पनि ऋण गरेरै भएपनि मान्नै पर्ने हाम्रो सांस्कृतिक परम्परा प्रति निबन्धकार सुवेदी निबन्ध मार्फत यसरी असन्तुटी पोख्छन् :

"हाम्रो संस्कार पनि कस्तो असजिलो चाडबाडमा तडक-भडक अघिपछि हल्लनटाट ! न स्रोत न साधन, परम्पराको पालनाको नाउँमा पुरानै ठर्राको सिकार सारा समाज !(पूर्ववत्, पृ.६१) ।

यसरी चाडवाडका बेलामा निम्न आय भएका नेपाली समाजले भोग्नु परेका समस्या, तिनका बालबलिकाका इच्छा, आकांक्षा चाहनाहरूलाई निबन्धमा देखाइएको छ ।

नेपालमा लोकतान्त्रिक व्यवस्था आए पछि विभिन्न राजनैतिक समस्याहरू आए । प्रत्येक जात-जातीले आ-आफ्ना संस्कृतिक अधिकारको माग गरे । भाषिक, धार्मिक, सांस्कृतिक अधिकारको माग गरे । दिन दिनै आन्दोलन र नारा जुलुसहरू हुन थाले । यी सबै नाजायज मागहरू हुन् भन्ने निबन्धकारको विचार रहेको छ । तिनीहरूमा नैतिकता, आर्दश र निष्ठा नभएको कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् :

"अलिकति नैतिकता त यही आर्जन गर न ! नैतिकता अमेरिकाबाट अनुदान आउँदैन त । थोरै निष्ठा त कमाउन । विश्व बैङ्कबाट सहयोग आउँदैन ! केही आदर्श त जोगाई राख न ! युरोपिन सहयोग नियोगबाट आउँदैन त ! "(पूर्ववत्, पृ. ६३) ।

यसरी विभिन्न शीर्षकमा अमेरिका, जापान, विश्व बैङ्कले अनुदान दिए पनि नैतिकता, निष्ठा, आर्दश जस्ता कुराहरू अनुदानका रूपमा कहीँबाट आउँदैनन् । ती कुराहरू यही आर्जन गर्नु पर्छ । मुलुक गणतान्त्रिक भएपछि वर्षैभरि नारा, जुलुस र आन्दोलन हुन थाल्यो । विविध भाषिक सांस्कृतिक, लैङ्गिक बन्द हड्ताल भइरह्यो । यसबाट ऱ्याली गर्ने बाहाएककाले बाटोमा हिड्न पनि नपर्ने भयो । जतीयताका आधारमा राज्यको पुर्नसंरचना गरियो । यसबाट एउटै देशका नागरिकले जातीय राज्यहरूको पनि नागरिकता बनाउनु पर्ने स्थिति आउँछ । राम्रा मान्छेको भन्दा हाम्रा मान्छेको आवश्यकता टड्कारो हुन्छ । यस्तो अवस्था उपयुक्त हैन भन्ने निबन्धकार सुवेदीको विचार छ । त्यसैले यस्ता विचारभएका मान्छेको जमातलाई फोल्डरको विम्बका रूपमा प्रस्तुत गरेका छन् । त्यसैले यस्ता विचार भएका फोल्डरहरूलाई हार्डडिक्सको डस्टबिनमा पठाईदिएका छन् । यस्ता विचारहरू हार्डडिक्स जल्दा सँगै जलून् भनेर । यसलाई उनले यसरी प्रस्तुत गरेका छन् :

"पद्ममरत्न तुलाधर र मल्ल के सुन्दरको तस्विर ! अर्को फायल खुल्यो, कामतापुरी राज्य स्वायत्त प्रदेश अनि फटाफट, लिम्बुवान र खम्बुवान, ताम्सालिन र राउटे गणराज्य, लेप्चा, चेपाङ, कुसुन्डा र राउटे गणराज्य, पहाडी, मधेसी, थारुवान र भावर के के हो के के ? भाषा धर्म संस्कृति सम्प्रदाय मोर्चा लगायत फायलहरू त्यस डस्टविन मा कति हो कति देखा परे । ती सबै फायल सफ्टवेयरका उत्पादन थिए । मैले हार्ड डिक्समा पठाइदिएँ । हार्ड डिक्स जलेका बेला जलुन यिनको काम छैन ।"(पूर्ववत्, पृ. ६३) ।

उनले यस निबन्धमा व्यङ्ग्यात्मक पाराले यी सबै समस्याहरू नेतृत्व वर्गका मानिसहरूको उपज मानेका छन् । नेतृत्व वर्गका मानिसलाई उनले हार्डडिक्स निर्माताका रूपमा उल्लेख गरेका छन् । नेतृत्व वर्गको दिमाग पुरानो भइसकेको छ । त्यसैले त्यसलाई विस्थापित गरेर नयाँ बनाउनुपर्ने विचार निबन्धकार सुवेदीले उल्लेख गरेका छन् ।

### ४.२.११.३ प्रस्तुति/शैली

'सफ्टवेयर दसैं र मेरो कम्प्युटर माउस' आत्मपरक निबन्ध हो । यो निबन्धमा कम्प्युटरको पावरपाइन्ट सफ्टवेयरमा आधारित प्रजेन्टेसनको शैलीमा प्रस्तुत गरिएको छ । यो शैली नेपाली निबन्धका क्षेत्रमा नौलो प्रयोग हो । निम्न आय भएका मानिसहरुले चाडबाडका बेला भोग्नुपरेका समस्याहरू र वर्तमानमा देखिएका राजनैतिक समस्याहरूलाई प्रजेन्टेसनको शैलीमा प्रस्तुत गरेकाले निबन्ध उत्कृट बनेको छ । निबन्धको सुरुवात संवादात्मक शैलीमा गरिएको छ । कम्प्युटर र सूचना  प्रविधीका क्षेत्रमा प्रयोग हुने 'फायल', 'क्लिक,' 'हार्डडिक्स' जस्ता प्रशस्त अङ्ग्रेजी शब्द प्रयोग सहज बनेको छ । विभिन्न समस्याहरूको वर्णन गरेकाले निबन्धमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । कम्प्युटरलाई नेपाल देशको प्रतीकको रूपमा त्यसमा भएका विभिन्न फोल्डरहरूलाई जातीय, क्षेत्रीय, आदि समस्याका प्रतीकका रूपमा प्रयोग गरिएको छ । यसरी सूचना र प्रविधिक्षेत्रका वस्तुहरूलाई नेपाली निबन्ध क्षेत्रमा विम्ब र प्रतीकका रूपमा प्रयोग गर्नु पनि निबन्धकारको नौलो प्रयोग हो । लामा लामा वाक्यहरूको प्रयोग भए पनि सामान्य बोलीचालीको भाषाले निबन्ध उत्कृष्ट बनेको छ । यो निबन्ध प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ ।

### ४.२.१२ **'मुसा-मृत्यु र शवयात्रा' निबन्धको विश्लेषण**

'मुसा-मृत्यु र शवयात्रा' निबन्धकार सुवेदीको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहममा सङ्ग्रहीत आत्मकपरक निबन्ध हो । उनले यस निबन्धमा मृत्यु प्रति उब्जिएका आफ्ना अनुभूतिहरू राखेका छन् । यो सामान्य तर समसामयिक विषयमा लेखिएको निबन्ध हो । यस निबन्धलाई निम्न अनुसार विश्लेषण गरिएको छ :

### ४.२.१२.१ **विषयवस्तु**

यो 'मुसा-मृत्यु र शवयात्रा' मानिसको मृत्यु र मलाम जाँदा उत्पन्न हुने संवेदना जस्तो हेर्दा सामान्य तर गम्भिर विषयवस्तुमा लेखिएको छ । आज विश्वका हरेक कुना-कुनामा मानिसहरू विभिन्न कारणहरूले मरिराखेका छन् । नेपालमा पनि माओवादी र सरकारका बिच स-शस्त्र युद्ध हुँदा धेरै मानिसको मृत्यु भयो । मृत्युपछि शवले जुन जुन सम्मान र अधिकार पाउनु पर्ने हो, त्यो नपाएको कुरा पनि विषयवस्तुले गम्भीर रूपमा उठाएको छ । घरमा मुसा मार्दा हुने सामान्य घटना नै निबन्धको मूल विषयवस्तु हो । निबन्धकारले मान्छेको मृत्यु हुँदा

उत्पन्न हुने संवेदना र मुसा जस्तो जीवको मृत्यु हुँदा उत्पन्न हुने संवेदनालाई तुलनात्मक रूपमा प्रस्तुत गरेका छन् । निबन्धकार सुवेदीले जीवन प्रतिको दृष्टिकोण, मृत्युप्रतिको दृष्टिकोणलाई समेत विषयवस्तुमा समेट्दै यसरी प्रस्तुत गरेका छन् :

"मान्छेको जीवन स्वायत्त सम्पति हो । उसले स्वतन्त्र रूपमा उपभोग गर्न पाउनु पर्छ । जीवन र मृत्यु । मान्छेको मृत्यु नैसर्गिक हुनुपर्छ । स्वतन्त्र र स्वायत्त हुनुपर्छ ।"(पूर्ववत्, पृ.६६) ।

पहिलो पटक मलाम जाँदा उत्पन्न हुने अनुभूतिहरू, जाडो र गर्मीका दिनमा मलामा जाँदा उत्पन्न हुने अनुभूतिहरू, आफन्तको र परायाकोमा मलाम जाँदा उत्पन्न हुने अनुभूतिहरूलाई पनि निबन्धकारले विषयवस्तुका रूपमा यसरी समेटेका छन् :

"जाडाको दिनको मलामा गर्मीको जस्तो आनन्दप्रद भएन-मलामा । पराया जनको मलामा जस्तो संवेदना शून्य भएन -आफन्तको मलामा ।"(पूर्ववत्, पृ. ६९) ।

आज विश्वमा नाकाबन्दी विभिन्न नामधारी समूह र गुट, दुर्घटनाका कारण मान्छेको मृत्यु भइराखेको छ । मानिसको मृत्युको मूल्य जीवको मृत्युको मूल्य जति पनि नभएको यथार्थ विषयवस्तुलाई निबन्धकारले उठाएका छन् । बर्मा, प्यालेस्टाइन, श्रीलङ्का, इराक आदि मुलुकहरूमा द्वन्द्वका कारणले मान्छेको मृत्यु भएको विषयलाई पनि निबन्धले समेटेको छ । विभिन्न कारणले मृत्यु भएका मानिसहरूको लाशहरूले पाउनु पर्ने नैसर्गिक अधिकार एक अन्तिम संस्कारको पक्षलाई निबन्धको विषयले समेटेको छ । मानिसका शवहरूले मुसाको शवको जति पनि इज्जत, सम्मान र हैसियत प्राप्त गर्न नसकेको कुरालाई विषवस्तुका रूपमा निबन्धकार सुवेदीले यसरी समेटेका छन् :

"यस मुसाले आत्मसत् गरेको अन्तिम संस्कारको जति हैसियत प्राप्त गर्न सकेका छन् -भालुवाङमा मर्ने नेपालीहरूले ? यति अधिकार प्राप्त गरेका छन् अर्घाखाँचीमा मर्ने मान्छेहरूले ? अनि तानसेनमा मर्ने मान्छेहरूले ? यति इज्जत पाएका छन् -इलाम र बर्दियामा मारिने मान्छेहरूले ? यतिको सम्मान पाएका छन् ? झारखण्ड र जाफनामा मारिने मान्छेहरूले ?" (पूर्ववत्, पृ. ७०) ।

यसरी निबन्धकारले मान्छेको शवले प्राप्त गर्नुपर्ने श्रद्धा, सम्मान र सहानुभूति नपाएको विचारलाई विषयवस्तुमा समेटेका छन् । निबन्धको विषयवस्तु सामान्य भए पनि गम्भीर छ । निबन्धको विषयलाई प्रत्यक्ष प्रसारणको शैलीमा प्रस्तुत गरिएकाले विषयवस्तुले रोचकता प्राप्त गरेको छ । विविध कारणले विभिन्न ठाउँमा भएका मानिसको मृत्युको प्रसङ्ग पनि निबन्धमा विषयवस्तुका रूपमा सहज भएर आएको छ ।

### ४.२.१२.२ **विचार/उद्देश्य**

मानिसको मृत्यु पछि शवले पाउने मूल्यको चिरफार गर्नु 'मुसा-मृत्यु र शवयात्रा' निबन्धको मुख्य उद्देश्य हो । जीवनमा पहिलो पल्ट मलाम जाँदा उत्पन्न हुने अनुभूति, आफन्त र परायाका मलामा जाँदा उत्पन्न हुने अनुभूति र गर्मी र जाडो याममा मलाम जाँदा उत्पन्न हुने अनुभूतिहरूको विश्लेषण गर्नु पनि निबन्धकारको उद्देश्य हो । मानिसको मृत्यु मुसा-मृत्यु र शवयात्रा निबन्धको मूल विषयवस्तु हो । यस निबन्धमा मान्छेको मृत्युको मूल्य चरा, मुसा जस्ता सामान्य जीव -जन्तुको मृत्युको मूल्य जति पनि नभएको विचार निबन्धकारले व्यक्त गरेका छन् । आज मानिसहरू विभिन्न किसिमका दुर्घटना र आतङ्कका कारणले मरिराखेका छन् । ती मरेका मानिसहरूले मरेपछि पाउनुपर्ने संवेदना समेत नपाएको यथार्थ र सत्य विचार निबन्धकारले व्यक्त गरेका छन् । यस निबन्धमा निबन्धकार सुवेदीले जीवन र मृत्युप्रतिका आफ्ना दृष्टिकोण यसरी प्रस्तुत गरेका छन् :

"मान्छेको जीवन स्वयत्त सम्पत्ति हो । उसले स्वतन्त्र रूपमा उपभोग गर्न पाउनु पर्छ । जीवन र मृत्यु । मान्छेको मृत्यु नैसर्गिक हुनु पर्दछ । स्वतन्त्र र स्वायत्त हुनुपर्छ ।" (पूर्ववत्, पृ.६६) ।

उनले निबन्धमा शवयात्रालाई शवसहित गरिने यात्रा, शवको अन्तिम संस्कारलाई सत्यको अवशेष, शवको अन्तिम संस्कारको समाजिक अर्थ, शवको समुचित व्यवस्थापन, दार्शनिक अर्थ जीवनको निरन्तर नश्वरता र त्यसप्रतिके अनास्था हो । शवको समुचित व्यवस्थापनको सास्कृतिक अर्थ वर्तमानले भविष्यलाई गर्ने जीवन मूल्यको हस्तान्तरण हो भन्ने विचारलाई यसरी व्यक्त गरेका छन् :

"मृत्युपछि मान्छेले पाउनु पर्ने भोग वा सत्यको अवशेष हो -शवको अन्तिम संस्कार । त्यही संस्कारको निम्ति शवसहित गरिने यात्रा हो -शवयात्रा । शवको अन्तिम संस्कारका निम्ति गरिने यात्राको धार्मिक फल घोषणा गरिएको होला -पुण्य । अनि सामाजिक अर्थ होला -शवको समुचित व्यवस्थापन । दार्शनिक अर्थ होला -जीवनप्रतिको निरन्तर नश्वरता र त्यसप्रति मान्छेको अनास्था । सास्कृतिक अर्थ होला -हाम्रो वर्तमानले भविष्यलाई गर्ने जीवन मूल्यको हस्तान्तरण ।"(पूर्ववत्, पृ. ६६) ।

यस निबन्धमा मुसाको मृत्यु र मानिसको मृत्यु हुँदा उत्पन्न हुने संवेदनालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । मुसालाई फाल्न कै लागि भए पनि मुसाको मलाम मान्छे जान्छ तर आज विभिन्न ठाउँमा मरेका मान्छेहरूको मलाम कोहिपनि जाँदैनन् । ती मानव शवहरूले चरा, मुसा जस्तो सामान्य जीव -जन्तुहरूका शवले अन्तिम संस्कारका बेला प्राप्त गर्ने हैसियत, सम्मान, इज्जत र श्रद्धा समेत नपाएको विचार यसरी व्यक्त गरेका छन् :

"यस मुसाले आत्मसात् गरेको अन्तिम संस्कारको जति हैसियत प्राप्त गर्न सकेका छन् - भालुवाङमा मर्ने नेपालीहरूले । यति अधिकार प्राप्त गरेका छन् आर्घाखाँचिमा मर्ने नेपालीहरूले ? ................यति श्रद्धा पाएका छन् ? बग्दाद र लिमामा मर्ने मान्छेहरूले ? (पूर्ववत्, पृ. ७०) ।

निबन्धकारले मान्छेको मृत्युको पनि मूल्य हुनुपर्ने र मानव शवले उचित श्रद्धा र सम्मान पाउनुपर्ने विचार यस निबन्धमा व्यक्त गरेका छन् । मान्छेको मृत्यु पछि पनि शवले उचित सम्मान पाउनु पर्छ भन्ने नै यो निबन्धको मूल स्वर हो ।

### ४.२.१२.३ **प्रस्तुति/शैली**

राजेन्द्र सुवेदीका हरेक निबन्धमा नयाँ- नयाँ शैलीको प्रयोग गरिएको छ । यस निबन्धमा पनि कतै -कतै प्रत्यक्ष प्रसारणको शैलीको प्रयोग गरिएको छ । यो नौलो प्रयोग हो । 'मुसा - मृत्यु र शवयात्रा आत्मपरक र वैचारिक निबन्ध हो । यसमा निबन्धकारले मान्छेका शवले पाउनु पर्ने श्रद्धा र सम्मानका बारेमा आफ्ना विचारहरू राखेका छन् । यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । मुसा मार्दादेखि मलाम जाँदासम्मका विविध घटनाहरूको वर्णन गरिएकाले वर्णनात्मक शैली पनि अपनाइएको छ । विभिन्न विम्ब र प्रतीकले निबन्ध झनै उत्कृष्ट बनेको छ । मलाम जाँदाका अनुभूतिहरू निबन्धमा कतै-कतै समेटिएकाले संस्मरणात्मक पनि छ । यो निबन्धमा व्याकरणिक क्रमबद्धताका आधारमा वाक्य गठन गरिएको छैन । छोटा छोटा वाक्यहरूको प्रयोग तथा अत्यधिक अल्पविराम र योजक चिन्हको प्रयोग गरिगरी भावनाको एक झक्कालाई एक वाक्यमा प्रयोग गर्दै भाव तरङ्गको असमाप्तीसम्म एउटै वाक्य आयोजना गरेको पाइन्छ । निबन्धमा मुसामारेको मलाम गएको र मानिसको मृत्युले उब्जाउने संवेदनाका बारेमा आफ्ना विचारहरू उल्लेख गरेकाले निबन्धको शीर्षक पनि सार्थक छ । सामान्य विषयमा पनि गहन विचारहरू व्यक्त गर्न सक्नु निबन्धकार सुवेदीको आफ्नै निबन्धात्मक विशेषता हो । समग्रमा निबन्धको शैली नौलो छ ।

## ४.२.१३ 'दरिद्र नेपाली चाडबाड सम्पन्नता' निबन्धको विश्लेषण

निबन्धकार राजेज्द्र सुवेदीको 'दरिद्र नेपालीको चाडबाड सम्पन्नता' सामाजिक विषयवस्तुमा लेखिएको आत्मपरक र बौद्धिक निबन्ध हो । सुवेदीले यस निबन्धमा नेपालीहरूका चाडबाड र तिनीहरूसँगै आउने समस्याका बारेमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । दरिद्र नेपालीको चाडबाडमा सम्पन्नता निबन्धलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

### ४.२.१३.१ विषयवस्तु

यो 'दरिद्र नेपालीको चाडबाड सम्पन्नता' निबन्धको सामाजिक र सास्कृतिक विषयवस्तुमा लेखिएको बौद्धिक निबन्ध हो । नेपालीहरूले मनाउने चाडबाडसँगै भित्रिने रोग,महँगी जस्ता विविध समस्याहरूलाई निबन्धको विषयवस्तुले समेटेको छ । नेपालीहरू आर्थिक रूपले गरिब भए पनि संस्कृति र चाडबाडका दृष्टिले धनी छन् । नेपाल बहुजातीय मुलुक भएकाले यहाँ वर्षैभरी चाडबाडहरू परिहन्छन् । त्यसैले तिनै चाडबाडसँग आउने महंगीको मारमा सधै नेपाली जनता परिरहेको कुरालाई पनि विषयवस्तुका रूपमा निबन्धकारले समेटेका छन् ।

धेरै नेपालीहरू जीविकोपार्जनका निम्ति घर छोडेर पर्देसिन्छन् । प्रत्येक वर्ष चाडबाडको आगमन सँगै तिनीहरू पनि घर फर्कन्छन् । तिनीहरूसँगै महंगी रोग र रोगका कीटाणुहरू पनि आइरहेको यथार्थ विषयवस्तुलाई निबन्धले समेटेको छ । चाडबाडसँगै मीठो खाने र राम्रो लगाउने भावना सबैसँग हुन्छ । ती भावनाहरूलाई मूर्त रूप दिन आवश्यक पर्ने खसी, बोका, हाँस, कुखुरा आदि वस्तुहरू भारतीय क्षेत्रबाट आउँछन् । तिनै वस्तुहरूसँगै प्लेग, बर्डफ्लु जस्ता रोग समेत आउने गरेको यथार्थलाई निबन्धकारले यसरी निषयवस्तुमा समेटेका छन् :

"भारतीय क्षेत्रबाट खसीबोका र हाँस कुखुराको हुलमा चढेर आउने उपियाँमाथि प्लेग र बर्डफ्लु आयो । यतिले नपुगेर मैत्री, सद्भावना र आत्मीयताका नाममा वैदेशिक भक्तिभावका स्तुति पाठ भरिएका घोषणा, भाषण र नाराबाजी समेत बोकेर आयो । दीपावली र आराधनाका सामाग्रिसँग मात्र चढेर आएन चाडबाड, पहिरन र सेवाबाट आउने कपडा, फलफूल र खाद्यवस्तुका च्यापमा पसेका उडुसका पेटमा लुकेका रोगाणुसँग सुटुक्क आयो । आफ्नै दाजुभाइले बम्बई पुऱ्याएर बिक्री गरेको प्रत्यागमनसँग एड्सका कीटाणु लिएर आयो चाडबाड । खाली सिसी, पुरानाकागज र फलामका टुक्राहरू बटुल्न आउनेसँग इन्सेफ्लाइटिस र मेनान्जाइटिसका कीटाणु लिएर आयो -मुहर्रम ।" (पूर्ववत्, पृ. ७२) ।

हामीलाई चाडबाड मनाउन चाहिने वस्तुहरूको उत्पादन हामीले आफ्नै देशमा गर्न सकेका छैनौं । तीनै खाद्यवस्तु, लत्ताकपडा र फलफूलहरूसँग विभिन्न रोगका कीटाणुहरू हाम्रो देशमा भित्रिने गरेको विषयवस्तु पनि निबन्धले समेटेको छ । हाम्रै दाजुभाइले बम्बइ पुऱ्याएर बिक्री गरेका चेलीहरूसँग एड्स आएको, रिकुटेको साथमा विदेशी दासता आएको, खाली सिसी, पुराना कागज र फलामका टुक्रा बटुल्न आउनेसँग इन्सेफलाइटिस र मेनान्जाइटिसका कीटाणु आएको यथार्थ विषयलाई पनि निबन्धकारले समेटेका छन् । हामी आत्मनिर्भर नभएकाले हरेक चाडबाडहरूसँग रोगका कीटाणुहरू सिमाना पारीबाट आउँछन् । हामीले तिनै भारतीय बजारबाट ल्याएका वस्तुहरूसँग हाम्रो राष्ट्रियता खोज्नेगरेको विचार पनि निबन्धको विषयवस्तु

बनेको छ । श्रृङगारका सामानदेखि सबै बस्तुहरू भारत वा अन्य मुलुकबाट आउँछन् । अनि हामीले भव्यताका साथ चाड मनाउने गरेकाछौं । नेपाली चाडबाडहरूमा विकृति विसङ्गति भित्रिएर मौलिकता हराउदै गएको छ । स्वदेशी र घरेलु चिजविज र वस्तुहरूले नै हामीले हाम्रा चाडबडहरू मान्दा खासै फरक नपर्ने कुरालाई पनि विषयवस्तुले समेटेको छ । नेपालीहरूलाई चाडबाडले सधै सङ्कटमा पार्दै आएको र चाडबाडले अभिजात्य वर्गलाई मात्र खुसी दिन सकेको यथार्थ कुरालाई पनि निबन्धमा समेटिएको छ ।

### ४.२.१३.२ विचार/ उद्देश्य

चाडबाड मनाउने नाममा निम्न आय भएका नेपालीहरूले झेल्नु पर्ने समस्या र ती चाडबाडहरूसँगै आउने महँगी, रोग र रोगका कीटाणु, दासता अदिको चिरफार गर्नु 'दरिद्र नेपालीको चाडबाड सम्पन्नता' निबन्धमा निबन्धकारको मूल उद्देश्य हो । सास्कृतिक रूपले नेपालीहरू दरिद्र छन् । त्यसैले चाडबाडले नेपालीहरूलाई खुसी उमङ्ग मात्र दिन नसकेको विचार सुवेदीले यस निबन्धमा व्यक्त गरेका छन् । चाडबाडहरू सांस्कृतिक महत्त्वका हुन्छन् । मानिसको जीवनमा जस्तो सुकै सन्तुलन र असन्तुलन भए पनि चाडबाडहरू आइरहन्छन् । चाडबाडहरूसँग मीठो खाने, राम्रो लगाउने भावनालाई मूर्त रूप दिन चाहिने लताकपडा, फलफूल र खाद्यवस्तुहरू हामीले विदेशबाट आयात गर्नु पर्छ । ती खाद्यवस्तु, लताकपडा, फलफूल आदिसँग रोग र रोगका कीटाणुहरू पनि आइरहेका छन् । प्रत्येक वर्ष चाडबाडसँगै विदेशिएका नेपालीहरू र बेचीएका चेलीहरू घर फर्कन्छन् । तिनीहरूसँगै एड्स र दासता साथ लागेर आएको विचार निबन्धकारले यसरी व्यक्त गरेका छन् :

"आफ्नै दाजुभाइले बम्बई पुऱ्याएर बिक्री गरेको चेलीको प्रत्यागमनसँग एड्का कीटाणु लिएर आयो चाडबाड । (पूर्ववत्, पृ. ७२) ।

बाह्रै महिना आउने चाडबाडले खुसी र उमङ्ग मात्रै ल्याउँदैन । यसका साथलागेर महँङ्गी, रोग, ऋण सबै आउने विचार निबन्धकार सुवेदीले सुन्दर ढङ्गले व्यक्त गरेका छन् । हामीले चाडबाड मनाउने वस्तुहरू विदेशबाट आयात गर्नु हुँदैन । विदेशी वस्तुमा राष्ट्रियता हुँदैन । अलिकति कमसल भए पनि बरु खासै फरक पर्दैन । आफ्नै स्वदेशमा भएका वस्तुहरूले चाडबाड मनाउनु पर्छ । तिनमै राष्ट्रियता झल्किन्छ भन्ने सुन्दर विचारलाई निबन्धकारले यसरी व्यक्त गरेका छन् :

"भारतीय अबिरले मुछेका जापानी चामलको टीको नेपाली निधारमा टाँसेर राष्ट्रियता खोजिरहेछु ।"(पूर्ववत्, पृ. ७३) ।

मान्छे भनेको एउटा संस्कारको पुञ्ज हो । संस्कारविहिन मान्छे मान्छे हुन सक्दैन । मान्छेको जीवनमा संस्कार महत्त्वपूर्ण भएको विचार सुवेदीले यसरी उल्लेख गरेका छन् :

"मान्छे एउटा सस्कार त हो, प्रतिमा पुजेर आफ्नो मानसिकता प्रदर्शन गर्ने । संस्कार झिकेपछि त्यहाँ के बाँकी रहन्छ र ! "(पूर्ववत्, पृ. ७३) ।

आजभोली नेपाली चाडबाड र संस्कृतिमा विकृति र विसङ्गति भित्रिएको छ । त्यसैले चाडबाडले आफ्नो मौलिकता गुमाउँदै गएको प्रति निबन्धकार चिन्तित छन् । दसै, तिहार, छठ र इद जस्ता चाडबाडहरूलाई विभिन्न शक्ति र स्रोतका मिथक हुन् । हरेक चाडबाडहरूले मान्छेका जीवनमा संङ्कट थप्ने काम मात्र गरेको छ । पहिलेको र अहिलेको चाडबाडमा धेरै भिन्नता आइसकेको छ । आजभोली चाडबाडहरू नेपालीका घर आगनमा सुरखाको झैं मुख बाएर आउने र व्यापारी र उद्योगपतिका कन्तुरमा बस्ने कुरालाई निबन्धकार यसरी व्यक्त गर्दछन् :

"चाडबाड अब व्यापारी र उद्योगपतिका कन्तुरमा कब्जा हुन थालेको छ । वर्षको एकपल्ट आए पनि बाह्रै महिना नेपालीका थाप्लामा घोडा चढेर बस्ने चाडबाड सुरखाको मुख बाएर आएको छ ।"(पूर्ववत्, पृ. ७५) ।

नेपाल बहुजाती, बहुभाषा र बहुसंस्कृति भएको मुलुक हो । यहाँ वर्षैभरी चाडबाड, जात्रा, उत्सव र महोत्सव भइरहन्छन् । त्यसैले सम्पन्नहरूलाई पेटमा अजिर्ण भएर र विपन्नहरूलाई पेटमा खोक्रोपन र आङमा थोत्रोपन लिएर चाडबाड आउन थालेको विचार निबन्धकारले व्यक्त गरेका छन् ।

### ४.२.१३.३ **प्रस्तुति/शैली**

'दरिद्र नेपालीको चाडबाड सम्पन्नता' निबन्धकार राजेन्द्र सुवेदीको आत्मपर निबन्ध हो । यो वैचारिक र बौद्धिक निबन्ध पनि हो । यस निबन्धमा चाडबाडले गर्दा नेपालीहरूलाई परेको अप्ठ्यारो र तिनले निम्त्याएका समस्याहरूका बारेमा वर्णन गरेकाले वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । दसैलाई कसैलाई वध गर्न प्रेरित गर्ने शक्तिको एउटा मिथकको रूपमा, तिहारलाई प्रतिकुलताको विनाश गर्ने शक्तिको एउटा मिथकको रूपमा लिएझैं छठ, इद जस्ता चाडबाडहरूलाई पनि एउटा न एउटा मिथकको रूपमा निबन्धकारले प्रयोग गरेका छन् । जसले गर्दा निबन्ध उत्कृष्ट बन्न पुगेको छ । निबन्धमा व्यङ्ग्यात्मक शैलीको पनि प्रशस्त प्रयोग गरिएको छ । यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ । निबन्धमा नेपालीहरूले जसरी भए पनि चाडबाड भव्यताका साथ मनाउने विचारलाई व्यक्त गरेकाले निबन्धको शीर्षक दरिद्र नेपालीको चाडबाड सम्पन्नता सार्थक छ । निबन्धमा सरल संयुक्त वक्यहरूको बाहुल्यता छ । निबन्धमा विम्ब र प्रतीक विधानको प्रयोगले पनि निबन्ध रोचक बनेको छ । विभिन्न ठाउँमा प्रकृतिको सुन्दर तर छोटो वर्णनले निबन्धको शैली उत्कृष्ट बनेको छ ।

### ४.२.१४ 'गर्न धेरै धेरै बाँकी छ' निबन्धको विश्लेषण

निबन्धकार राजेन्द्र सुवेदीको 'गर्न धेरै धेरै बाँकी छ' निबन्ध 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत छ । यो आत्मपरक निबन्ध हो । गीतको एउटा सानो अंश 'मर्न बाँकी छ' भन्ने शब्द सुनेपछि आफ्नो मनमा उत्पन्न भएका विचारहरूलाई सुवेदीले निबन्धको रूप दिएका छन् । यो निबन्धको विश्लेषण निम्न अनुसार गरिन्छ :

#### ४.२.१४.१ **विषयवस्तु**

रेडियोबाट बजिरहेको गीतमा 'मर्न बाँकी छ' भन्ने अंश सुनेपछि निबन्धकारका मनमा उत्पन्न भएका विचारहरू नै 'गर्न धेरै धेरै बाँकी छ' निबन्धको मूल विषयवस्तु हो । मान्छेको जीवनमा धेरै काम गर्न बाँकी हुन्छन् । मान्छेका इच्छा र चाहनाहरू कहिल्यै पनि पुरा हुँदैनन् । मर्नु कुनै कामै होइन भन्ने विचारलाई यो निबन्धको विषयवस्तुले समेटेको छ । संसारलाई मर्नेहरूले होइन काम गर्नेहरूले अदलबदल पार्छन । मर्न मात्र बाँकी देख्नु भनेको जीवनदेखिको पलायन र वितृष्णा हो । हामीले समाजमा जहिले पनि असल काम गर्नु पर्छ । असल काम गर्ने मान्छेहरू नै यस संसारमा शताब्दीयौंसम्म बाँचिरहने यथार्थ कुरालाई विषयवस्तुले समेटेको छ । यस निबन्धको विषयवस्तु झिनो भए पनि वैचारिकताका दृष्टिले उत्कृष्ट छ । निबन्धकारले जीवनमा गर्न बाँकी देखेका कामहरूको फेरिहस्त नै यस निबन्धको मूल विषयवस्तु हो । निबन्धको विषयवस्तुले काम गर्नेहरूका पक्षमा आवाज उठाएको छ । हाम्रो मुलुक आज पछि परेको विषयलाई पनि निबन्धले उठाएको छ । एउटा नेताले गर्ने, प्रोफेसरले गर्ने, लेखकले गर्ने कामको फेरिहस्त प्रस्तुत गर्दै नेताहरूले गरेका कामको व्यङ्ग्यात्मक प्रस्तुति पनि निबन्धको विषयवस्तुले समेटेको छ ।

मानिसले गर्नुपर्ने कामको प्रकृति इतिहास बनेर रहने किसिमको हुनुपर्छ । मानिसले गर्ने कामले समाजमा भविष्यमा सुन्दर रूपाकृति हुन सक्ने, स्वस्थ र सभ्य समाजको निर्माण गर्न सक्ने, विश्वमा बन्धुत्वको चिन्तन विस्तारित गर्न सक्ने, विश्वभर मानवताको सञ्चार गराउन सक्ने हुनुपर्ने कुरा पनि विषयवस्तुले समेटेको छ । एउटा सानो गीतको अंश 'गर्न धेरै धेरै बाँकी छ' बाट निबन्धको विषयवस्तु उठान भए पनि सामाजिक, राजनीतिक, शैक्षिक, पारिवारिक आदि सबै क्षेत्रमा बाँकी रहेका कामहरूको चार्चा परिचर्चा गरिएकाले विषयवस्तुले व्यापक क्षेत्र ओगटेको छ ।

#### ४.२.१४.२ **विचार/उद्देश्य**

मान्छेले जीवनमा गर्नुपर्ने काम र कर्तव्य प्रति सचेत पार्दै जीवनदेखि पलायन भएका र वितृष्णा उत्पन्न भएकाहरूलाई जीवनप्रति आशावादी बनाउने निबन्धकारको उद्देश्य हो । सृष्टिको नियम मर्नमा मात्र परिभाषित हुँदैन । संसार गर्नेहरूको हो । हामी मरेपछि हामीले गरेका कामहरू नै बाँकी रहन्छन् । हाम्रा अगाडि हाम्रा अदि पुर्खाहरूले छोडेर गएका धेरै कामहरू बाँकी छन् । आज संसार अदलवदल हुनुको कारण पनि गर्नेहरूले गर्दा हो भन्ने विचारलाई निबन्धकार यसरी व्यक्त गर्दछन् :

"प्रत्येक पुस्ताको बाँकी रहेको छैन मराइको काम । बाँकी त रहेको छ - गराइ नै । संसारको अनुहार अदलबदल भइरहेछ मराइले होइन गराइले नै ।"(पूर्ववत्, पृ. ७७) ।

निबन्धकारले संसार एउटा रिले दौड हो । यसमा एउटा पुस्ता दौडको मैदानबाट किनारा लाग्ने वित्तिकै अर्को पुस्ता दौडमा सामेल हुन आइपुग्छ । यसो नभएको खण्डमा समग्र सिर्जना ध्वस्त हुन्छ । मर्नमात्र बाँकी देख्नु भनेको जीवनप्रतिको वितृष्णा हो । हाम्रो राष्ट्र पछि परेको पनि काम नगरेरै हो भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ ।

सभ्यता, शान्ति, आदर्श, मर्यादा, शिक्षा, साहित्य, कला आदिका क्षेत्रमा बुद्ध, युधिष्ठिर, सीता, भृकुटी, सुकरात, प्लेटो, होमर आदिले गरेजस्तै शताब्दियौंसम्म सम्भिmरहन पुग्ने काम हामीले गर्नु पर्छ । आफ्ना आफन्त र परिवारका लागि मात्र नगरेर समाजको उत्थान हुने सामाजिक काम गर्नुपर्ने विचार निबन्धकारले व्यक्त गरेका छन् । हामीले वर्तमानमा केही काम गरे भविष्यमा सुन्दर, सभ्य र स्वथ्य समाजको निमार्ण हुने विचार निबन्धकार सुवेदीले यसरी व्यक्त गरेका छन् :

"मैले वर्तमानमा केही गरेँ भने समाजको रूपाकृति भविष्यमा सुन्दर हुन सक्छ । सभ्य र स्वस्थ समाजको निर्माण हुन सक्छ  तर त्यो सबै काम बाँकी छ । मैले गरे भने विश्वमा बन्धुत्वको चिन्तन विस्तारित हुन सक्छ -त्यति पनि बाँकी छ । मैले गरेँ भने हुन सक्ने मानवताको संसार विश्वभर झाङ्गिन सक्छ -त्यो पनि बाँकी छ ।"(पूर्ववत्, पृ. ७९) ।

यसरी निबन्धकार सुवेदीले हामीले चाहेका खण्डमा सबै काम गर्न सक्छौं । हामी समाजका लागि धेरै काम गर्न सक्छौं । मर्नु भनेको जीवनबाट पलायन हुनु र काम गर्न वितृष्णा जाग्नु हो भन्ने विचार व्यक्त गरेका छन् ।

### ४.२.१४.३ **प्रस्तुति/शैली**

'गर्न धेरै धेरै बाँकी छ' निबन्धकार राजेन्द्र सुवेदीको बौद्धिक, चिन्तनप्रधान निबन्ध हो । प्रस्तुत निबन्धमा मानिसले गर्न बाँकी रहेका काम र कामका प्रकृतिहरूको वर्णनात्मक र विवरणात्मक प्रस्तुति पाइन्छ । विभिन्न क्षेत्रमा कार्यरत मानिसहरूले गर्ने काम र निबन्धकार स्वयम्ले गर्नुपर्ने कामको फेहरिस्त प्रस्तुत गर्दा निजात्मक रङ्ग दिने काम समेत निबन्धमा गरिएकाले वस्तुपरकता र निजात्मकताको मिश्रित प्रस्तुति यस निबन्धमा भएको छ । बौद्धिकता र चिन्तनशिलताले यस निबन्धको शैली ओजपूर्ण बनेको छ । तत्सम र तद्भव शब्दको सन्तुलित प्रयोग भएकाले यस निबन्धमा मान्छेले गर्न बाँकी रहेका कामको वर्णन तथा विश्लेषणका सन्दर्भमा आगन्तुक शब्दहरूको प्रयोग पनि यथोचित मात्रामा गरिएको छ । नेपालीहरूले काम नगरेर पछि  परेका र नेपालीहरूको काम नगर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यो निबन्ध प्रथम पुरुष दृष्टिविन्दु शैलीमा संरचित छ । यो निबन्धमा व्याकरणिक दृष्टिले कर्ता, कर्म र क्रिया क्रमश : मिलेको वाक्यात्मक संरचना नभई काव्यात्मक वाक्यहरू छन् । विविध विम्ब र प्रतीकहरूको प्रयोग पनि उचित किसिमले गरिएको छ । निबन्धमा गर्न बाँकी रहेका कामहरूको फेहरिस्त काव्यात्मक रूपमा गरिएकाले निबन्धको शीर्षक पनि सार्थक छ ।

परिच्छेद पाँच

# निष्कर्ष र मूल्याङ्कन

## ५.१ मूल्याङ्कन

समग्रमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहको अध्ययनबाट आधुनिक नेपाली निबन्धको विकासमा यस कृतिले पुऱ्याएको योगदान तथा नेपाली निबन्ध परम्परामा राजेन्द्र सुवेदीको स्थानलाई निम्न रूपमा मूल्याङ्कन गर्न सकिन्छ :

**(क) आधुनिक नेपाली निबन्धगत कृतिहरूमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहको स्थान**

शारदा(१९९१) मा प्रकााशित लक्ष्मी प्रसाद देवकोटाको 'आषाढको पन्ध्र'(१९९२) सँगै नेपाली निबन्धले आधुनिकता प्राप्त गऱ्यो । समाजमा बढ्दो विकृति, शोषण, उत्पीडन र विसङ्गतिका व्यापक पक्षहरूको प्रस्तुति, आनुभूति, अनुभव र रागात्मक संवेदनाका प्रस्तुति एवम् जीवनको व्यापक पक्षहरूको प्रतिपादन जस्ता आधुनिक निबन्धका उल्लेखनीय प्रवृत्तिहरू उनका निबन्धमा पाइन्छ । यसै समयमा नेपाली निबन्धले अन्तर्राष्ट्रिय स्तर समेत प्राप्त गऱ्यो । यसै गरी आफ्नै सम्पादकत्वमा 'साहित्यस्रोत'(२००४) प्रकाशित गर्दै नौला बान्की भएका निजात्मक निबन्धहरू लिएर हृदयचन्द्र सिंह प्रधान देखापरे । उनका निबन्धमा कवितात्मक गद्य, प्रतीकात्मक प्रस्तुति, राजनैतिक, सामाजिक र आर्थिक विसङ्गतिका पक्षहरूको व्यङ्ग्यात्मक प्रस्तुतीकरण गर्ने नव गद्यात्मक रचना सृजना जस्ता विशेषताहरू पाइन्छन् । श्यामप्रसाद शर्माले वैचारिक प्रतिपादन, वर्गीय विषमताप्रतिको निराकरण, रुढिग्रस्त चिन्तनको विद्रोह, सामाजिक समताको अव्हान, सुललित र रागात्मक गद्य लेखन, वैज्ञानिक विश्व दृष्टिकोणको स्थापना जस्ता विशेषताहरू थपे । यसै समयमा देवकोटा र हृदयचन्द्रसिंह प्रधानले क्रान्तिकारी र प्रगतिशील निबन्धहरूको रचना गरे । यो क्रम रूपरेखा(२०१७) पत्रिका प्रकाशन पूर्वसम्म रह्यो । रूपरेखा पत्रिका मार्फत प्रयोगशिल निबन्ध लेखनको थालनी भयो । उनले नेपाली निबन्धको विषय र शैली दुवै क्षेत्रमा नौलो प्रायोग गरे । उनका निबन्धमा लयात्मक, चित्रात्मक र काव्यात्मक भाषाको प्रयोग पाइन्छ । बौद्धिकता, चिन्ताशिलता र प्रयोगधर्मिता नेपाली निबन्धमा हास्यव्यङ्ग्य फाँटलाई स्थापित गर्न भैरव अर्याल आफ्ना निबन्धमा हाँसो र व्यङ्ग्यको सन्तुलन सहित हँसाउँदै र व्यङ्ग्य गर्दै आए । यो क्रम वि.सं. २०४६ साल सम्म रह्यो । प्रजातन्त्रको पुनर्बहालीसँगै भाषा, संस्कृति र परम्परामा आएको विकृति, वैदेशिक अतिक्रमण, विश्व परिवेश, विरोधाभाषपूर्ण मान्छेका गराइ र बोलाइ, राजनीतिक विकृति, सामाजिक विकृतिप्रति रुमानी

व्यङ्ग्यको प्रयोगका साथै समसामयिक चेतनाको आङ्कलन जस्ता प्रवृत्तिहरूलाई समेट्दै अभि सुवेदी, माधव प्रसाद पोखरेल, युवराज नयाँघरे, नरनाथ लुइटेल, कृष्ण धरावासी जस्ता निबन्धकारहरू देखा परे ।

माधव प्रसाद पोखेलका निबन्धमा संस्मरणको विश्लेषणात्मक टिप्पणी र प्रतिक्रियाको जलप दिदै कौतुहल प्रदान गर्ने शैली भेटिन्छ (शर्मा,२०६३:४९) । उनका 'छोरीहरू पढ्न मान्दैनन्', 'मेरो आदर्श', 'एक छिनमा गर्छु' जस्ता निबन्धहरूमा नेपाली समाज भित्रका विसङ्गतिहरूको गम्भीर टिप्पणी भएको देखिन्छ । समाजले भोगेका यथार्थ र सिकेको आदर्श पोखेलका निबन्धमा जीवन्त भएर आएका छन् । (सुवेदी,२०५८:१८४) । अभि सुवेदीको 'कार्पेट रङगिएको आकाश'(२०५६) निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरूमा वस्तु तथ्यप्रति बौद्धिक विश्लेषण गर्ने प्रवृत्ति पाइन्छ भने समसामयिक विषयमा रुमानी व्यङ्ग्य गर्नु उनको शैली हो (शर्मा,२०६३:५०) । अभि सुवेदी पाश्चात्य मिथकमा आधारित भएर निबन्ध रचना गर्दछन् ।

राजेन्द्र सुवेदी यसै समयमा देखापरेका प्रगतिवादी चेतनाबाट प्रभावित निबन्धकार हुन् । उनले निबन्धमा सूचना र सञ्चारका क्षेत्रमा प्रयोग हुने पावर पोइन्ट जस्ता शैलीको नौलो र पृथक किसिमको प्रयोग गरेका छन् । गीतका सामान्य अंशदेखि राजनीतिक, सामाजिक आदि विषयवस्तुमा समेत निबन्ध रचना गर्नु सुवेदीको खुबी हो । सरल भाषाशैलीको प्रयोग, विषयवस्तुप्रति तर्क, विचार र चिन्तनको समन्वय आयामगत सङ्क्षिप्तता लयात्मक, रागात्मक एवम् उत्तर आधुनिक शैलीको प्रयोग जस्ता विशेषताहरू सुवेदीका निबन्धमा पाइन्छन् । यिनी पूर्वीय मिथकमा आधारित भएर निबन्ध रचना  गर्दछन् ।

राजेन्द्र सुवेदीका निबन्धमा नयाँ-नयाँ प्रयोग चेत र व्यङ्ग्य चेत यथार्थवादी ढङ्गले प्रस्तुत भएको छ । यात्रा निबन्ध र वैचारिक निबन्ध दुवैलाई आत्मसात् गर्दै यस विधामा लागेका सुवेदीका  हरेक निबन्धहरूले समकालीन राजनीतिक विद्रुपता र सांस्कृतिक स्खलनयुक्त पात्र र परिवेशप्रति विद्रोह गरेका छन् । आफ्ना दाजु पुस्ताहरूको पद चिन्ह पहिल्याएर मात्र होइन त्यो पदलाई अझ स्पष्ट, फराकिलो र विचारले सुसज्जित पार्नेकाम गर्नुका साथै सुवेदीले निबन्धमा एउटा फरक शैली र प्रयोगलाई उठान गर्ने निबन्धकारका रूपमा नेपाली आधुनिक समसामयिक निबन्धका फाँटमा आफ्नो अगल पहिचान कायम गरेका छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजित छ । यस शोध पत्रको पहिलो परिच्छेदमा शोधपत्रको प्रयोजन, समस्या, उद्देश्य, पूर्वकार्यको विवरण, औचित्य, सीमाङ्कन, शोधविधि र रूपरेखाको परिचय दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहका लेखक राजेन्द्र सुवेदीको रचनाधर्मिता प्रस्तुत गरिएको छ । यस अन्तर्गत निबन्धकार सुवेदीको जन्म, शिक्षदीक्षा, साहित्य लेखन प्रारम्भ र प्रेरणा, उनका प्रकाशित कृतिहरू, जागिरे जीवन, संस्थागत जिम्मेवारी निर्वाहका क्रममा देखाएको सक्रियता, सम्पादन र प्रकाशनका क्षेत्रमा देखाएको सक्रियाता, साहित्यिक व्यक्तित्व आदिका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा निबन्धको सैद्धान्तिक रूपरेखाको चर्चा गरिएको छ । यस अन्तर्गत निबन्धको व्युत्पत्ति र अर्थ, निबन्ध शब्दको अर्थ, निबन्धको पाश्चात्य दृष्टिकोण, निबन्धको परिभाषा, निबन्ध र प्रबन्ध, निबन्ध र प्रबन्धबिच भिन्नता, निबन्धका तत्त्वहरू, निबन्धको वर्गीकरण र नेपाली निबन्धको विकासक्रमको चर्चा गरिएको छ ।

प्रस्तुत शोघपत्रको चौथो परिच्छेदमा 'राजेन्द्र सुवेदीको निबन्धकारिता र 'म हुँ औंला नकाटिको एकलव्य' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गरिएको छ । यही नै यस सङ्ग्रहको महत्त्वपूर्ण परिच्छेद हो । यस परिच्छेदमा निबन्धका आधारभूत तत्त्वका आधारमा 'म हुँ औंला नकाटिएको एकालव्य' निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ । समग्रमा यस निबन्ध सङ्ग्रहको अध्ययन पछि बुँदागत रूपमा निम्न निष्कर्ष निस्किन्छ :

१. 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहका लेखक राजेन्द्र सुवेदी हुन् ।
२. यो निबन्ध सङ्ग्रहको प्रथम संस्करण वि. सं.२०६५ सालमा पाठ्यसामग्री पसल, घण्टाघर, काठमाडौंबाट प्रकाशित भएको हो ।
३. यस निबन्ध सङ्ग्रहमा निबन्धकार राजेन्द्र सुवेदीका चौधवटा निबन्धहरू संकलित छन् ।
४. प्रस्तुत निबन्ध सङ्ग्रह २१×१३ सेन्टिमिटरको साइजको कागजमा जम्माजम्मी ८० पृष्ठमा संरचित छ ।
५. यस निबन्ध सङ्ग्रहको शीर्षक यसै कृति भित्र सङ्कलित 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहसँग सम्बन्धित छ ।
६. यस सङ्ग्रह भित्रका निबन्धमा वैयक्तिक जीवन, समाज, संस्कृति, राजनीति, द्वन्द्व, लोकतन्त्र, गणतन्त्र, सामाजिक विकृति इतिहास, पुराण, पुराकथा, प्रकृति जस्ता कुरालाई विषयवस्तु बनाइएको छ ।
७. मार्क्सवाद, यथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद जस्ता दर्शन र सिद्धान्तका सापेक्षतामा विषयवस्तुको प्रस्तुतीकरण यस निबन्ध सङ्ग्रहको विशेषता हो ।
८. भ्रष्टाचारमुक्त, नैतिक जिम्मेवारीयुक्त, मानवता, भातृत्व, सहअस्तित्वको भावना यस निबन्ध सङ्ग्रहको सन्देश हो ।
९. निबन्धको शीर्षक, विषयवस्तु, विचार, शिल्प र भाषाशैलीगत प्रयोगशीलता भएको निबन्ध सङ्ग्रह हो ।
१०. समाजमा देखिएका सामाजिक विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्य यस निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको वैशिष्ट्य हो ।

११. आत्मपरक तथा निजात्मक प्रयोगशील रचना शैली यसको प्रमुख प्रस्तुतिगत पहिचान हो ।

१२. वैचारिकता, बौद्धिकता, तार्किकता, प्रयोगशीलता, प्रतीकात्मकता, भाषिक शुद्धता र काव्यात्मकता यस सङ्ग्रहको भाषाशैलीगत पहिचान हुन् ।

१३. सङ्क्षिप्तता भित्र पूर्णता र कम्प्युटरमा प्रयोग हुने 'प्रजेन्टेसन शैली' को चित्र कथात्मक शैलीको प्रस्तुति तथा अभिव्यक्तिगत सुस्पष्टताका साथै नवीन प्रयोगले गर्दा यो निबन्ध सङ्ग्रहले उच्चता प्रप्त गरेको छ ।

## ५.३ 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रह भित्र अध्ययन गर्न सकिने सम्भावित क्षेत्रहरू

यस शोधपत्रमा म हुँ औंलानकाटिएको एकलव्य निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको विषयवस्तु, विचार/उद्देश्य र प्रस्तुति/शैलीका आधारमा मोटामोटी अध्ययन गरिएको छ । यसबाट यस कृतिमा सङ्ग्रहीत निबन्धहरूका विषयवस्तु, विचार/उद्देश्य र प्रस्तुति/शैलीका बारेमा बुझ्न सकिने भए तापनि यतिले मात्र यस कृतिको समग्र अध्ययन पूर्ण भएको छैन । मिथक र विम्बहरूको प्रचुर प्रयोग गर्दै सरल भाषाशैलीमा समाजका विविध क्षेत्रमा देखिएका कमीकमजोरीहरूप्रति व्यङ्ग्य गरिएको राजेन्द्र सुवेदीको यो कृतिको विश्लेषणका निम्ति निम्न पक्षहरूमा कृतिपरक समालोचनाको बाटो प्रशस्त हुने सम्भावना देखिन्छ ।

(क) **'म हुँ औंला नकाएिको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरूमा पाइने व्यङ्ग्य चेत**

व्यङ्ग्य चेतना एवम् शैलीका दृष्टिले विशेष भूमिका रहेको 'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरूमा पाइने व्यङ्ग्य चेतना सूक्ष्म रूपमा अध्ययन गरी निबन्धहरूको विश्लेषण गर्ने प्रशस्त सम्भावना देखिन्छ ।

(ख) **'म हुँ औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरूको प्रयोग पक्ष**

सूचना र सञ्चारका क्षेत्रमा भित्रिएका प्रविधिहरूलाई निबन्धका क्षेत्रमा पनि प्रयोग गर्ने र नौला- नौला प्रयोगहरू गर्न रूचाउने निबन्धका सुवेदीले प्रस्तुत कृतिमा सङ्ग्रहीत निबन्धहरूमा प्रजेन्टेसन, सम्वादात्मक, संस्मरणात्मक, प्रत्यक्ष प्रसारण आदि शैलीहरूको नौलो र सफल प्रयोग गरेका छन् । प्रस्तुत कृतिमा सङ्ग्रहीत निबन्धहरूमा तिनै प्रयोगका पक्षहरूको सुक्ष्म अध्ययन गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

(ग) **पूर्वीय मिथकका सापेक्षतामा 'म हुँ औंला नकाटिएको एकलव्य' निवन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धहरूको चिन्तन पक्ष**

राजेन्द्र सुवेदीको 'म हुं औंला नकाटिएको एकलव्य' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत अधिकाङ्श निबन्धहरूमा आफ्नो चिन्तन पूर्वीय मिथकका सापेक्षतामा गरेका छन् । प्रस्तुत कृतिमा सङ्ग्रहीत निबन्धहरूको चिन्तन पक्षको सूक्ष्म रूपमा अध्ययन तिनै पूर्वीय मिथकहरूको सापेक्षतामा गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

# परिशिष्ट

(प्रस्तुत शोधपत्रका शोधनायक एवम् **म हुँ औंला नकाटिएको एकलव्य** निबन्ध सङ्ग्रहमा लेखक राजेन्द्र सुवेदीसँग गरिएको साक्षतकार यहाँ प्रस्तुत गरिएको छ । )

१. तपाईंको जन्म र जन्मस्थान एवम् बाल्यकालका बारेमा बताइदिनोस् न ।

वि.सं. २००२ साल साउन १९ गते पाँचथर जिल्लाको अमरपुर गा.वि.स. वडा न. ६ त्यतिखेरको आङबुङ गाउँमा भएको हो । ग्रामीण समाजका अन्य बालकहरूले झैं मेरो पनि बाल्यकाल खेलकुद गरेर बित्यो । खेल्न, अलिअलि बद्‌मासी गर्न र ढाँट्न रमाइलो लाग्थ्यो । सानातिना बद्‌मासी गर्ने र ढाँट्ने जस्ता बद्‌मासीहरू घर बाहिर नभएर घर भित्र नै सीमित हुन्थ्यो । तर यो बाल्यकार सधै स्वतन्त्र रहेन । शिक्षादीक्षा र अनुशासनको नाउँमा घरमै पठनपाठन सुरु भएपछि बालकको स्वतन्त्र जीवन पनि पिञ्जराको बन्दी झै हुँदोरहेछ । त्यो स्थिति मेरो पनि भयो ।

२. तपाईंको शैक्षिक स्थितिको बारेमा बताइदिनुहोस् न ।

मेरो शैक्षिक स्थितिका बारेमा मैले जान्ने भएपछि सुनेको हुँ । तीन वर्ष सुरु भएपछि अक्षर आरम्भ गरियो । मैले कसरी अक्षर चिनें ? मैले कसरी प्रारम्भिक हिसावका विधिहरू सिकें ? पञ्चाङ्गका पात्रो हेर्ने विधिहरू सिकें ? त्यो मलाई थाहा छैन । तर मैले थाहा पाउँदा यी सबै कुराहरू जान्दथें । म पाँच वर्ष भैसके पछिका कुराहरू राम्ररी सम्झन्छु । त्यस पछिको हकमा मलाई संस्कृतका रुद्री, चण्डी र गीता जस्ता पाठहरू पढाइयो । म दस वर्षको भएपछि विद्यालय पठाइएँ । कुरा वि.सं. १०१२ सालको हो । नजिकै एउटा निजी स्तरको अङ्ग्रेजी विद्यालय खुल्यो । सिलिगुडीबाट ल्याइएका वंगाली चिदानन्द मास्टरसँग अङ्ग्रेजीको कक्षा पाँचको पाठ पहिलो पल्ट पढेको छु । उनले मेरो घरायसी शिक्षा पनि पाँच कक्षाको योग्य ठाने क्यारे । एक वर्ष मात्र मैले त्यस विद्यालयमा पढें र विद्यालय पनि पाँच कक्षा मै सीमित थियो । त्यस पछिको अध्ययन मेरो संस्कृत साहित्य र व्याकरणको भयो ।

वि.सं. २०१६ सालामा नजिकै अमरपुर मिडिल इङ्गलिस स्कुल खुल्यो । त्यसको माथिल्लो कक्षा आठमा भर्ना भएर त्यो कक्षा उत्तीर्ण गरें । त्यसपछि म बनारस गएँ र बी.ए. र शास्त्री दुइटै कक्षा उत्तीर्ण गरे । त्यसपछि मैले २०२८-३० सालमा नेपालीमा एम्.ए. उत्तीर्ण गरे । मेरो औपचारिक शिक्षाको परम्परा यति नै हो ।

३. यहाँलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्ने प्रेरणा कहाँबाट कसरी प्राप्त भयो ?

मलाई सिर्जनाको क्षेत्रमा दजिलिङ्ग बस्दा पारसमणि प्रधान र डिल्लिराम तिमल्सिनाको सम्पर्कबाट प्रेरणा मिलेको हो । निबन्ध र कविताबाट मैले लेखन सुरु गरेको हुँ । बनारसमा

बस्दा हिन्दी साहित्य पढाउने गुरु द्विजेन्द्रनाथ मिश्र'निगुर्ण'का प्रयोगवादी कथालेखनबाट प्रेरित भएर मैले केही कथा पनि लेखें । ती बनारसबाट प्रकाशित हुने केही पत्रपत्रिकाहरूमा छापिए ।

४. म हुँ औंला नकाटिएको निबन्ध सङ्ग्रहको रचनागर्भ के हो ?

यस भित्र धेरै रचनाहरू छन् । निबन्धको रचनागर्भ कथा र उपन्यासको जस्तो एउटै र ठोस हुँदैन । विशेषगरी यस सङ्ग्रहमा वि.सं.२०५५ पछि विकसित बनेका नेपाली समाजका परिधिमा देखा परेका आर्थिक, समाजिक, सांस्कृति र राजनीतिक जस्ता विषयमा विकसित भएका विसङ्गतिहरू नै यस सङ्ग्रहका निबन्धका भ्रुणहरू हुन् । ती भ्रुणहरू नै निबन्ध बनेर प्रकट भएका छन् ।

५. तपाईं कुन समय र परिवेशमा लेख्न रुचाउनु हुन्छ ?

पछिल्लो समयमा म सिर्जनात्मक लेखनहरू कम्प्युटरमा पहिलो पल्ट नै टाइप गर्छु र त्यो समय मेरो बिहान तिन बजेदेखि छ बजेसम्मको हुन्छ । बेलुका कुनै विवश स्थिति आयो भने मात्र लेख्छु । समालोचना चाहि म जुनसुकै समयमा पनि समाग्री सङ्लन गर्छु र अवकास मिलेको दिन दिनभरी पनि लेख्छु । म जस्तो सुकै परिवेशमा पनि लेख्न सक्छु । मलाई हल्ला नाचगान आदिले अवरोध गर्दैन ।

६. के-कस्ता घटना एवम् विषयवस्तुले तपाईंलाई निबन्ध लेख्न घच्घच्याउँछ ?

यस प्रश्नको उत्तर प्रश्न चारमा उल्लेख भए अनुसार हुन सक्छ । समाजिक विसङ्गति नै मेरा लेखनका विषयहरू हुन् ।

७. तपाईंका सिर्जनात्मक र समालोचनात्मक लेखनले एक अर्कालाई कतिको न्याय गरेको जस्तो लग्छ ?

यो पाठकले भन्ने कुरा हो । म सिर्जनात्मक लेखनमा पनि समीक्षकको आँखा कसरी पर्न सक्छ भन्ने दृष्टि दिन्छु । भरिसक टिप्पणीका कोण रहन दिन्न । यसो गरिरहँदा म आफ्नै रचनाको पनि समीक्षक बनेको हुन्छु । यसो हुँदाहुँदै पनि मेरा सिर्जनामा भावना र संवेग कम छैन भन्ने लाग्दैन ।

८. वर्तमान समयमा के कसरी दिनहरू व्यतीत गर्दै हुनुहुन्छ ?

वर्तमान समयमा लेखन, प्रकाशन, सामाजिक कार्यक्रम, बौद्धिक अन्तरक्रियामा सहभागी हुन्छु । रिटायर भए पनि रिटायर जीवन बिताउन पाएको छैन ।

९. तपाईं किन लेख्नु हुन्छ र तपाईंको विचारमा साहित्य के हो ?

समाजका विभिन्न पक्षहरूको प्रगति र उत्थानका निमित्त साहित्यले गहन भूमिका निवार्ह गर्छ, त्यही प्रयोजनका निमित्त म लेख्ने गर्छु । कला विहीन चिन्तनले मान्छेलाई वस्तु बनाउँछ र कलायुक्त चिन्तनले मान्छेलाई मान्छे बनाउँछ । यस कारण म मान्छेलाई मान्छे बनाउन लेख्छु ।

१०. वर्तमान समयमा अन्तर्राष्ट्रिय निबन्ध साहित्यको तुलानामा नेपाली निबन्ध साहित्यको स्थान कहाँ नेर छ  र यसको भविष्य कस्तो देख्नु हुन्छ ?

साहित्यको भविष्य जहिलेसुकै पनि उत्कृष्ट रहन्छ । जहाँसम्म नेपाली निबन्ध साहित्यको प्रश्न छ । विश्व साहित्यमा विकसित भएका विचार, कला र भावनाका पक्षहरूले गर्दा नेपाली निबन्ध साहित्य पनि अन्तराष्ट्रिय स्तरमा पुगेको छ । नेपाली निबन्ध साहित्यमा विभिन्न विदेशी साहित्यकारहरूले गरेका शोध र अनुसन्धानबाट यो कुरा प्रस्ट हुन्छ ।

११. साहित्यमा राजनीति हुनु यहाँलाई कतिको उपयुक्त लाग्छ ?

राजनीति मुक्त समाज संसारमा कहीपनि हुँदैन । साहित्य समाज निरपेक्ष हुँदैन तर साहित्यमा राजनीति नारामा नभएर कलामा प्रकट हुनुपर्छ । राजनीतिमा विद्वेषको भावना प्रकट भयो भने नारा हुन्छ । राजनीति विचारको तहमा प्रकट भयो भने कला हुन्छ ।

१२. वर्तमान समयमा के-कसरी दिनहरू व्यतीत गर्दै हुनुहुन्छ ?

वर्तमान समयमा लेखन, अध्ययन गरेर नै दिनहरू बितिरहेका छन् । एउटा ‘आत्मनिमार्ण’ नामक महाकाव्य र ‘निबन्ध किशोर’ नामक निबन्ध सङ्ग्रहको काम गर्दै छु ।

१३. यहाँलाई भन्न मन लागेका र सोध्न भुलेका कुराहरू केही छन् कि ?

समाजलाई अग्रगति दिनका निमित्त स्रष्टाको महत्त्वपूर्ण भूमिका रहन्छ । जुन समाजका शासकहरूले स्रष्टा र सिर्जनालाई अनुत्पादक ठान्छन् त्यस समाजको विकास हुँदैन । जुन समाजका शासकले सिर्जनालाई सम्मान गर्छन्, त्यो समाजको विकास हुन्छ ।

आफ्नो महत्त्वपूर्ण कार्यव्यस्ताका बावजुदपनि अन्तर्वाताकालागि समय प्रदान गरिदिनु भएकोमा यहाँलाई धन्यवाद ।

मिति :- वि.सं. २०६८ साल मंसिर ११ गते आइतबार ।

...............

राजेन्द्र सुवेदी

# सन्दर्भग्रन्थ सूची

## पुस्तकहरू


उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य-प्रकाश**, (छैटौँ सं.),ललितपुर : साझा प्रकाशन ।

गोयन्दका, जयदयाल (२०६६), **श्रीमद्भगवद्गीता**, (तिरसट्ठीऔँ सं.), गोरखपुर : गीताप्रेस ।

जोशी कुमारबहादुर (२०६६), **पाश्चात्य साहित्यका प्रमुख वाद,**(पाँचौं सं.), ललितपुर : साझा प्रकाशन ।

द्विवेदी, हरिहरनाथ (१९७१), **निबंध : सिद्धांन्त और प्रयोग**, पटना : विहार हिंदी ग्रंथ अकादमी ।

पोखरेल, प्रा. बालकृष्ण (२०२७), **कलेज स्तरका निबन्धै निबन्ध**, काठमाडौं : सहयोगी प्रकाशन, ।

पोखरेल, भानुभक्त (२०५७), **सहित्यिक अनुशीलन**, (दो.सं.), ललितपुर : साझा प्रकाशन, ।

बराल, डा. ईश्वर,(सम्पा) (२०३०), गौतम, देवीप्रसाद र **सयपत्री**,( ते.सं.), काठमाडौं : साझा प्रकाशन ।

खगेन्द्र प्रसाद लुइटेल (२०५४), **नेपाली निबन्ध**, काठमाडौं : नवीन प्रकाशन ।

सुवेदी, राजेन्द्र(२०४९), **खाली शिशी पुराना कागज**, काठमाडौं : पाठ्य सामग्री पसल ।

......................(२०५४), **मेरो यात्रा : मेरो परिवेशभित्र**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

........................(२०५६), **अब मेरो क्यासेट बन्द हुन्छ**, ललितपुर : साझा प्रकाशन

.........................(२०५८), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**(ते.सं.), ललितपुर : साझा प्रकाशन ।

...........................(२०६३), **स्नातकोत्तर नेपाली निबन्ध**(सम्पादन),(चौ. सं.), काठमाडौं : पाठ्य सामग्री पसल ।

........................ (२०६५), **म हुँ औंला नकाटिएको एकलव्य**, काठमाडौं : पाठ्य सामग्री पसल ।

………………(२०६५),		**गुडबाइ ! छोडिजानेहरूलाई** !!, काठमाडौं, पाठ्य सामग्री पसल ।

शर्मा, मोहनराज र
खगेन्द्र प्रसाद लुइटेल (२०६१),		**पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपिकृष्ण (२०६३),		**नेपाली निबन्ध परिचय**(चौधौ सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज
र दयाराम श्रेष्ठ (२०४६),		**नेपाली साहित्यको संक्षिप्त इतिहास** (तृ.सं.), ललितपुर :साझा प्रकाशन ।

**पत्रपत्रिका**

गौतम, डा. लक्ष्मणप्रसाद,		'विद्यामिश्रण र स्मृतिविम्बको नैबन्धिक कृति : गुडबाइ ! छोडिजानेहरूलाई !!' **'ज्योति'**, वर्ष ६, पूर्णाङ्क ८, साउन, २०६६ ।

ढकाल, रजनी,		'छोडिजानेहरूसँग बाचेको सम्झना', **'मधुपर्क'**, पुस, २०६६ ।

**शोधपत्र**

अर्याल, नेत्रलाल (२०६४),		**'पाइला आगतमा टेकेर' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन**, स्नातकोत्तर शोधपत्र (अप्रकाशित), काठमाडौं : त्रि.वि. ।

सुवेदी, हेमराज (२०५५),		**राजेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**,स्नातकोतर शोधपत्र (अप्रकाशित), काठमाडौं : त्रि.वि. ।

शर्मा, गोविन्दप्रसाद (२०६५),		**हरि मञ्जुश्रीको निबन्धकारिता**, स्नातकोत्तर शोधपत्र ( प्रकाशित), काठमाडौं : त्रि.वि. ।

दाहाल, लक्ष्मण (२०६०),		**'एबस्ट्रयाक्ट चिन्तन : प्याज' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन,** स्नातकोत्तर शोधपत्र (अप्रकाशित), काठमाडौं : त्रि.वि. ।

## शोध नायकको तस्बिर



प्रा.राजेन्द्र सुवेदी